सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com


२७ वैशाख २०८२, शनिबार (10 May 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक २७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ भ्रष्टाचारका फैसला कार्यान्वयनमा विलम्ब

एक दशकपछि खाताको नगद र लकरको सुन जफत

सेयर पनि जफतको तयारी

■ कसको कति जफत ?




- सडक विभागका पूर्वमहानिर्देशक दिवंगत आनन्दप्रसाद खनाल : **१४ लाख नौ सय रुपैयाँ**

(लकरमा रहेको मूल्यांकनको समयअनुसारको २ लाख ४२ हजार ७८६ रुपैयाँबराबरको सुन पनि जफत प्रक्रियामा)

- कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्का : **७ लाख ५२ हजार रुपैयाँ**
- वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदी **१२ लाख ५४ हजार रुपैयाँ**
- मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्का **२४ लाख ११ हजार रुपैयाँ**
- भन्सारका पूर्वनायु दिवंगत केदारनाथ ढुंगाना **८ लाख ५२ हजार रुपैयाँ**

अन्य लगानी पनि खोजी गरिरहेका छौं



- **सुरेश पन्थी**, महानिर्देशक, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सर्वोच्चबाट दोषी ठहर भएकाहरूको घरजग्गासँगै बैंकमा रहेको निक्षेप र लकरको सुन जफत गरेका छौं। सेयर तथा अन्य लगानी पनि खोजी गरी जफत गर्ने प्रक्रिया अघि बढाएका छौं।

नवराज मैनाली / नयाँ पत्रिका

भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले दोषी ठहर गरेको करिब एक दशकपछि पूर्वमन्त्री र पूर्वकर्मचारीहरूको बैंक खातामा रहेको नगद र लकरको सुन जफत भएको छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले पाँचजनाको बैंक खाताबाट करिब ६५ लाख रुपैयाँ नगद जफत गरेको हो।

बैंकको लकरमा रहेको सुन र विभिन्न कम्पनीमा रहेको सेयर पनि जफत गर्ने अन्तिम चरणमा पुगेको विभागले जनाएको छ।

पूर्वगृहमन्त्री खुमबहादुर खड्का, पूर्वसहसचिव आनन्दप्रसाद खनाल, नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदी, मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्का र भन्सारका पूर्वनायबसुब्बा केदारनाथ ढुंगाना तथा उनीहरूको परिवारको नाममा बैंक खातामा रहेको नगद अदालतको फैसलाअनुसार जफत गरिएको विभागका महानिर्देशक सुरेश पन्थीले बताए। 'मुद्दा दायर भएको वेलादेखि बढे-बढाएको रकमसमेत खोजी गरी जफत गरिएको छ,' उनले भने, 'थप फैसला अध्ययन गरी कार्यान्वयनको कामलाई तीव्रता दिएका छौं।'

पूर्वगृहमन्त्री खड्काकी पत्नी सीतादेवी खड्काको युनाइटेड फाइनान्समा रहेको सात लाख ५२ हजार १३७ रुपैयाँ विभागले जफत गरेर आफ्नो खातामा ल्याएको छ। ३० साउन ०६९ मा सर्वोच्च अदालतले खड्कालाई दोषी ठहर गरेको थियो। तत्कालीन न्यायाधीशद्वय कल्याण श्रेष्ठ र बैजनाथ उपाध्यायको इजलासले उनको सानेपास्थित डेढ रोपनी जग्गा र अर्को जग्गाबाट २० लाख ५६ हजार ९८७ रुपैयाँबराबरको जग्गाको भागहिस्सा तथा बैंक खाताको केही निक्षेप जफत गर्ने फैसला गरेको थियो। जग्गा भने अझै जफत भइसकेको छैन।

■ दुई महिनाअघि जफत गरिएका घरजग्गा अझै खाली गराउन सकिएन

२० लाख ५६ हजार भने खुमबहादुरको परिवारले हाल बैंक खातामा दाखिला गरेको विभागले जनाएको छ। सर्वोच्चको फैसलामा २० लाख ५६ हजारबराबरको जग्गा जफत गर्न भनेकोमा हालै सरकारले पैसा दिएर जग्गा राख्न पाउने गरी कानुन संशोधन गरेपछि उनीहरूले पैसा जम्मा गरेका हुन्।

त्यस्तै, सडक विभागका पूर्वमहानिर्देशक आनन्दप्रसाद खनालको १४ लाख ९९८ रुपैयाँ नगद जफत भएको छ। उनको बैंक खातामा नाममा रहेको आठ लाख ७५ हजार ६० रुपैयाँ र परिवारका सदस्यको नाममा रहेको पाँच लाख २५ हजार जफत भएको हो।

खनालको स्ट्यान्डर्ड चार्टर्ड बैंकमा एक


» पृष्ठ २ मा क्रमशः

■ अध्यादेशकै विवादास्पद प्रावधान राखेर भूमि विधेयक संसद्मा

हदबन्दी बढीको जग्गा बिक्री गर्न दिने र सार्वजनिक जग्गा पनि बाँड्ने प्रपञ्च

केही भूमाफिया र निश्चित घरजग्गा व्यवसायीको स्वार्थअनुसार विधेयकमा राखियो यस्ता प्रावधान

यम बम / नयाँ पत्रिका



सरकारले यसअघि अध्यादेशमा समावेश विवादास्पद प्रावधानहरू नै राखेर भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संसद्मा लगेको छ। घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान विधेयकमा छन्। केही भूमाफिया र निश्चित घरजग्गा व्यवसायीको स्वार्थअनुसार विधेयकमा यस्तो व्यवस्था राखिएको स्रोत बताउँछ।

यसअघि गत २ माघमा सरकारले यिनै प्रावधान राखेर भूमिसम्बन्धी अध्यादेश ल्याएपछि विपक्षी दलहरूले मात्रै होइन, सत्तारूढ लोसपाले समेत विरोध जनाएको थियो। राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपालको अडानका कारण त्यतिखेर अध्यादेश तुहिएको थियो। अहिले पुरानै विवादास्पद प्रावधान राखेर भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले २३ वैशाखमा प्रतिनिधिसभामा विधेयक प्रस्तुत गरेका छन्। जसमार्फत भूमिसम्बन्धी ऐन, २०२१ का चारवटा बुँदा संशोधनको प्रस्ताव गरिएको छ।

विधेयक हुबहु पास भएमा घरजग्गा व्यवसाय गर्न अनुमति लिएका कम्पनीले सूचित आदेश (मन्त्रिपरिषद्को निर्णय)ले तोकेको हदबन्दीभित्रको जग्गाको विकास गरी घरघडेरी बनाएर बिक्री गर्न पाउनेछन्। त्यस्तै, कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट

» पृष्ठ २ मा क्रमशः

■ कृषि क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिने प्रावधान

विधेयकमा आवासीय क्षेत्रमा वर्गीकरणमा नपरेका जग्गा पनि कित्ताकाट गरेर बिक्री गर्न दिने प्रावधान गरिएको छ। दफा १२ को छ (३) मा भनिएको छ, 'तर, स्थानीय भूउपभोग परिषद्बाट भूउपयोग क्षेत्र वर्गीकरण हुनुअगावै अनुमति लिई खरिद गरेको जग्गा आवासीय क्षेत्र वा व्यावसायिक क्षेत्रबाहेकको क्षेत्रमा वर्गीकरण भएको रहेछ भने त्यस्तो जग्गा मन्त्रालयको स्वीकृति लिई ससिम वा कित्ताकाट गरी बिक्री गर्न बाधा पर्नेछैन।' यो प्रावधानअनुसार कृषि क्षेत्रको जग्गा पनि व्यवसायीले कित्ताकाट गरेर बिक्री गर्न पाउनेछन्। केही घरजग्गा व्यवसायीको स्वार्थ पूर्तिका लागि यो प्रावधान थपिएको भूमि व्यवस्था मन्त्रालय स्रोत बताउँछ। जबकि व्यावसायिक र आवासीय क्षेत्रबाहेकको जग्गा कित्ताकाट गरेर बेच्न पाइँदैन। कित्ताकाटअगाडि खरिद गरिएको अवस्था भनेर सुविधा दिन लागिएको छ।

भूमि व्यवस्थामन्त्रीको दाबी- दुरुपयोग हुँदैन



भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले भने अव्यवस्थित बसोबासीलाई राजस्व लिएर व्यवस्थित गर्न खोजिएको दाबी गरे। 'अव्यवस्थित बसोबासीलाई जग्गा दिने आधार घटाएर सहज बनाउन खोजेका हौं, दुरुपयोग हुँदैन,' उनले भने, 'एक ठाउँमा नम्बरी जग्गा छ, तर अन्यत्र ऐलानी खेत जोतेको छ भने त्यो जग्गा राजस्व लिएर उसैलाई दिन्छौं। तर, कम्तीमा १० वर्षदेखि भोगचलन भएको हुनुपर्छ।' विधेयकले व्यवसायका नाममा लिएको जग्गालाई घरघडेरी बनाएर बेच्न दिन खोजिएको बताए।

- रिट निवेदकसमेत रहेका अधिवक्ता ओमप्रकाश अर्याल भन्छन्-

सर्वोच्चको फैसलाले प्रतिपादन गरेको नजिर उल्लंघन हुने गरी संसद्ले ऐन बनाउन मिल्दैन



हदबन्दीभन्दा बढीको जग्गा अन्य प्रयोजनमा लैजान मिल्दैन, त्यस्तो जग्गा राज्यका नाममा जफत गर्न भनेर सर्वोच्चले व्याख्या गरिसकेको छ। फेरि त्यही प्रावधान समेट्ने गरी ऐनमा आयो भने भोलि अदालतले बदर गर्ने सम्भावना हुन्छ। भूमि तीन तहका सरकारको क्षेत्राधिकारको विषय पनि हो, साझा अधिकारका विषयमा ऐन बनाउँदा प्रदेशसँग समन्वय गर्न पनि अदालतले भनेको छ।

भूमिहीन दलितले केही नपाउने भए



- **राजकिशोर यादव**, सांसद, जसपा नेपाल

भूमाफिया, अवैध रूपमा कब्जा गरेर बसेकालाई जंगलको जग्गा दिन मिल्ने गरी विधेयक ल्याइएको छ। मधेशका भूमिहीन, मुसहर, डोमलगायतले केही नपाउने अनि निश्चित वर्गविशेषलाई हेरेर भोटबैंक बनाउन मिल्दैन। हामी संशोधन हाल्छौं।

विधेयकले बिचौलिया, जग्गा दलाल र नाफाखोरलाई मात्र समेट्छ



- **सर्वेन्द्रनाथ शुक्ल**, सांसद, लोसपा

अध्यादेश आउँदा पनि हाम्रो विरोध कन्टेन्टमा थियो। अहिले पनि कन्टेन्टमै जान्छौं। विधेयकको प्रस्तावित प्रावधानले बिचौलिया, जग्गा दलाल र नाफाखोरलाई मात्र समेट्छ। सही मानेमा सुकुम्बासी समस्या समाधान गर्दैन।

सार्वजनिक जग्गा दुरुपयोगको जोखिम बढाउँछ



- **दिलराज खनाल**, अधिवक्ता

अव्यवस्थित बसोबासीलाई जग्गा दिँदा हेर्ने मुख्य आधार नै अन्यत्र जग्गा भए-नभएको थियो। तर, अहिलेको प्रस्तावित विधेयकले सहजै बाँड्ने आधार खडा गर्न खोजेको छ। यसले सार्वजनिक जग्गाको दुरुपयोगको जोखिम बढाएको देखिन्छ। सुकुम्बासी, दलित भूमिहीन र विस्थापितको पुनर्स्थापना भन् पर धकेलिने भयो।

■ शान्तिको पक्षमा प्रदर्शन



'शान्तिको कुनै विकल्प हुँदैन,' 'युद्धमा कसैले पनि जित्दैनन्, पराजित केवल मानवता हुने गर्दछ' भन्ने नारासहित मानव अधिकार तथा शान्ति समाजले युद्धलाई बढावा दिने काम तत्काल रोक्न र शान्ति प्रवर्द्धन गर्न भारत र पाकिस्तानलाई आग्रह गर्दै शुक्रबार दुवै देशका दूतावासअगाडि प्रदर्शन गरेका छन्। तस्बिर : **संजित परियार**

झ्ण्याँ

प्रगतिशील साहित्यका अग्ला प्रदीप



अभिच्युअरी

निष्ठावान् बहुआयामिक जीवनवादी प्रतिभाको देहान्त

- शुरोजंग पाण्डे



भारत र पाकिस्तानले यसअघि नै लडेका चार ठुला युद्ध

- क्यालम सदरल्यान्ड

'द वायर'माथि भारत सरकारको बन्देज

प्रेस स्वतन्त्रताको संवैधानिक अधिकारको उल्लंघन गर्दै भारत सरकारले 'द वायर'माथि बन्देज लगाएको छ, यस्तो वेला निष्पक्ष समाचार र सूचनाका स्रोत सबैभन्दा ठुला सम्पत्ति हुन्, हामी यस्तो सेन्सरसिपको विरोध गर्छौं : द वायर

एजेन्सी

भारत सरकारले अनलाइन सञ्चारमाध्यम द वायरको वेबसाइटमा प्रयोगकर्ताहरूको पहुँच रोकेको छ। सूचना तथा प्रसारण मन्त्रालयको निर्देशनअनुसार इन्टरनेट सेवा प्रदायकहरूले यो जानकारी दिएको द वायरका सम्पादक सिद्धार्थ बर्धराजनले बताएका छन्।

सञ्चारमाध्यममाथि नियन्त्रण गर्ने भारत सरकारको यो कदमको आलोचना भएको छ। वायरले वक्तव्य जारी गरी सरकारको यो कदमले संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रताको ठाडो उल्लंघन भएको जनाएको छ। 'द वायरलाई जानकारी आएको छ कि सूचना तथा प्रसारण मन्त्रालयको आदेशअनुसार वेबसाइटमा रोक लगाइएको छ। विभिन्न इन्टरनेट सेवा प्रदायकहरूले यो भनिरहेका छन्,' दा वायरले समाचार लेखेको छ।

भारतीय कम्युनिस्ट पार्टीका महासचिव डी. राजाले सूचना तथा प्रसारणमन्त्रीलाई चिठी लेखेर यसको विरोध गरेका छन्। समाचार संस्थाहरू डिजिपब, चेन्नई प्रेस क्लब तथा सरकारका

» पृष्ठ २ मा क्रमशः



प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप बन्द गर्न माग



- **एमके स्टालिन**, मुख्यमन्त्री, तमिलनाडु

मलाई आशा छ कि केन्द्र सरकारले द वायरमाथिको पहुँच रोक्ने कदममा पुनर्विचार गर्नेछ। विश्वको ठुलो लोकतन्त्रमा प्रेस स्वतन्त्रताको घाँटी थिच्न नदिइयोस्।



- **मेहबुबा मुफ्ती**, पूर्वमुख्यमन्त्री, जम्मु-कस्मिर

युद्धको समयमा सत्यकै पहिलो हताहती हुन्छ। यो केवल गैरजिम्मेवार मात्र होइन, तर खतरनाक कार्य हो। यस्तो महत्त्वपूर्ण समयमा द वायरजस्ता जनमतलाई सूचित गर्न र आकार दिन महत्त्वपूर्ण भूमिका खेल्ने स्वतन्त्र र विश्वसनीय प्लाटफर्महरूलाई प्रतिबन्ध लगाएर हामी आवाजहरू मात्र सेन्सर गरिरहेका छैनौं, तर साँचो पत्रकारिताको कफिनमा अन्तिम किला पनि ठोकिरहेका छौं।

- डिजिपब, डिजिटल समाचार वेबसाइटहरूको समूह, चेन्नई प्रेस क्लब, शिक्षाविद् तथा विचारकहरूको समूह काफिलाले प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप बन्द गर्न माग गरेका छन्

■ नेपालीको सुरक्षाबारे सरकारलाई संसद्को ध्यानाकर्षण

भारत र पाकिस्तानमा रहेका नेपालीको सुरक्षाका लागि प्रतिनिधिसभाले सरकारको ध्यानाकर्षण गराएको छ। शुक्रबारको बैठकमा सांसदहरूले रुलिङको माग गरेपछि सभामुख देवराज घिमिरेले ध्यानाकर्षण गराएका हुन्। 'भारत र पाकिस्तानबिच सिर्जित अवस्थालाई दृष्टिगत गर्दै त्यहाँ बस्ने सम्पूर्ण नेपालीको सुरक्षालगायत पर्न सक्ने सम्भावित समस्याप्रति आवश्यक व्यवस्थापन गर्न/गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउँछु,' उनले भने।

■ आतंकवादविरुद्ध नेपालको अडानमा भारत खुसी



राजदूतले प्रधानमन्त्रीलाई भेटेर दिए धन्यवाद पृष्ठ २

असारभित्र आठ वर्ष पुराना मुद्दा शून्यमा झार्ने प्रधानन्यायाधीशको दाबी

नयाँ पत्रिका



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पछिल्लो समय पुराना मुद्दा फर्स्यौटमा उल्लेख्य प्रगति भएको बताएका छन्। कानुन दिवसका अवसरमा सर्वोच्च अदालतले आयोजना गरेको कार्यक्रममा उनले सर्वोच्चमा रहेका आठ वर्ष नाघेका मुद्दा आगामी असार मसान्तभित्र शून्यमा झार्ने लक्ष्यसहित काम भइरहेको बताए।

०८३ असारभित्र पाँच वर्षभन्दा पुराना मुद्दा शून्यमा झार्ने लक्ष्य रहेको उनले सुनाए। 'सर्वोच्च अदालतको समग्र मुद्दा फर्स्यौट प्रतिशतमा समेत विगत वर्षको तुलनामा पछिल्लो तीन वर्षदेखि संख्यात्मक वृद्धि भई पुराना बक्यौता मुद्दा उल्लेख्य रूपमा घट्न गएको छ। साथै, उच्च अदालत एवं जिल्ला अदालतले दुई वर्ष नाघेका पुराना मुद्दालाई शून्य बनाउने र जुनसुकै मुद्दालाई पनि अठार (१८) महिना नाघ्न नदिने लक्ष्यमा अधिकाधिक सफलता हासिल भएको तथ्यांकहरूले देखाइरहेका छन्,' उनले भने। गत २ चैतदेखि उपभोक्ता अदालत र २ वैशाखदेखि बाल अदालत सञ्चालनमा आएको भन्दै न्यायालयको लक्ष्य प्राप्ति सुधारोन्मुख भएको प्रधानन्यायाधीशको भनाइ छ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उम्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आतंकवादविरुद्ध नेपालको अडानमा भारत खुसी, राजदूतले प्रधानमन्त्रीलाई भेटेर दिए धन्यवाद

नयाँ पत्रिका

९ वैशाखमा भारतको जम्मु-कस्मिरस्थित पहलगाममा भएको आतंककारी हमलाविरुद्ध र आतंकवादविरुद्ध भारतको कारबाहीका पक्षमा नेपालले ऐक्यबद्धता जनाएकोमा भारतले खुसी व्यक्त गरेको छ। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले आतंकवादविरुद्ध नेपालको ऐक्यबद्धताका लागि शुक्रबार प्रधानमन्त्री केपी ओलीलाई भेटेर धन्यवाद दिएका छन्।

प्रधानमन्त्रीनिवासमा भएको भेटमा राजदूत श्रीवास्तवले पछिल्लो घटनाक्रमबारे जानकारी गराएका थिए। 'भारतको पहलगाममा गत २२ अप्रिलमा भएको आतंकवादी आक्रमणका कारण भारत-पाकिस्तानबिच उत्पन्न पछिल्लो तनाव र घटनाक्रमबारे राजदूत श्रीवास्तवले प्रधानमन्त्री ओलीलाई जानकारी गराउनुभएको थियो,' प्रधानमन्त्री ओलीको सचिवालयद्वारा जारी प्रेस नोटमा भनिएको छ, 'उहाँ (राजदूत)ले आक्रमण भएको ठाउँमा भारतले जवाफी कारबाही गरेको, तर जेट हमला गरेको भन्ने प्रचार सत्य नभएको स्पष्ट गर्नुभयो। राजदूत श्रीवास्तवले उक्त घटनाका सम्बन्धमा नेपाल सरकारबाट बिहीबार सार्वजनिक भएको वक्तव्यप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो।'

प्रधानमन्त्री ओलीले भारतीय राजदूत श्रीवास्तवलाई नेपाल विश्व शान्तिका पक्षमा रहेको उल्लेख गर्दै सबै प्रकारका आतंकवादविरुद्ध आफ्नो दृढ अडानअनुरूप उक्त आतंकवादी हमलाको भर्त्सना गरेको बताए। उनले कुनै पनि द्वन्द्वरत शक्तिलाई आफ्ना छिमेकी राष्ट्रविरुद्ध नेपाली भूमि प्रयोग गर्न नदिने स्पष्ट पारेको पनि सचिवालयले जनाएको छ।

शुक्रबार नै भारतीय राजदूतावासमा केही पत्रकारसँगको छलफलमा पनि राजदूत श्रीवास्तवले प्रधानमन्त्रीलाई भेटेर धन्यवाद दिएको बताए। 'नेपालको अडानप्रति हामी स्वाभाविक रूपमा खुसी छौँ,' राजदूत श्रीवास्तवले भने, 'मैले सरकारका तर्फबाट प्रधानमन्त्रीलाई धन्यवाद दिएँ र कुराकानी गरेँ।' राजदूत श्रीवास्तवले तनाव अन्त्यको चाबी पाकिस्तानसँग रहेको टिप्पणी गरे। 'भारतले पहलगाम आतंककारी घटनाको बदलामा आतंकवादविरुद्ध जवाफी हमला गरेको हो, त्यहाँका सेना वा नागरिकविरुद्ध गरेको होइन,' उनले भने, 'अब के चाहने भन्ने पाकिस्तानको हातमा छ।' उनले भारत-पाकिस्तान तनावका कारण नेपालसँग आपूर्तिलाइन प्रभावित नहुने स्पष्ट पारेका छन्।

निजामती विधेयकको प्रतिवेदन तयार, आइतबार समितिमा पेस हुने

नयाँ पत्रिका

संघीय निजामती सेवा विधेयकको प्रतिवेदन प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा तयार भएको छ। लामो विवाद र छलफलपछि उपसमिति गठन गरी विधेयकको प्रतिवेदन तयार गरिएको हो। आइतबार उक्त प्रतिवेदन दफावार छलफल र निर्णयका लागि समितिमा पेस गर्ने समय तालिका छ।



समितिका सचिव सुरजकुमार दुराले विधेयकको प्रतिवेदन टुंगिएको नयाँ पत्रिकालाई बताए। 'मस्यौदा तयार भएको छ,' उनले भने, 'प्रतिवेदन आइतबार समितिमा पेस हुन्छ।' विधयेकका व्यवस्थामा लगभग सहमति कायम गरेरै मस्यौदा प्रतिवेदन तयार गरिएको छ। समितिले चित्त नबुझाए वा आवश्यक ठाने प्रतिवेदन संशोधन पनि हुन सक्ने सचिव दुराले बताए। सरोकारवालासँगको छलफलपछि प्रतिवेदन बनाइएको हो।

राजनीतिक अनिच्छा र कर्मचारी तथा प्रशासकका अनेकौं स्वार्थ एवं दबाबले संविधान जारी भएको १० वर्ष पुग्न लाग्दासमेत संघीय निजामती ऐन जारी हुन सकेको छैन। ऐन नहुँदा संघदेखि स्थानीय तहसम्मै प्रशासनिक व्यवस्थापन कठिनाइ बढेका छन्। विधेयक पास गर्न पटक-पटक भएका प्रयास पनि सफल भएका छैनन्। विधेयक पछिल्लोपटक संसद्मा दर्ता भएको पनि एक वर्ष नाघिसकेको छ।

विधेयकमा कुलिङ पिरियड, ट्रेड युनियन, अतिरिक्त सचिव, पदपूर्तिसम्बन्धीका व्यवस्था, विभिन्न सेवा-समूहका कर्मचारीको बढुवालगायत करिब दर्जन विषय पेचिला छन्। यसका लागि उपसमिति नै गठन गरेर सहमतिको प्रयास गरिएको थियो। विधेयकमा मोटामोटी सहमति जुटेपछि प्रतिवेदन तयार गरेर निर्णय गराउने गरी समिति अघि बढेको हो। संसद्को चालू अधिवेशनबाटै निजामती विधेयक पारित गर्ने सरकारले संसद्मा प्रस्तुत गरेको नीति कार्यक्रममा उल्लेख छ।

जस्टिस समिट सम्पन्न

काठमाडौं/ जातीय छुवाछुत र विभेद अन्त्यका लागि प्रभावकारी रूपमा कानुन कार्यान्वयन सुनिश्चित गर्न जोड दिँदै 'जस्टिस समिट २०२५' काठमाडौंमा सम्पन्न भएको छ। कानुन दिवसको अवसरमा शुक्रबार 'दलित लाइभ्स म्याटर ग्लोबल एलायन्स' र 'ग्लोबल लिगल डिफेन्स फन्ड'को सहकार्यमा आयोजित समिटमा संविधान, संघीयता, समावेशीकरण, दलित महिला र न्याय तथा जातभन्दा परको मोर्चाबन्दीजस्ता विषयमा तीनवटा कार्यपत्र प्रस्तुत गरिएको थियो। ती कार्यपत्रमा कानुनविद्हरू, राजनीतिक दलका नेताहरू र नागरिक समाजका प्रतिनिधिहरूले टिप्पणी गर्दै जातीय विभेद अन्त्य गर्न राज्यका सबै संयन्त्र गम्भीर र उत्तरदायी बन्नुपर्ने धारणा व्यक्त गरे।

कार्यक्रमको समापन समारोहमा प्रमुख अतिथि कानुनमन्त्री अजयकुमार चौरसियाले दलित समुदायसँग सम्बन्धित सवालहरूमा सरकार गम्भीर रहेको उल्लेख गरे। समारोहमा दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा, राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुली, मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह, राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सूर्यप्रसाद ढुंगेल, महान्यायाधिवक्ता रमेश बडाल र वरिष्ठ प्रहरी उपरीक्षक रञ्जु सिग्देलको समेत उपस्थिति थियो।

प्रतिनिधिसभाका सांसद सन्तोष परियारले संविधानले दलित समुदायका हक-अधिकार सुनिश्चित गरे पनि कार्यान्वयन पक्ष कमजोर रहेको टिप्पणी गरे। दलित लाइभ्स म्याटर ग्लोबल एलायन्सका संस्थापक तथा अध्यक्ष प्रदीप परियारले दलित तथा सीमान्तकृत समुदायमाथि हुने संरचनागत विभेद, अन्याय र हिंसाको अन्त्यका लागि अर्थपूर्ण संवाद र सिर्जनात्मक पहल गर्दै जाने प्रतिबद्धता जनाए।

'द वायर'माथि...

पृष्ठ १ बाट क्रमशः

आलोचक नेताहरूले द वायरको पहुँच रोकेकोमा विरोध जनाएका छन्।

तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले मिडियालाई मौन राख्ने प्रयास भन्दै यसले लोकतन्त्रलाई हानि पुर्‍याएको टिप्पणी गरेका छन्। 'मलाई आशा छ कि केन्द्र सरकारले द वायरमाथिको पहुँच रोक्ने कदममा पुनर्विचार गर्नेछ,' उनले भने, 'विश्वको ठुलो लोकतन्त्रमा प्रेस स्वतन्त्रताको घाँटी थिच्न नदिइयोस्।'

जम्मु-कस्मिरकी पूर्वमुख्यमन्त्री मेहबुबा मुफ्तीले एक्समा लेखेकी छिन्, 'युद्धको समयमा सत्यकै पहिलो हताहती हुन्छ। यो केवल गैरजिम्मेवार मात्र होइन, तर खतरनाक कार्य हो। यस्तो महत्त्वपूर्ण समयमा द वायरजस्ता जनमतलाई सूचित गर्न र आकार दिन महत्त्वपूर्ण भूमिका खेल्ने स्वतन्त्र र विश्वसनीय प्लाटफर्महरूलाई प्रतिबन्ध लगाएर हामी आवाजहरू मात्र सेन्सर गरिरहेका छैनौं, तर साँचो पत्रकारिताको कफिनमा अन्तिम किला पनि ठोकिरहेका छौं,' मुफ्तीले भनेकी छिन्।

शिव सेनाका नेता सञ्जय राउतले पनि द वायरको पक्षमा बोलेका छन्। कंग्रेस नेता शशि थरुर र शशिकान्त सेन्थिललगायतले पनि द वायरको पक्षमा रहेको बताएका छन्। 'यो दुःखद कुरा हो। भारतले विभिन्न आवाजहरूको स्वतन्त्र अन्तर्क्रियालाई अनुमति दिनुपर्छ। कुनै पनि भारतीय साइटलाई प्रतिबन्धित लगाउनुहुँदैन,' सेन्थिलले लेखेका छन्, 'संकटलाई आवरणको रूपमा प्रयोग गर्दै, सत्तामा रहेकाहरूले स्वतन्त्र आवाजहरूलाई लक्षित गरिरहेका छन् जबकि वफादार मिडियालाई स्वतन्त्र पास दिइरहेका छन्। गलत सूचनाका लागि पक्षपाती आउटलेटहरूलाई जवाफदेही बनाउनुको सट्टा, तिनीहरूले सत्य बोल्नेहरूलाई चुप लगाइरहेका छन्।'

सञ्चारमन्त्री अश्विनी वैष्णवलाई लेखेको पत्रमा, डी. राजाले राष्ट्र आतंकवादको विरुद्धमा एकताबद्ध हुँदाहुँदै पनि, केही च्यानलहरूले मुद्दालाई साम्प्रदायिक बनाइरहेको, अप्रमाणित दाबीहरू फैलाइरहेको र युद्ध-उन्मादलाई बढावा दिइरहेको उल्लेख गरेका छन्। उनले द वायरजस्ता जिम्मेवार समाचार पोर्टलहरू अवरुद्ध गर्नुले पत्रकारिता कमजोर हुने र राष्ट्रिय एकताका लागि खतरा निम्त्याउने पनि चिन्ता जनाएका छन्।

द वायरले शुक्रबार विज्ञप्ति जारी गर्दै भनेको छ, 'प्रेस स्वतन्त्रताको संवैधानिक अधिकारको उल्लंघन गर्दै भारत सरकारले 'द वायर'माथि बन्देज लगाएको छ, यस्तो वेला निष्पक्ष समाचार र सूचनाका स्रोत सबैभन्दा ठूला सम्पत्ति हुन्, हामी यस्तो सेन्सरसीपको विरोध गर्छौं।'

चेन्नई प्रेस क्लबले भनेको छ, 'पूर्वसूचना वा पारदर्शी स्पष्टीकरणविना गरिएका यी कार्यहरू प्रेस स्वतन्त्रताको संवैधानिक ग्यारेन्टीको गम्भीर उल्लंघन र बढ्दो सेन्सरसिपको चिन्ताजनक संकेत हो।' डिजिपब, डिजिटल समाचार वेबसाइटहरूको समूहले विरोध गरेको छ। शिक्षाविद् तथा विचारकहरूको समूह काफिलाले द वायरसँग ऐक्यबद्धतामा उभिएको र सबै लोकतान्त्रिक शक्ति र आवाजहरूलाई सेन्सरसिपको विरुद्धमा बोल्न, शान्तिका लागि एकताबद्ध रहन अनुरोध गरेको छ।

Maya Khola Hydropower Company Limited

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: mayakhola.hpcl@gmail.com, Website: www.kkhpcl.com.np

Balance Sheet as on Chaitra 31, 2081 (Unaudited)

(NPR '000)

Particulars	This Quarter ending As at 31 Chaitra, 2081	Previous Quarter ending As at 29 Poush, 2081	Crroesponding Previous Quarter ending As at 30 Chaitra, 2080
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	3,144,057	3,176,445	3,084,182
Investment in equity Instruments	61,701	61,701	17,017
Total Non-Current Assets	**3,205,758**	**3,238,145**	**3,101,199**
Current Assets:			
Deposits and Margins	3,663	6,665	8,962
Advance and Receivables	40,773	21,642	179,544
Sundry Debtors	16,026	43,493	33,794
Cash & Bank Balance	3,731	14,939	17,390
Total Current Assets	**64,194**	**86,738**	**239,690**
Total Assets	**3,269,952**	**3,324,883**	**3,340,889**
Equity and Liabilities			
Equity			
Share Capital	1,000,000	1,000,000	1,000,000
Reserve and Surplus	(381,396)	(324,970)	(299,703)
Total Equity	**618,604**	**675,030**	**700,297**
Non-Current Liabilities:			
Long Term Loan	2,278,790	2,293,790	2,203,456
Deferred Tax Liability	11,246	11,246	-
Total Non-Current Liabilities	**2,290,036**	**2,305,036**	**2,203,456**
Current Liabilities:			
Trade and Other Payables	286,312	275,047	280,136
Short Term Loan	75,000	69,770	157,000
Total Current Liabilities	**361,312**	**344,817**	**437,136**
Total Equity and Liabilities	**3,269,952**	**3,324,883**	**3,340,889**

Profit & Loss Accounts for the period ended Chaitra 31, 2081 (Unaudited)

Particulars	This Quarter ending As at 31 Chaitra, 2081	Previous Quarter ending As at 29 Poush, 2081	Crroesponding Previous Quarter ending As at 30 Chaitra, 2080
Revenue from Operations	245,719	210,640	86,377
Less: Direct Expenses	-	-	-
Gross Profit	**245,719**	**210,640**	**86,377**
Add: Other Income	600	160	2,782
Less: Operating & admin Expenses	35,948	24,668	25,274
Operating Profit/(Loss)	**210,371**	**186,133**	**63,885**
Financial Costs	161,443	113,019	201,428
Depreciation	98,172	65,785	89,006
Profit Before Bonus & Tax	**(49,244)**	**7,329**	**(226,550)**
Provision for Staff Bonus	-	147	-
Net Profit before Tax	**(49,244)**	**7,182**	**(226,550)**
Income Tax	-	-	-
Net Profit after Tax	**(49,244)**	**7,182**	**(226,550)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको

आ.व. ०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**

क) **दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण** यसै साथ संलग्न गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरु:**

प्रति शेयर आम्दानी	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	शेयरको बजार मूल्य रु	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)
(६.५७)	६१.८६	०.१८	५०५.३३	३२७.००

२ **व्यवस्थापकिय विश्लेषण**
यस आयोजना निर्माण सम्पन्न भई मिति २०८०/०३/२२ गतेबाट COD भई व्यापारिक उत्पादन सुरु भएको छ।

३ **कानुनी कारवाही सम्बन्धी विवरण**
यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको।

४. **संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**
यस कम्पनीको तेस्रो त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण यस प्रकार रहेको छ।


शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मूल्य (रु)	शेयरको अन्तिम मूल्य (रु)	कारोवार भएको कुल दिन	कारोवार संख्या (शेयर संख्या)	कारोवार रकम (रु.)
६२७.००	४८८.००	५०५.३३	५६	२,८००,५६१	१,५९७,१४३,२३८

५. **समस्या र चुनौती**
यस कम्पनीले वहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधैं रहिरहने हुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. **संस्थागत सुशासन**
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. **सत्य, तथ्यता सम्वन्धमा अध्यक्ष कार्यकारी र प्रमुखको उदघोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
वि.सं. २०११/०१/१२

स्व. अनारकली देवी

स्वर्गारोहण:
वि.सं. २०८२/०१/१६

यस महासंघको साधारण सदस्य नेपाल निर्माण व्यवसायी संघ पर्साका अध्यक्ष श्री सुरेश प्रसाद कुर्मीज्यूकी ममतामयी माता अनारकली देवीको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

रवि सिंह
अध्यक्ष,
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

सिउरी न्यादी पावर लिमिटेड

केन्द्रिय कार्यालय, नक्साल, काठमाण्डौ। फोन नं., ०१-५९१७१०६

बार्षिक साधारण सभा सम्बन्धि सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०८२/०१/२४ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस सिउरी न्यादी पावर लिमिटेडको आठौं बार्षिक साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय :

स्थान : लिसारा पार्टी प्यालेस, नक्साल, काठमाण्डौं।
मिति : २०८२/०२/१९ गते सोमबार (तद्नुसार जुन २, २०२५)
समय : विहान १०:०० बजे।

छलफलका लागि प्रस्तावित विषयहरु :

(क) **सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।

(३) आ.व.२०८१/०८२ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने।

(ख) **विशेष प्रस्तावहरु :**

(१) गत वर्षको साधारण सभाबाट आयोजनाको लागानी व्यवस्थापनको लागि शेयरको प्राथमिक निश्काशन (Initial public Offering –IPO) गर्ने प्रस्ताव पारित भई नेपाल धितोपत्र बोर्डमा निवेदन पेश गरिएकोमा सो लाई निरन्तरता दिने।

(ग) विविध

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

हदबन्दी बढीको...

पृष्ठ १ बाट क्रमशः

गरेर बेचबिखन गर्न पाइनेछ। जबकि व्यावसायिक र आवासीय क्षेत्रबाहेकको जग्गा कित्ताकाट गरेर बेच्न पाइँदैन। गिरीबन्धु टी इस्टेटसम्बन्धी सर्वोच्च अदालतको फैसला कार्यान्वयनमा अवरोध गरेको र हदबन्दी खुकुलो पार्ने गरी अध्यादेश ल्याएको भन्दै २८ माघमा दायर रिट सर्वोच्चमा विचाराधीन नै रहेका वेला सरकारले तिनै प्रावधान विधेयकमार्फत अगाडि बढाएको हो। रिट निवेदकसमेत रहेका अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चको फैसलाले प्रतिपादन गरेको नजिर उल्लंघन हुने गरी संसद्ले ऐन बनाउन नमिल्ने बताए। 'हदबन्दीभन्दा बढीको जग्गा अन्य प्रयोजनमा लैजान मिल्दैन, त्यस्तो जग्गा राज्यका नाममा जफत गर्न भनेर सर्वोच्चले व्याख्या गरिसकेको छ,' उनले भने, 'फेरि त्यही प्रावधान समेट्ने गरी ऐनमा आयो भने भोलि अदालतले बदर गर्ने सम्भावना हुन्छ। भूमि तीन तहका सरकारको क्षेत्राधिकारको विषय पनि हो, साझा अधिकारका विषयमा ऐन बनाउँदा प्रदेशसँग समन्वय गर्न पनि अदालतले भनेको छ।'

अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जग्गा सुम्पिने दाउ

भूमिसम्बन्धी ऐन, २०२१ (आठौं संशोधन, २०७६) को दफा ५२ को उपदफा ३ (१) मा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्यांकन, आवाद कमोतको अवधि र अन्यत्र जग्गा भए-नभएको लगायतका आधारमा वर्गीकरण गरी आवश्यक दस्तुर लिएर मात्रै जग्गाको स्वामित्व उपलब्ध गराउन सकिने व्यवस्था थियो। तर, सरकारले अहिलेको विधेयकमा दफा ५२ को उपदफा ३ (१) पूरै हटाएर खुकुलो प्रावधान राखेको छ। जसमा भनिएको छ, 'अव्यव्यस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्यांकनलाई समेत हेरी तोकिएबमोजिम दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने सक्नेछ।'

नयाँ प्रावधानले अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जग्गा सहजै बाँड्न मिल्ने जानकारहरू बताउँछन्। 'अव्यवस्थित बसोबासीलाई जग्गा दिँदा हेर्ने मुख्य आधार नै अन्यत्र जग्गा भए-नभएको थियो। तर, अहिलेको प्रस्तावित विधेयक हुबहु पास भएमा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्यांकन हेरेर दिने भनिएको छ। सहजै जग्गा बाँड्ने आधार खडा गर्न खोजिएको हो,' अधिवक्ता दिलराज खनालले भने, 'यसले सार्वजनिक जग्गाको दुरुपयोगको जोखिम बढाएको देखिन्छ। सुकुम्वासी, दलित भूमिहीन र विस्थापितको पुनर्स्थापना झन् पर धकेलिने भयो।'

राष्ट्रिय भूमि आयोगमा जग्गा प्राप्तिका लागि १३ लाख ५० हजार परिवारको निवेदन पर्दा सात लाख ६५ हजार अव्यवस्थित बसोबासी परिवार छन्। भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्न ७७ वटै जिल्लामा भूमि आयोगका जिल्ला समिति छन्।

सुकुम्वासी तथा भूमिहीनलाई सरकारी जग्गा दिने विषयलाई पनि सहज बनाएर ऐन संशोधन गर्न लागिएको छ। 'सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ (ग) मा तोकेको समयावधिभन्दा अगावैदेखि घर, टहरा बनाई आवाद-कमोत गर्दै आएको छ र त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्नेछैन,' विधेयकको यो प्रावधानले स्थानीय तहको मिलेमतोमा सरकारी जग्गा सुकुम्वासीको नाममा दुरुपयोगको जोखिम रहेका अधिकारीहरू बताउँछन्।

सरकारले गत २ माघमा भूमिसम्बन्धी अध्यादेश जारी गर्दा विपक्षी दलहरूसँगै सत्तारूढ लोसपाले पनि विरोध जनाएको थियो। राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपालले त त्यतिखेर सांसद राजकिशोर यादवको अध्यक्षतामा कार्यदल नै गठन गरेर अध्ययन गरेको थियो। प्रधानमन्त्री केपी ओलीले अध्यादेशमा भएका विवादास्पद व्यवस्था सच्याएर विधेयक अघि बढाउने प्रतिबद्धता जनाए पनि अहिले फेरि उही प्रावधान अगाडि बढाइएको छ। 'भूमाफिया, अवैध रूपमा कब्जा गरेर बसेकालाई जंगलको जग्गा दिन मिल्ने गरी विधेयक अगाडि बढेको छ,' सांसद यादवले भने, 'मधेशका भूमिहीन, मुसहर, डोम,लगायतले केही नपाउने अनि निश्चित वर्गविशेषलाई हेरेर भोट बैंक बनाउन मिल्दैन।' यसबारेमा जसपा नेपालले संशोधन प्रस्ताव हाल्ने उनले बताए।

लोसपा सांसद सर्वेन्द्रनाथ शुक्लले अहिलेको विधेयकले सुकुम्वासी र भूमिहीनको समस्या समाधान गर्नुको सट्टा बिचौलिया र जग्गा दलालको स्वार्थ पूर्ति गर्ने भएकाले समर्थन नरहने बताए। 'हिजो अध्यादेश आउँदा पनि हाम्रो विरोध कन्टेन्टमा थियो। अहिले पनि कन्टेन्टमै जान्छौँ,' उनले भने, 'अहिलेको विधेयकको प्रस्तावित प्रावधानले बिचौलिया, जग्गा दलाल र नाफाखोरलाई मात्र समेट्छ। सही मानेमा सुकुम्वासी समस्या समाधान गर्दैन। हामी आफ्नो विषय राख्छौँ।'

भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारीले भने अव्यवस्थित बसोबासीलाई राजस्व लिएर व्यवस्थित गर्न खोजिएको दाबी गरे।

वनको अतिक्रमित जग्गा सरकारका नाममा ल्याएर कसलाई बाँडिन्छ ?

सरकारले अतिक्रमणमा परेको वन र निकुञ्जको मध्यवर्ती क्षेत्रको जग्गा एकपटकका लागि सरकारको नाममा ल्याउने गरी भूमि विधेयक अगाडि बढाएको छ। यसरी ल्याइएको जग्गा पनि बाँड्ने योजना रहेको स्रोतको दाबी छ। 'कानुनी रूपमा वन र निकुञ्जको मध्यवर्ती क्षेत्रको अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान भएको जग्गालाई एकपटकका लागि पुनः नक्सांकन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारका नाममा कायम गरी अद्यावधिक गर्न बाधा पर्नेछैन,' विधेयकमा भनिएको छ। सर्वोच्च अदालतको संवैधानिक इजलासले एक वर्षअघि नै वन क्षेत्र तथा निकुञ्जको जग्गा सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई वितरण नगर्न परमादेश जारी गरेकाले नयाँ बाटो अपनाउन खोजेको देखिन्छ।

राजमार्ग, तराईको माथिल्लो बेल्ट र चुरेमा धेरै अतिक्रमण छ। वन तथा भूसंरक्षण विभागको तथ्यांकअनुसार ३० जिल्लामा मात्रै एक लाख चार हजार ४९४ हेक्टर वन क्षेत्र अतिक्रमित छ। तीमध्ये धेरै ठाउँमा सुकुम्वासी र भूमिहीनका नाममा बस्ती छ। सबैभन्दा धेरै अतिक्रमित क्षेत्र कैलालीमा ३८ हजार ४० हेक्टर छ। यसबाहेक निकुञ्ज तथा वन्यजन्तु आरक्षको चार हजार ३९ हेक्टर अतिक्रमणमा रहेको महालेखा परीक्षकको कार्यालयको ६१औं प्रतिवेदनमा उल्लेख छ।

'वन क्षेत्रको जग्गा कर्पोरेट ग्रुप, व्यापारिक घरानालाई दिन निकै प्रयास हुँदै आएको छ। अब वन जनिएको जग्गा सरकारका नाममा ल्याएर भूमिहीन, सुकुम्वासीलाई नै दिन्छ भन्ने छैन, सरकारका नाममा आइसकेपछि मन्त्रिपरिषद् निर्णयबाट वितरण गर्ने आधार पनि खुल्छ,' अधिवक्ता दिलनाथ खनाल भन्छन्, 'यसले जोखिम बढाउने देखिन्छ।' तर, सदियौँदेखिका बस्ती, जुन अहिले पनि वन क्षेत्रमा जनिन्छ, त्यो जग्गा उनीहरूलाई दिनु उपयुक्त नै हुने उनले बताए।

एक दशकपछि...

पृष्ठ १ बाट क्रमशः

लाख ७८ हजार, नेपाल बैंकको धरान शाखामा तीन लाख १० हजार, वाणिज्य बैंकको टंगाल शाखामा रहेको दुई लाख, नेपाल बैंकको केन्द्रीय कार्यालयमा रहेको ५७ हजार, वाणिज्य बैंकको धरान शाखामा रहेको खातामा रहेको ८६ हजार तथा नेपाल बैंकको सिटी अफिसमा रहेको खाताबाट ४१ हजार नौ सय ७१ रुपैयाँ जफत भएको छ।

उनको परिवारका सदस्यहरू पद्मा खनाल, अमित खनाल र आभाष खनालको नाममा रहेको खाताको नगद पनि सरकारको नाममा लगिएको छ। पद्माको नाममा रहेको पाँच लाख २५ हजार ९३८, अमितको नाममा रहेको एक लाख ७२ हजार ५५३ तथा आभाषको नाममा रहेको दुई लाख ९६ हजार ५२५ रुपैयाँ जफत गरिएको विभागले जनाएको छ।

सर्वोच्च अदालतले १२ भदौ ०६९ मा खनाललाई दोषी ठहर गरी एक वर्ष तीन महिना कैद, एक करोड २१ लाख ५२ हजार ४४ रुपैयाँ जरिवाना र स्रोत नखुलेको उनको सम्पत्ति जफत गर्ने फैसला गरेको थियो। उनको भक्तपुरस्थित ६५ आना जग्गा दुई वर्षअघि नै जफत भइसकेको छ। साथै, बैंक लकरमा रहेको मूल्यांकनको समयअनुसारको दुई लाख ४२ हजार ७८६ रुपैयाँबराबरको सुन पनि जफत प्रक्रिया विभागले अघि बढाएको छ। सर्वोच्चको फैसलाअनुसार उनले लामा कन्स्ट्रक्सनलाई दिएको ३२ लाख ऋण सापटीसमेत जफत हुनेछ।

नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदीको १२ लाख ५४ हजार ९८ रुपैयाँ जफत गरिएको विभागका महानिर्देशक पन्थीले बताए। उनको परिवारका सदस्यहरू आशा चतुर्वेदी, अदिती चतुर्वेदी र अभिषेक चतुर्वेदीको बैंक खाताको पैसासमेत जफत भएको हो।

उनलाई सर्वोच्च अदाललते २१ भदौ ०६८ मै दोषी ठहर गरी खाताको नगद तथा जग्गा जफतको फैसला सुनाएको थियो। उनको पेप्सिकोलामा रहेको साढे २१ आना जग्गा भने हालै मात्र गृह मन्त्रालयले जफतको निर्णय गरे पनि खाली गराउन भने सकेको छैन। सो जग्गामा हाल फुटसल चलिरहेको छ।

मेची भन्सारका पूर्वप्रमुख केशरजंग खड्काका विभिन्न २१ वटा खातामा रहेको रकम जफत भएको छ। उनको ती खातामा २४ लाख ११ हजार ८९६ रुपैयाँ बचत भेटिएको छ। १३ असार ०६९ मा सर्वोच्चले उनको गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धि मुद्दामा फैसला सुनाउँदै बैंकको नगद मौज्दात र जग्गा जफतको ठहर गरेको थियो। कोटेश्वरस्थित उनको दुई रोपनी तीन आना जग्गा भने हालै जफत भएको छ।

भन्सारका पूर्वनासु केदारनाथ ढुंगानाको आठ लाख ५२ हजार १०९ रुपैयाँ जफत भएको छ। ढुंगानाको हिमालयन बैंकमा रहेको तीन लाख ३२ हजार ५८६ र नेपाल बंगलादेश बैंकमा रहेको दुई लाख ४३ हजार ५७६ जफत भएको छ। त्यस्तै, परिवारका सदस्यको नाममा नेपाल बंगलादेश बैंकमा रहेको तीन लाख ८६ हजार जफत भएको छ। सर्वोच्चले २२ जेठ ०७४ मा उनलाई दोषी ठहर गरी बैंक खातामा रहेको नगद र जग्गा जफत गर्न भनेको थियो। उनको ललितपुरस्थित दुई रोपनी सात आना जग्गा भने जफत भइसकेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २० वर्षअघि मुद्दा दायर गरेसँगै उनीहरूको बैंक खाता रोक्का थियो। त्यसयता बढे-बढाएको रकमसमेत जफत भएको हो।

कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० अनुसार फैसला कार्यान्वयन गरिएको हो। सो ऐनअनुसार जग्गा जफतका लागि गृह मन्त्रालयबाटै निर्णय गर्नुपर्ने हुन्छ भने नगद तथा सुन जफत विभागका महानिर्देशकले नै निर्णय गरेर जफत गर्न सक्छन्। विभाग स्थापना भएको चार वर्ष हुँदा पनि यससम्बन्धी निर्णय भएका थिएनन्। हालै, देश सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन कार्यान्वयनमा फितलो हुँदा ग्रे लिस्टमा परेपछि बल्ल फैसला कार्यान्वयनमा सक्रियता बढेको छ।

सेयर पनि जफतको तयारी

सर्वोच्च अदालतको फैसलाअनुसार कसुरदारहरूको विभिन्न कम्पनीमा रहेको सेयर पनि जफतको प्रक्रिया विभागले अघि बढाएको छ। रामाज्ञाप्रसाद चतुर्वेदीको नेपाल मेडिकल कलेजमा ३० हजार कित्ता र शिखर पेन्ट्समा पाँच हजार कित्ता तथा छोरा अभिषेक चतुर्वेदीको ओम हस्पिटल एन्ड रिसर्च सेन्टरमा रहेको ३० हजार कित्ता सेयर जफतको प्रक्रिया अघि बढाइएको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले बताए।

पूर्वसहसचिव आनन्दप्रसाद खनालका छोराहरूको नाममा डाउन डेभलपर्स नामक कम्पनीमा रहेको ५१ हजार कित्ता सेयर पनि जफतको प्रक्रिया अघि बढेको छ। केदारनाथ ढुंगानाको नेपाल इन्भेष्टमेन्ट बैंक, एभरेस्ट बैंक, नेपाल आवास तथा विकास कम्पनी तथा सरस्वती ढुंगानाको नाममा सिद्धार्थ एपोलो अस्पतालको पाँच सय कित्ता जफत हुने भएको छ। 'सेयर जफतका लागि कम्पनी रजिस्ट्रारको कार्यालयसँग विवरण लिएर प्रक्रिया अघि बढाएका छौँ,' महानिर्देशक पन्थीले भने, 'यस्तो सेयर हाम्रो नाममा आइसकेपछि बिक्री गरेर नगद नै जम्मा गर्छौं।'

असारभित्र...

पृष्ठ १ बाट क्रमशः

न्यायिक जनशक्तिलाई आशावादी भई कार्यक्षेत्रमा निरन्तर लागिरहन उनले आग्रह गरे। भारत र बेलायत भ्रमणका क्रममा भएका सम्झौताबारे उल्लेख गर्दै राउतले यसबाट मित्रराष्ट्रका न्यायपालिकासँगको सम्बन्ध विस्तारमा उपलब्धि हासिल भएको बताएका थिए। 'संवैधानिक सर्वोच्चता कायम गर्ने सन्दर्भमा न्यायपालिकाले चालेका कदमहरू कानुनको शासनको कसीमा सुखद र सन्तोषप्रद पक्षहरू हुन्,' उनले थपे।

उनले कार्यसम्पादनमा प्रोत्साहन गर्न नसकिए न्यायपालिकामा रहेका दक्ष जनशक्तिलाई टिकाइराख्न चुनौतीपूर्ण देखिएको बताए। यसका लागि सम्बद्ध निकायले स्रोतको व्यवस्थापन र समानुकूल कानुन निर्माणमा सहयोग हुने अपेक्षा उनको छ। उनले भने, 'न्यायपालिकाको संस्थागत सुधारका प्रयास र रणनीतिक दस्तावेजमा उल्लेख भएका कुराहरूलाई मूर्त रूप दिनका लागि अन्ततः स्रोत, साधनको उपलब्धता र जनशक्तिको सक्षमता एवं इमानदारितापूर्ण कार्यसम्पादन अपरिहार्य हुन्छ। अर्कातर्फ, न्यायपालिकामा प्रवेश गरेका सक्षम, दक्ष र युवा जनशक्तिको प्रवेश मात्र पर्याप्त नभई उनीहरूको वृत्ति विकास, सेवा सुविधामा वृद्धि र व्यावसायिक विधाहरूमा क्षमता विकासका लागि प्रशिक्षणहरूको निरन्तरता अत्यावश्यक छ।'

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार २७ वैशाख ०८२
nayapatrikaofficial @nayapatrika

प्रगतिशील साहित्यमा अग्ला प्रदीप

निष्ठावान् बहुआयामिक जीवनवादी प्रतिभाको देहान्त



'मैले अरूलाई दोष दिन मिल्दैन, म देशकै लागि असान्दर्भिक भएको छु,' ०७४ को निर्वाचनपछि प्रदीपले सार्वजनिक रूपमै भनेका थिए, 'मजस्ता सयौँ कार्यकर्ता छन्, जो समानुपातिकमा परेनन्,' उनले मिडियामा बोलेका थिए, 'समानुपातिकमा नेताका आफन्त र ५२/५४/६० मा एमालेमा आएका परेछन् । तत्कालीन मालेकालका कोही पनि परेनन् । हाम्रो पार्टी हाम्रो सपनाभन्दा बाहिर गइसक्यो ।'

अभिच्युअरी



● शुरोजंग पाण्डे

'मृत्यु पनि मान्छेपिच्छे फरक हुँदोरैछ,
देशभक्त छोरो मर्दा देशै रुँदो रैछ...'

जननेता मदन भण्डारीको निधनका वेला स्व. जेबी टुहुरे सर्जक रहेको गीतका शब्द हुन् यी । यो साता प्रगतिशील साहित्यका नक्षत्र तथा स्पष्टवक्ता राजनीतिज्ञ प्रदीप नेपालको निधनले देश शोकमग्न र स्तब्ध छ ।

जीवनवादी बहुआयामिक प्रतिभा नेपालले चार वर्षअघि नै निबन्धमार्फत आफ्नो मृत्युइच्छापत्र सार्वजनिक गरेका थिए । मार्क्सवादी अध्येताका रूपमा जीवन र जगत्लाई भौतिकवादी दृष्टिकोणबाट गहिराइमा आत्मसात् गरेका नेपालले नर्भिक अस्पतालको मृत्युशय्यामा पनि लर्बराएको बोलीमा परिवारसँग इच्छा मृत्युइच्छापत्रकै शब्द दोहऱ्याए । एक दशकदेखि पार्किन्सन र अलजाइमर रोगबाट पीडित नेपालले ०७८ मा सार्वजनिक गरेको 'एक मानु हो चाहिने' निबन्ध संग्रहमा आत्मस्वीकृति शीर्षक दिएर अन्तिम इच्छा लेखेका थिए । 'म मरेपछि मेरो शवमा पार्टीको झन्डा नराख्नुहोस् ।'

त्यही सन्देशको मर्म पछ्याउँदै श्रीमती झुमा देवान, भाइ समीर र भाञ्जा सुरेशसहित परिवारको सल्लाहले अघिल्लो मंगलबार नेपालको सादगी बिदाइ गरियो । उनी सम्बद्ध पार्टी एमालेले पनि श्रद्धाञ्जलीको कुनै औपचारिक कार्यक्रम गरेन । गोठाटार काँडाघारीस्थित निवासमा भाइ समीर आशोचमा बसेका छन् । तर, उनकै इच्छाअनुसार परम्परागत संस्कारलाई ब्रेक गर्दै पाँच दिनमै आज(शनिबार) किरियाकर्म सम्पन्न गरिँदै छ ।

'उपन्यासको सन्देश त हुँदै हो, बिरामीले च्याप्दै गएपछि पनि वेलावेला उहाँले मेरो मृत्युपछि किन दुःख पाउँछौ ? कुनै परम्परागत सांस्कारिक कर्म नगर्नु भनेर सम्झाउनुहुन्थ्यो' भाइ समीरले नयाँ पत्रिकासँग भने, 'उहाँ गरुड पुराणको सबभन्दा विरोधी हुनुहुथ्यो, व्यक्तिगत स्वार्थपूर्ति हुने गरी पुराणहरू बनेका हुन् भन्ने गर्नुहुन्थ्यो, त्यसैले दाइले सम्झाएजस्तै सबै नभए पनि सन्देशकै मर्मअनुसार सादगी तरिकाले पाँच दिनभित्रै सांस्कारिक कर्म सम्पन्न गर्दै छौं ।'

०००

भोजपुरको गोगनेमा २८ पुस ०१० मा जन्मिएका नेपाल २०२६ सालदेखि विद्यार्थी राजनीतिमा जोडिए । पञ्चायतविरुद्ध मुस्लो संगठनको नामबाट पर्चा छरेको आरोपमा ०३२ मा पक्राउ परेका नेपालले कोकेका नेता घनेन्द्र बस्नेतबाट सेन्ट्रल जेलभित्र तत्कालीन कोअर्डिनेसन केन्द्रको सदस्यता लिए । एउटै जिल्लावासी भएकाले प्रदीप र घनेन्द्रबिच जेलमा भावनात्मक सामीप्य थियो । सेन्ट्रल जेलबाट नख्खु सारिएपछि मृत्युलाई जित्ने क्रान्तिकारी योद्धाका रूपमा घनेन्द्र नेतृत्वकै स्टडी ग्रुपमा रहेर नख्खु जेल ब्रेक योजना निर्माणमा सामेल भए । जेल ब्रेकपछि मकवानपुरको फापरबारीबाट १५ जना तितरबितर भए र केही समय वनारस पुगेर स्वदेश फर्किए । जेल ब्रेकपछि संगठन निर्माणमा सक्रिय उनी कोकेको २०३५ मा सम्पन्न पहिलो सम्मेलनबाट निर्वाचित १० सदस्यीय केन्द्रीय कमिटीमा निर्वाचित भएका थिए । त्यही कमिटीले नै माले स्थापना गरेकाले उनले पार्टीका संस्थापक नेता बनेर लुम्बिनी क्षेत्रमा रहेर लामो समय काम गरे ।

पूर्वराष्ट्रपति भण्डारीका 'अंकल', विष्णु पौडेलका गुरु

नख्खु जेल ब्रेकपछि मालेको संगठन निर्माणका क्रममा प्रदीप लुम्बिनी खटिए । बुटवलमा मार्क्सवादी अध्येता, दर्शनका ज्ञाता गोपिरमण उपाध्यायको निवासमा उनको बाक्लो आवतजावत थियो । त्यही क्रममा प्रगतिशील सोचसहित अगाडि बढिरहेका उपाध्यायका सालो विष्णु पौडेल भेटिए । छोटो भेटबाटै प्रभावित प्रदीपले नै पारिवारिक सल्लाहमा पौडेललाई तत्कालीन मालेको भूमिगत राजनीतिमा संलग्न बनाउँदै 'ग्रुम' गरे । तत्कालीन एमाले-माओवादी एकीकरणबाट नेकपा बन्दा महासचिव बनेका उनै पौडेल ०७४ को निर्वाचनपछि झन्डै दुईतिहाइ मतसहितको कम्युनिस्ट सरकारको पहिलो अर्थमन्त्री बने । राजनीतिक पाठशालाको प्रारम्भिक भूमिगत जीवन सम्झँदै पौडेलले राष्ट्रपति कार्यालयमा मन्त्रीको शपथ लिएपछि पदबहालीअगावै उनै प्रदीपलाई गोठाटारस्थित निवासमा भेटेर गुरुका रूपमा सम्मान मात्र गरेनन्, पद सम्हाल्नुअघि भलाकुसारीसहित सुझाव पनि लिएका थिए । उनै पौडेललाई सरकारतर्फबाट प्रदीपको अन्तिम बिदाइको संयोग जुऱ्यो । परिवारको अनुमतिमा सरकारको तर्फबाट राष्ट्रिय झन्डा ओढाउँदै पौडेलले भारी मनमा पशुपतिस्थित विद्युतीय शवदहा गृहमा अन्तिम श्रद्धाञ्जली दिएका थिए । पौडेलले पूर्णकालीन राजनीतिमा डोऱ्याउने गुरुका रुपमा सम्झिदै सामाजिक संजालमा श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

● रामचन्द्र पौडेल, राष्ट्रपति



मैले प्रदीप नेपाललाई भिन्न मतहरूलाई प्रस्ट ढंगले राख्ने कठोर कम्युनिस्ट नियमबाट बाहिर निस्केर खुलापनको पक्षपोषण गर्ने नेताका रूपमा चिन्ने र बुझ्ने मौका पाएको थिएँ । मलाई लाग्छ, विचारभन्दा सिर्जनालाई प्राथमिकता दिने उहाँ एक इमानदार र निष्ठावान् वामपन्थी हुनुहुन्थ्यो । उहाँको निधनले लोकतान्त्रिक आन्दोलन तथा नेपाली साहित्यको क्षेत्रमा क्षति पुगेको मैले महसुस गरेको छु ।

● विद्यादेवी भण्डारी, पूर्वराष्ट्रपति



प्रदीप नेपालको निधनले देशले एक इमानदार राजनीतिज्ञ, सिर्जनशील लेखक तथा विशिष्ट साहित्यकारलाई गुमाएको छ । उहाँले जीवनको ऊर्जाशील समय राजनीतिक संगठन, वैचारिक लेखन, पत्रकारिता र साहित्य सिर्जनामार्फत समाज रूपान्तरण र राजनीतिक परिवर्तनका लागि समर्पित गर्नुभएको थियो । उहाँले पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहनेछ ।

लुम्बिनी हुँदै पार्टी कामको सिलसिलामा मेची पुगेका प्रदीपको सम्पर्क भूमिगत राजनीति गरिरहेका मदन भण्डारीसँग स्थापित भइसकेको थियो । विराटनगरको महेन्द्र मोरङमा अध्ययन गरिरहेकी विद्या भण्डारी त्यतिवेला प्रदीपका जेठा दाइकी छोरीसँगै सहपाठी थिइन् । त्यसबखतको भेटघाटसँगै प्रदीप विद्याको अंकलका रूपमा चिनिए । विद्याले प्रदीपका दाइलाई ठुलो बुबा र प्रदीपलाई अंकल सम्बोधन गर्थिन् । मदनसँगको बिहेपछि पनि अंकल नै सम्बोधन गर्ने विद्या पार्टीमा क्रमशः सक्रिय बन्दै गएपछि मात्र उनीहरूबिच कमरेडली सम्बन्ध विकास हुँदै गएको हो ।

गायक सिरोज हुँदै स्थापित, साहित्यकार उर्फ सञ्जय थापा

स्थापित प्रगतिशील साहित्यकार उर्फ सञ्जय थापाका रूपमा मात्र धेरैले प्रदीप नेपाललाई चिन्ने गरेका छन् । जबकि, साहित्य सर्जकका रूपमा स्थापित हुनुअघि उनी जेल कस्टडी र भूमिगत जीवनमा मार्क्सवादी चेतका गीतको रचना मात्र होइन, संगीत भरेर आफैँ गाउँथे पनि । माले कालमा जनता जगाउन स्थापित राल्फा समूहमा रहेका दाइ मञ्जुलको सानिध्यमा रहेका उनी त्यही समूहको दोस्रो तहका एक प्रभावशाली संगीतकार र गायकका रूपमा उदाएका थिए ।

'उहाँले सिरोज सोनभको नाममा दर्जनौँ गीत सिर्जना गर्नुभएको थियो, कतिमा आफैँले संगीत भर्नुभयो, कतिमा स्वर दिनुभयो,' भाइ समीर सम्झिन्छन्, '२०३४/३५ तिर आइपुग्यो प्यारो नेकपा माले जनतालाई जगाउन.... गीत अझै पनि धेरैले सुनेका छन् ।' त्यसो त, जेल सहकर्मी घनेन्द्र बस्नेत साहित्य सिर्जनाअगावै प्रदीप नेपाल दर्जनौँ जनवादी गीतको सर्जकका रूपमा स्थापित भएको सम्झिन्छन् । 'उहाँ लेखक पनि हो, गायक पनि हो, संगीतकार पनि हो,' जेल सहकर्मी घनेन्द्रले सम्झिए, 'मैले लेखेका थुप्रै जनवादी गीतमा उहाँले संगीत भर्नुभएको छ ।'

दंगाली समूह तत्कालीन मालेमा समाहित हुने भएपछि झापाली क्रान्तिकारीलाई सम्बोधन गर्दै त्यो समूहले अलगै गीत रच्यो- लाल सलाम झापालीलाई हामी दंगालीको ..., प्रत्युतर गीत उनै प्रदीपले फर्काए- लाल सलाम दंगालीलाई हामी झापालीको ...।' संगीत पनि प्रदीपकै थियो । घनेन्द्र भन्छन्, 'उहाँ मृत्युलाई पनि जित्न सक्ने दृढ क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो, उहाँको वैचारिक, सैद्धान्तिक पक्षबारे त टिप्पणी गर्ने परेन, उहाँ आफूलाई लागेपछि जसरी पनि स्थापित गर्न लागिरहने योद्धा हुनुहुनथ्यो र मृत्युपछि पनि आफूलाई साँच्चै भौतिकवादी दृष्टिकोणका चिन्तक र जीवनवादी व्यक्तित्वकै रूपमा स्थापित गर्न सफल हुनुभएकाले उहाँको जति प्रशंसा गरे पनि कमै हुन्छ ।'

राल्फाली समूहका रामेश, रायन र मञ्जुलहरूजत्तिकै प्रदीप पनि प्रिय थिए । जेल ब्रेकपछि उनले मुक्त आकाशको खोजी संस्मरण लेखे र सशक्त प्रगतिवादी साहित्यकारका रूपमा उभ्याउँदै गए । मोदनाथको देवासुर संग्राम पदेर थुप्रै युवा कम्युनिस्ट बने, जस्तै- उनको देउमाईको किनार उपन्यास पढेर भूमिगत कालमा थुप्रै कम्युनिस्ट बने । भूमिगतकालमा साहित्यकार सञ्जय थापका नामले चिनिएका उनको मुक्त आकाशको खोजी संस्मरण, देउमाईको किनारसँगै खुइते कडरिया, स्वप्निल सहर, पार्टीकी आमा, सुम्निमा, आकाशगंगाको तिरैतिरलगायत चार दर्जनभन्दा बढी कृति छन् ।

ओलीले प्रदीपको सात सय पारिश्रमिकमा रोक लगाएपछि ...

दृष्टि, छलफलजस्ता पत्रिकामा मिसन पत्रकारिताका लागि नेतृत्वदायी भूमिकामा रहेर काम गरेका प्रदीप नेपालबारे त्यतिवेलाका सहकर्मी पत्रकार राजेन्द्र स्थापितले २४ वैशाखमा नेपाल प्रेसमा विगतका दिन सम्झिएका छन् । तत्कालीन पार्टी इन्चार्ज केपी ओलीले प्रदीपको पारिश्रमिक रोक लगाएको एउटा प्रसंगलाई उनले यसरी खुलाएका छन् ।

प्रदीप कमरेडले आफ्ना लेख त लेख्नु नै हुन्थ्यो । कहिलेकाहीँ सम्पादकीय, समाचार र अरूका लेख र समाचार पनि सम्पादन गरिदिनुहुन्थ्यो । त्यसैले उहाँलाई हामीले महिनाको सात सय रुपैयाँ दिन थाल्यौँ । दृष्टिका पाठकमाझ मोदनाथ प्रश्रितको 'जीवनको गारेटो', प्रदीप नेपालको 'मुक्त आकाशको खोजीमा' र अग्निशिखाको 'विश्वको सेरोफेरो'जस्ता स्तम्भ लोकप्रिय थिए । पत्रिका बिक्री भएर पैसा आउँथ्यो नै । त्यही पैसाले अफिस, टेलिफोन, खाना, नास्तासँगै काम गर्ने स्टाफलाई तलब पनि दिन थालियो । जसका स्तम्भले पत्रिका चलेको छ, ती लेखकलाई पनि केही न केही पैसा दिनुपर्छ भनेर अरूलाई भन्दा पनि प्रदीप कमरेडको सहयोग अलिक बढी भएका कारण दिऔँ भन्ने सल्लाह भएर सात सय रुपैयाँ दिन थाल्यौँ ।

त्यसवेला पार्टीको प्रचार विभाग प्रमुख केपी ओली हुनुहुन्थ्यो । प्रदीप कमरेडलाई सात सय रुपैयाँ दिएको कुरा कसैले उहाँलाई रिपोर्ट गरेको रहेछ । एक दिन केपी कमरेड दृष्टिको अफिसमै आउनुभयो । भित्र नछिरी 'राजेन्द्र, तिमी यता आऊ' भन्दै बाहिरैबाट मलाई बोलाउनुभयो । म गएँ । उभिएरै सोध्नुभयो, 'प्रदीप कमरेडलाई तपाईंहरूले पैसा दिने गरेको हो ?' मैले 'हो' भनेँ । 'कति पैसा हो ?', उहाँले सोध्नुभयो । मैले भनेँ, 'सात सय हो कमरेड ।' त्यसपछि केपीले 'अबदेखि नदिनू' भन्नुभयो । मैलेचाहिँ पैसा दिनैपर्छ भन्नलाई कारण सुनाएँ- 'उहाँले जे जस्तो सहयोग गर्नुभएको छ, त्यति नै काम गर्ने मान्छे बाहिरबाट राख्दा हजारौँ तलब माग्छन् । त्यसैले उहाँले लेखेजतिको थोरै पारिश्रमिक दिएको हो कमरेड, यसमा केही नगरौँ होला ।'

केपीले मान्नुभएन । 'इन्चार्जले भनेको हो, तपाईंले कार्यान्वयन गर्ने हो । लेख्ने मान्छे भएन भने भन्नु नि, मै लेखिदिउँला,' यति भनेर उहाँ फर्किनुभयो । प्रचार विभागको प्रमुख र दृष्टिको इन्चार्ज पनि उहाँ नै हुनुहुन्थ्यो । उहाँले भनेपछि मैले प्रदीपलाई पैसा दिन मिलेन । यो कुरा प्रदीप कमरेडलाई त भन्नुपर्ने भयो । प्रदीप आएको वेला मैले केपी कमरेडले भनेको कुरा सुनाएँ । सबै कुरा सुनेपछि प्रदीपले भन्नुभयो, 'ठीकै छ, म पैसा नलिउँला । मैले अहिलेसम्म दृष्टिलाई जेजति सहयोग गरेको छु, अबदेखि नगरौँला ।'

यो फेरि अर्को अप्ठेरो कुरा भयो । पार्टीले नै नदिनु भनेपछि मैले दिन मिलेन । मलाई कस्तो अप्ठ्यारो पऱ्यो भने, प्रदीपको मुख हेर्यौँ कि पार्टी इन्चार्जको ? शम्भुहरूलाई सोधेँ, 'पार्टीले भनेको त मान्नैपर्छ' भन्ने कुरा भयो ।

यसपछि केही समय उहाँ दृष्टिमा कम आउन थाल्नुभयो, तर दृष्टि पत्रिकाको अफिस मात्रै थिएन, प्रदीप कमरेडको सम्पर्क कार्यालयजस्तै भइसकेको थियो । बिस्तारै-बिस्तारै लेख्न पनि थाल्नुभयो । केपी कमरेड प्रचार विभागबाट अरू नै जिम्मेवारीमा गएपछि झलनाथ खनाल विभागको प्रमुख हुनुभयो । हामीले प्रदीप कमरेडलाई फेरि पैसा दिन थाल्यौँ, उहाँले पनि सक्रियताका साथ लेख्ने काम गरिरहनुभयो ।

कुशल पत्रकार, प्रखर वक्ता, प्रविधिमा अगुवा

भूमिगतकालमा प्रदीपले मिसन पत्रकारिताको कमान्ड सम्हालेका थिए । दृष्टि, छलफलजस्ता मालेको योजनामा जन्मिएका पत्रिकाको कमान्डर उनै थिए । त्यति मात्र होइन, पत्रकारिता पृष्ठभूमिबाट उदाएका नेतासमेत थिए नेपाल । मिसन पत्रकारिताका लागि स्थापित छलफल साप्ताहिकको संस्थापक र पूर्वसम्पादकसमेत रहेका नेता नेपालले लामो समयदेखि समसामयिक विषयमा विभिन्न पत्रपत्रिकामा स्तम्भकारकै रूपमा कलमसमेत चलाउँदै आएका थिए । पत्रकारिता पृष्ठभूमि भएका कारण उनी मिडियाको सधैँ हेडलाइन बने । कुनै वेला आफ्नो अन्तर्वार्ता लिनका लागि मिडियाले पैसा दिनुपर्ने नियमसमेत बसाएर चर्चामा आएका थिए नेपाल । भूमिगत कालमा मात्र होइन, ०४६ पछिको खुला परिवेशमा पनि पार्टीभित्र हुर्किएको निम्न पुँजीवादी चिन्तन र अनेकन् गलत प्रवृत्तिविरुद्ध प्रस्ट बोल्न र लेख्न सक्ने समालोचक पत्रकार नेपाल पत्रकारिताको मर्म र सन्देशलाई नजिकबाट बुझ्थे । प्रगतिशील पत्रकारका गुरु मात्र होइन, लामो समयसम्म उनले संरक्षककै भूमिकासमेत निभाएका थिए ।

नेपालमा पहिलोपटक ल्यापटप र कम्प्युटर चलाउने नेताका रूपमा मात्र होइन, पहिलोपटक मोबाइल फोन प्रयोग गर्ने कम्युनिस्ट नेताका रूपमा समेत उनी सधैँ चर्चामा थिए । कम्युनिस्ट नेता भएर उद्योगपति बुर्जुवाले जस्तो मोबाइल फोन प्रयोग गरेकोमा पार्टीभित्र र बाहिर उनको धेरै आलोचनासमेत भएको थियो भने तत्कालीन महासचिव माधवकुमार नेपालले त उनलाई बोलाएर प्रस्टीकरण नै लिएका थिए ।

०००

नेपाल ०५१ सालमा तत्कालीन एमाले अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको नौमहिने कम्युनिस्ट सरकारमा सञ्चारमन्त्री भए । त्यसअघि ०५० सालमा राष्ट्रिय सभा सदस्य रहेका उनी ०५५ सालमा जलस्रोत र स्वास्थ्यमन्त्री भए । ०५६ सालमा काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा विजयी बनेका नेपाल ०६३ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा शिक्षामन्त्री भएका थिए । २०६४ सालको पहिलो संविधानसभा चुनावमा भने उनी नेपाली कांग्रेसका प्रकाशमान सिंहसँग पराजित भएका थिए । नेतृत्व हस्तान्तरणका मुद्दालाई पार्टीभित्र प्रवेश गराएर ६० वर्षको उमेरमा अवकाश लिने घोषणा गरेका उनले ०७२ पछि निष्क्रिय बनेर वचन पूरा गरे । कोकेकालदेखि निरन्तर केन्द्रीय सदस्य रहेका उनी ०५० को पाँचौँ महाधिवेशनमा तत्कालीन महासचिव मदन भण्डारीको जबजको कार्यक्रमको प्रवक्ताजस्तै थिए । यद्यपि, उनलाई महाधिवेशनबाट केन्द्रीय सदस्य बनाइएन, तर पछि मनोनीत भए ।

०५४ को छैटौँ महाधिवेशनदेखि नवौँ महाधिवेशनसम्म निरन्तर स्थायी कमिटी सदस्य रहेका नेपाल ०६५ को आठौँमा महासचिव र ०७१ को नवौँ महाधिवेशनमा उपाध्यक्षको प्रत्यासी बनेर पराजित भए पनि केपी ओलीलाई अध्यक्ष जिताउन धेरै मिहिनेत गरे । यद्यपि, पछिल्ला दिनमा उनले ओलीबाटै किनाराकृत महसुस गरे । पार्किन्सन रोगले ०७१ मा एमालेको उपाध्यक्षमा पराजित भएपछि राजनीतिबाट उनले करिब-करिब विश्राम लिइसकेका थिए । तर, ०७४ को निर्वाचनमा समानुपातिकबाट सांसद बन्ने इच्छा प्रकट गरे पनि सफल भएनन् । आफ्नो उपचारमा सहयोग हुने आसमा एमालेले समानुपातिक सांसद बनाइदिओस् भनेर अध्यक्ष केपी ओली र वरिष्ठ नेता माधवकुमार नेपाललाई प्रस्ताव गरे पनि दुवैले नपत्याएपछि उनी कर्नरमा परेका थिए । आफ्नो प्रस्तावलाई शीर्ष नेताले लत्याएपछि बिरक्तिएका उनले 'मैले अरूलाई दोष दिन मिल्दैन, म देशकै लागि असान्दर्भिक भएको छु ।' भन्दै सार्वजनिक रूपमै भनेका थिए,'मजस्ता सयौँ कार्यकर्ता छन्, जो समानुपातिकमा परेनन्,' उनले मिडियामा बोलेका थिए, 'समानुपातिकमा नेताका आफन्त र ५२/५४/६० मा एमालेमा आएकाहरू परेछन् । तत्कालीन मालेकालका कोही पनि परेनन् । हाम्रो पार्टी हाम्रो सपनाभन्दा बाहिर गइसक्यो ।'

राजनीतिबाट विरक्तिएका उनले ०७४ सालमै आफूलाई एमाले नेता नभन्न आग्रह गरेका थिए । 'मलाई एमाले नेता नभनी साहित्यकार भनिदिनुभए राम्रो हुन्छ, ।'

आखिरी समयमा राजनीतिप्रति दिक्दारी

परिवारका सदस्यका अनुसार राजनीतिक अस्थिरता, प्रमुख दलका शीर्ष नेताहरूको सरकार ढाल्ने, झुटो बोल्नेजस्ता अनैतिक कार्यशैली र व्यवहारसँगै एमालेको पछिल्लो विभाजनप्रति नेपालले दिक्दारी जनाएर असन्तुष्टि प्रकट गर्दै आएका थिए । 'अहिले देशको परिस्थिति ठिक भएन, राजनीतिक अस्थिरताले जनतामा असन्तुष्टि बढ्यो, आन्दोलनको लक्ष्यबाट पार्टीहरू विचलित बन्न थाले, नेताहरूको सोच र कार्यशैली पनि ठिक भएन, वेलावेला भन्ने गर्नुहुन्थ्यो,' नेपाललाई उद्धृत गर्दै भाञ्जा सुरेश निरौलाले नयाँ पत्रिकासँग भने ।

०७८ मा पार्टी फुटपछि कतै नखुलेका उनको नाम नेकपा एसले निर्वाचन आयोगमा दल दर्ता गर्दा राखे पनि हस्ताक्षर गरेनन् । उनलाई माधव नेपाल आफैँले गएर भेटे, फकाउने कोसिस गरे । त्यतिवेला साथमा हुने वचन दिएका उनी अन्तिममा भने खुलेनन् । दल दर्ताका लागि निवेदन दिएको भोलिपल्ट ३ भदौ ०७८ मा नेपालले एकीकृत समाजवादीमा नबस्ने घोषणा गरे । पार्टी विभाजनबाट विरक्तिएकै कारण पनि उनले कुनै पनि पार्टीको झन्डा नओढाउन सन्देश दिएको परिवारका सदस्यहरूको बुझाइ छ ।

नेतृत्वमा युवाको पक्षपोषक

सानिध्यमा रहने पार्टीको युवा पुस्ताका लागि प्रदीप नेपाल उत्प्रेरकको भूमिका खेल्ने अशल अभिभावकजस्तै थिए । 'भृकुटीमण्डपमा पार्टीको नवौँ राष्ट्रिय महाधिवेशन चलिरहेको थियो । दोस्रो दिन महाधिवेशन स्थलमा कमरेड प्रदीप नेपालसँग जम्काभेट भयो । उहाँले सदाझैँ 'अनेरास्वविyुबाट बिदा भएपछि रचना के गर्दै छ' भनी सोध्नुभो । त्यतिवेला म भर्खर अनेरास्वविyुबाट बिदा भएको थिएँ र पार्टी काम कहाँ रहेर कसरी गर्ने भन्ने द्विविधामा थिएँ । मैले आफ्नो कुरा बताएँ,' नेपालको ढाडस पाएर त्यही महाधिवेशनबाट विद्यार्थी राजनीतिहुँदै केन्द्री सदस्यमा 'डेब्यु' गरेकी रचना खड्का सम्झिन्छिन्, 'त्यसपछि प्रदीप कमरेडले भन्नुभो- पार्टीको दीर्घकालीन भविष्यको लागि रचनाको पुस्तालाई पार्टीको केन्द्रीय कमिटीमा ल्याउनुपर्छ । केन्द्रीय सदस्य उठ्नू । मैले भनेँ छिटो भयो भन्छन् कि, जितिन्छ त कमरेड ? उहाँले भन्नुभो- म हात समाएर तँलाई भोट माग्छु, मलाई दिनुपर्दैन, यो रचनालाई दिनुस् भन्छु, त्यसपछि म महाधिवेशनमा केन्द्रीय सदस्यको उम्मेदवार बनेँ । सबैभन्दा कम उमेरको केन्द्रीय सदस्यको रूपमा पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएँ ।'

नवौँ महाधिवेशनमा तीस टेक्दै गरेकी रचना जस्ता धेरैभन्दा धेरै युवा क्याडरलाई केन्द्रमा देख्न चाहने युवाका उत्प्रेरक, प्रगतिवादी साहित्यका धरोहर, चम्किला तारा अस्ताउँदा सिंगै देश रोएको छ, भावपूर्ण श्रद्धाञ्जली, अलबिदा प्रिय सञ्जय !

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

२७ वैशाख (शनिबार) – २ जेठ (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

मिहिनेत गर्दा नाम, दाम र इनाम प्राप्त हुने समय छ । विभिन्न क्षेत्रबाट फाइदा उठाउन सकिनेछ । तर, समयमा होसियार नहुँदा आफ्नो लाभांश बाहिरिन सक्छ । प्रयत्न गर्दा लामो यात्राको प्रक्रिया अघि बढ्न सक्छ । सप्ताहान्तमा विभिन्न अवसर आए पनि स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला । भेटघाटले खर्च बढाए पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आफ्नै कमजोरीले चिताएको काम बिग्रन सक्छ । मन मिल्ने साथी भेटिए पनि सम्बन्ध बिग्रन सक्छ । काम रोकिनाले मन खिन्न रहला । आर्थिक पक्ष पनि कमजोर बन्ने देखिन्छ । अप्ठ्यारा कामको बोझ थपिने सम्भावना छ । बिहीबारपछि स्थितिमा सुधार आउनेछ भने सप्ताहान्तमा अवसरले उत्साह जगाउनेछ । सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

अनावश्यक प्रतिस्पर्धामा पनि केही समय बित्नेछ । तापनि, विभिन्न अवसर प्राप्त हुनेछन् भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । व्यवसायमा प्रतिस्पर्धी पछि पर्नेछन् । मन मिल्ने साथी भेटिनाले हर्ष बढ्नेछ । सप्ताहान्तमा बेसुरमा हौसिनाले हानि होला । उपहारका नाममा फजुल खर्चबाट सजग रहनुहोला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

चिताएको फल प्राप्त गर्न निकै संघर्ष गर्नुपर्ला । केही घरेलु कामकाज स्थगित हुनेछन् भने व्यवहारमा आफ्नैले अप्ठ्यारो पार्न सक्छन् । कामको अवसर प्राप्त भए पनि श्रमको उचित मूल्यांकन नहुनाले लाभ कम हुनेछ । काममा उत्साहपूर्वक जुट्न नसकिएला । पछिसम्म फाइदा हुने काममा लगानी गर्ने अवसर प्राप्त भए पनि तत्काललाई खर्चको मात्रा बढ्ने समय छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

हिम्मत गर्दा प्रतिस्पर्धामा विजयी भइनेछ । लामो तथा रमाइलो यात्राको प्रक्रिया अघि बढ्नेछ । भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ होला । अवसरले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । अतिथिका रूपमा मानसम्मान प्राप्त हुनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई भने फाइदै हुनेछ । सप्ताहान्तमा स्थितिमा सुधार आउनाले फाइदा हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रारम्भमा अप्ठ्यारो परिस्थितिको सामना गर्नुपर्ला । ईर्ष्या गर्नेहरूले सताउन सक्छन् । काम बिग्रने डरले सताउला । स्वास्थ्यमा पनि सजग रहनुहोला । बिहीबारदेखि स्थितिमा सुधार आउनाले रोकिएका काम बन्नुका साथै उत्साहित भइनेछ । लगनशीलताले गुमेको स्थान दिलाउला । परिवेश रमाइलो देखिए पनि अवसरका लागि दौडधुप गर्नुपर्ला ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

घरेलु समस्यामा अलि सावधान रहनुहोला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा पनि अलि दुःख पाइनेछ । बलभन्दा बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला । विभिन्न अवसर प्राप्त होलान् । आँटले भविष्यका चुनौती पन्छाउन सफल भइनेछ । दीर्घकालीन योजना भने गोप्य राख्नुहोला । मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । यात्राले खर्च बढाउन सक्छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

प्रयत्न गर्दा ठुलै उपलब्धि हातलागी हुनेछ । शुभचिन्तकहरू जुट्नाले चिताएका काम सजिलै बन्नेछन् । बिहीबार र शुक्रबार घरायसी समस्याले अल्झाउन सक्छ । कामका लागि साइनो गाँस्नेहरूबाट सतर्क रहनुहोला । समयमा जुट्न नसक्दा चिताएका काममा पनि बाधा पर्नेछ । सप्ताहान्तमा परिस्थिति अनुकूल बन्नेछ । सामाजिक कार्यले सम्मानित स्थान दिलाउन सक्छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

बोलीको प्रभावले फाइदा दिलाउन सक्छ । मिहिनेतपूर्वक काम गर्दा चिताएको फल प्राप्त हुनेछ । शत्रु र प्रतिस्पर्धीहरू पछि परे पनि ईर्ष्यालु आफन्तले काम बिगार्न सक्छन् । तापनि, बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ । पहिले टाढिएका आफन्तहरू पनि नजिकिनेछन् । घरमा बसैरै विभिन्न काम सम्पादन गर्न सकिनेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

हिम्मत गर्दा जटिल कामसमेत सजिलै सम्पादन हुनेछ । लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । काममा अभिप्रेरित गर्नेहरू प्रशस्तै भेटिनेछन् । रमाइलो जमघटका बिच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ । बोलीको भरमा चिताएको काम बन्न सक्छ । मानसम्मानसमेत प्राप्त हुनेछ । बुधबारपछि प्रतिस्पर्धीहरूले दुःख दिन सक्छन् ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । वेलामा होस नपुऱ्याउँदा अप्ठ्यारा चुनौती आउन सक्छन् । शुक्रबारदेखि स्थितिमा सुधार आउनुका साथै नयाँ काममा हात हाल्ने अवसर प्राप्त हुनेछ । भोजभतेरको निम्तो पनि आउन सक्छ । सुन्दर पहिरनले व्यक्तित्व निखार्नेछ भने बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

प्रारम्भमा मनग्ये आम्दानी हुनेछ भने चिताएको काम सजिलै सम्पादन गर्न सकिनेछ । सोमबार र शनिबार खर्चको मात्रा बढ्नेछ भने एउटै कामलाई दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । तापनि आँटेको काम बिस्तारै सम्पादन हुनेछ । आइतबारदेखि विभिन्न अवसर जुट्नुका साथै मनमा आनन्द मिल्नेछ । पारिवारिक भेटघाटका बिच स्वादिष्ट भोजनमा मन रमाउनेछ ।

जरामा जीवनको खोजी

म जरामा कुनै पनि टुक्रा जोड्ने चेष्टा गर्दिनँ, जे बनेको छ, एउटा जराबाट मात्रै बनेको छ

कला



● नरेन्द्रबहादुर श्रेष्ठ, कलाकार



तस्बिर : संजित परियार

मैले काठका टुक्रामा दृष्टि र कला देख्न थालेको करिब ५० वर्ष भयो । यो दौरान निर्जीव जराका मूर्ति सजीव बनेका छन् । ५० वर्षे कलासाधनामा अनगिन्ती सिर्जना भए । ०३२ सालतिरको कुरा हो । मोरङ (विराटनगर) मा हुँदा म प्याराटाइफाइटले थलिएँ । त्यसवेला घरको भित्ताका चिरा नियालेर हेर्थें । चिरा परेका भित्तामा आकृति देखिँ । शरीर गलेको थियो । मन एकोहोरिएको थियो । घरका चिरा परेका भित्तामा अनेक आकृति देख्न थालें र एकोहोरिन थालें । सायद त्यसैले मलाई कल्पनाशील बनाउँदै लग्यो । त्यही कल्पनाशीलता साहित्य र कलामा अनुराग बन्यो जस्तो लाग्छ । त्यसैले मलाई चित्र बनाउन प्रेरित गऱ्यो ।

त्यसैवेला घरको आँगन छरिएका दाउरामा मेरो आँखा पऱ्यो । बेलुका चुलोमा बाल्न ठिक्क पारेको एउटा दाउरोमा आकृति देखिँ । त्यसले मेरो ध्यान तानिरह्यो । मेरा लागि आकृति स्पष्ट हुँदै गयो । मेरो अन्तरचेनताले देखेको आकृति काठको टुक्रालाई खुर्किन थालें । केही दिनमै त्यो दाउराले आकृति लियो । जुन आकृति एउटा हात र एउटा खुट्टा नभए पनि हिँड्न प्रयास गरिरहेको व्यक्तिमा परिणत भयो । एउटा काठको टुक्रा संघर्षरत व्यक्तिमा परिवर्तन भयो । यो नै मेरो पहिलो कला थियो ।

०३२ मा धरानको मोतीस्मृति भवनमा 'संघर्षमय व्यक्तित्व नामक कला प्रदर्शनी' उक्त कलामा राखेँ । प्रदर्शनीमा अरू पेन्टिङ पनि राखेँ । धरानको तत्कालीन ब्रिटिस क्याम्पका प्रमुखले उक्त कलालाई १० हजारमा किन्न खोजे । तर, बेच्न मन लागेन । त्यसवेला काठमाडौंमा १० हजारमा दुई-चार रोपनी जग्गा आउँथ्यो । आफूले बनाएको पहिलो कला बेच्न मन लागेन । त्यहाँ उक्त कला बेचेको भए अरू सिर्जना जन्मदैन थिए होलान् । मैले आजसम्म पनि कुनै सिर्जना बेचेको छैन । म व्यवसायका लागि कलाकारिता गर्दिनँ ।

■ जरामा जीवन र आकृति

पछिपछि घरायसी प्रयोगमा ल्याएका सबै दाउरामा बेग्लबेग्लै आकृति देख्न थालें । रुखको जरा र हाँगा देख्नेबित्तिकैमा त्यसमा घोटिन थालें । नयाँ-नयाँ आकृतिको खोज मेरो लत बन्न पुग्यो । बाढीले बगाएर ल्याएको जरामा समेत कला खोज्न थालें । बाल्न ल्याएको दाउरा मागेर पनि कला सिर्जना गरेको छु ।

रुखका जरा, बांगाटिंगा हाँगा कतै फालेको भेटे संकलन गर्न थालें । घर ल्याएर त्यसैमा खेल्न थालें । मन खोजेको आकृति नबनुन्जेल घोटिलन थालें । जरामा धार्मिक, सांस्कृतिक मिथक तथा प्रकृति र पर्यावरणका दृश्यहरू सिर्जना गर्थें ।

मेरो सिर्जनामा राजनीति, इतिहास, वैदेशिक मामलका पात्रा र घटना भेटिन्थें । ज्ञान र विज्ञान साथै मानवीय संवेदना र भावनासमेत त्यसमा पोखिएको पाउँथें । भूगोल, खगोल र जलसागरसम्म खोज्न मन लाग्न थाल्यो । जगत्मा प्राणीका व्यवहार पनि काठेकलामा अंकित हुन थाल्यो ।


मैले रुखका जराबाट मात्रै होइन, ठुटाबाट पनि आकृति उतारेको छु । रुखको जारा खोज्न खोलाको

साहित्यकार विक्रम सुब्बालाई मनपरेका पाँच पुस्तक



■ **द प्रफेट** : खलिल जिब्रानको काव्यात्मक र दार्शनिक कृति 'द प्रफेट' प्रेम, स्वतन्त्रता, दुःख, धर्म र मृत्युजस्ता जीवनका गहन विषयमाथि प्रवचनात्मक शैलीमा लिखित छ । 'यो राम्रो छ, तर जीवन भोग्दै जाऊ, अनुभवको आधारमा पुस्तकलाई पटक-पटक पुनर्लेखन गर । जब चित्तबुझ्दो लाग्छ, अनि मात्र प्रकाशन गर्नू' पुस्तक पढेपछि उनकी आमाले भनिन् । सोहीअनुसार गिब्रानले १७ वर्षसम्म पटक-पटक पुनर्लेखन गरे । सन् १९२३ मा मात्रै प्रकाशित भयो । पुस्तक एक सय भाषामा दश करोडभन्दा बढी बिक्री भइसकेको छ । मानव भावना र आत्म-चिन्तनलाई काव्यात्मक शैलीमा प्रस्तुत यसले पाठकलाई जीवनको आफ्नै अर्थ खोज्न प्रेरित गर्छ । जस्तैः प्रेमले तिमीलाई बाँध्छ, तर बन्धनमा राख्दैन, किनभने प्रेमका पखेटा हुन्छन् र तिनले अँगालो हाल्छन्, निचोर्दैनन् । जिब्रान जीवनका जटिल प्रश्नहरूको सरल जवाफ दिन्छन् ।

■ **कम्युनिस्ट मेनिफेस्टो** : मार्क्स र एंगेल्सको 'कम्युनिस्ट मेनिफेस्टो' पुँजीवादी किल्लामा हानेको अजेय बम हो । यसले संसारमा पहिलोपटक मानिसले मानिसलाई गर्ने शोषणको कुरा उजागर गरेर शोषणविहीन समाजका लागि क्रान्तिको बाटो देखायो । वर्गसंघर्ष नै इतिहासको चालक शक्ति (प्राक्टिकलभित्र एटोमिक र सबएटोमिक तहका इलेक्ट्रोन र प्रोटनजस्ता विरोधी तत्त्वको अन्तरद्वन्द्वले गति पैदा गरेको वैज्ञानिक प्रणाली) हुन् भन्ने आधारमा समाजका दुई वर्गबिचको अन्तरद्वन्द्वले सामाजिक गति (परिवर्तन) हुन्छ भन्ने खाका प्रस्तुत गऱ्यो । संसारका आधाभन्दा धेरै मानिसलाई एउटा दस्ताबेजले जीवनको नयाँ अर्थ दिन सक्छ, क्रान्ति गर्न प्रेरित गर्न सक्छ भन्ने प्रमाण हो यो, मेनिफेस्टो । दुई सय भाषामा बिक्री भइसकेको यो लेखोटले मानिसको दिमागमा संसारको नयाँ परिभाषा छापिदियो । ५० करोडभन्दा धेरै प्रति बिक्री भएको यो पुस्तक आज जुनसुकै विषय पढ्ने र पढाउने विद्वान्ले पढ्नैपर्ने भएको छ । दुनियाँको राजनीतिलाई लेफ्टिस्ट र राइटिस्टमा विभाजन यसैले गरेको हो । कम्युनिस्ट मन पराउने तर आफूलाई 'कम्निस्ट' भन्न डराउनेले पनि 'समाजवादी' वा 'कल्याणकारी सरकार' आदि शब्दावली ओढेर कम्युनिस्टको तत्त्वलाई घुमाएर स्वीकार गरिरहेछन् । यही मेनिफेस्टोले आजका नयाँ 'मजदुर' डाक्टर, इन्जिनियर, शिक्षक, म्यानेजर, कर्मचारीसमेतलाई कलेक्टिभ बार्गेनिङ गर्ने सिकाएको हो ।



■ **चंगेज खान एन्ड द मेकिङ अफ द मोडर्न वर्ल्ड** : ज्याक वेदरफोर्डको यो पुस्तकले चंगेज खान र मंगोल साम्राज्यको विश्व इतिहासमा पुऱ्याएको योगदानलाई पुनर्व्याख्या गर्छ । चंगेज खानलाई व्यापार, सांस्कृतिक आदानप्रदान र प्रशासनिक सुधारका प्रणेताका रूपमा उनका योगदान उजागर गरेर युद्धमा सामेल योद्धाले पनि आधुनिक विश्वको निर्माणमा देन दिन्छ भन्ने नयाँ दृष्टिकोण पेस गर्छ । लगभग १८ वर्ष एन्थ्रोपोलोजिकल रिसर्चको आधारमा लेखेको यो पुस्तक भन्छ- मंगोलहरूले सिल्क रोडलाई पुनर्जन्म दिए, जसले युरोप र एसियालाई जोड्यो । चंगेज खानले कुनै पनि एकलाई राज्यधर्म बनाएनन्, बरु सबैलाई स्वतन्त्रता दिए । मंगोलहरूले कागजी मुद्रा (पैसा) र डाक प्रणाली (युद्धका वेला सिर्जित)को प्रयोगलाई विश्वव्यापी बनाए । पुस्तकले चंगेज खानले युरोप र एसियाको साझा समृद्धि सुरुवात गरेकोमा मंगोल साम्राज्यप्रति कृतज्ञ र आधुनिक विश्वको जटिलताप्रति सचेत बनाउँछ । भनिन्छ, संसारमा दुई सय मानिसमध्ये एकजनाले चंगेज खानको डिएनए बोकेको हुन्छ । अर्थात्, चंगेज खानका अनुवांशिहरू एक करोड ६० लाखजति धर्तीमा छन्, यसलाई जेनेटिक साइन्समा अतुलनीय उदाहरण मानिन्छ ।

■ **सेपियन्स : अ ब्रिफ हिस्ट्री अफ ह्युमनकाइन्ड** : युभल नोह हरारीद्वारा लिखित यो पुस्तकमा मानव प्रजातिको विकास र सभ्यताको इतिहासलाई संज्ञानात्मक, कृषि, वैज्ञानिक र औद्योगिक क्रान्तिमार्फत प्रस्तुत गरिएको छ । पुस्तकले मानवले रचेका काल्पनिक कथाहरू (जस्तै- धर्म, राष्ट्रवाद, पैसा, ईश्वर)ले र मानिसबिचको 'सहकार्य'ले सभ्यताको निर्माण गरेको हो भन्ने शोध पेस गर्छ । जस्तै- होमो सापियन्सहरूले अनेक काल्पनिक कथा सिर्जना गरे, जसले ठुला समूहलाई एकजुट गऱ्यो । कृषि क्रान्तिले मानवलाई स्वतन्त्र सिकारीबाट बाँधिएको किसान बनायो । विज्ञानले मानवलाई प्रकृतिमाथि नियन्त्रण दिन्छ, तर नैतिक प्रश्न पनि ल्याउँछ । धन, राष्ट्र र धर्म मानवका काल्पनिक कथा मात्र हुन् ।

पुस्तकले मानव इतिहासप्रति विस्मय र जिज्ञासा जगाउँछ, साथै सभ्यताको कमजोरी र भविष्यका जोखिमबारे सचेत पनि गराउँछ । आफ्ना विद्यार्थीलाई पढाउन टिपेको 'टिपोट'लाई पुस्तकको रूपमा प्रकाशित गर्दा यो पुस्तक विश्वप्रसिद्ध भएकोमा हरारी आफैं पनि छक्क परेका छन् । हरेक वर्ष दुई महिना विपश्यना ध्यान गर्न भारतको इगातपुरी आउने र घरमा हरेक बिहान-साँझ एक-एक घण्टा ध्यान गर्ने इतिहासका इजरायली प्रोफेसर हरारी विपश्यना ध्यानले नै आफ्नो लेखनको गुणवत्ता कायम रहेको स्वीकार गर्छन् ।

■ **स्नेक्स इन द गंगा – ब्रेकिङ इन्डिया २.०** : यो पुस्तक राजीव मल्होत्रा र विजया विश्वनाथनले संयुक्त रूपमा लेखेका हुन् । पुस्तकले भारतको सांस्कृतिक र बौद्धिक अखण्डतामाथि पश्चिमी प्रभाव र वैचारिक हस्तक्षेपको विश्लेषण गर्छ । पुस्तकले सदा अरूको उपनिवेश रहेको भारतमा उपनिवेशीकरणको सट्टा विदेशी पोषित संस्थाहरू र शैक्षिक हस्तक्षेपले परम्परागत मूल्यमाथि आक्रमण गरेको छ भन्दै भारतीय सभ्यताको संरक्षणको आह्वान गरेको कुरा उल्लेख छ । जस्तै- भारतको सांस्कृतिक ज्ञानलाई पश्चिमी ढाँचामा विकृत गरिएको छ । एनजिओहरूले भारतको सामाजिक एकता भत्काउने काम गरिरहेछन् । भारतीय विश्वविद्यालयमा पश्चिमी विचारधाराले प्रभुत्व जमाएको छ । भारतको सभ्यताले विश्वलाई योगदान दिएको छ, तर यसलाई कमजोर पार्ने प्रयास भइरहेको छ । भारतले आफ्नो मूल्य र पहिचानको रक्षा गर्नुपर्छ, नत्र भारत पुनः कसैको उपनिवेश बन्नेछ ।

पुस्तकले भारतीयको पहिचान नै संकटमा रहेको कुरा गर्दा हरेक देशका पाठकलाई पनि आफ्नो राष्ट्रिय पहिचान के हो ? भनेर सोच्ने बनाउँछ । विदेशी प्रजातन्त्र र औद्योगिक क्रान्तिले स्थापित गरेका उद्योगका लागि चाहिने जनशक्ति उत्पादन गर्ने पाश्चात्य शिक्षालाई हुबहु गरेकाले शिक्षण संस्थाहरू बेरोजगार उत्पादन केन्द्र बनेर मौलिक पहिचान नष्ट भएकोप्रति पुस्तकले सचेत गराएको छ ।

अभिभावकको आँखा खोलिदिने भिल्को

सिनेमा



● शिवहरि घिमिरे


बिहान उठेदेखि राति नसुतेसम्म मानिसले साथमै बोकिरहने कुनै डिभाइस हुन्छ भने त्यो मोबाइल फोन नै होला । अचेल हरेक नेपालीमा मोबाइल फोन तथा ग्याजेट प्रयोग लतजस्तै भइसकेको छ । के बालबालिका, के बुढाबुढी त के वयस्क । सबै यसको 'लत' मा छन् । साथमा बरु अन्य कोही नभए नहोस्, तर मोबाइल फोन हुनैपर्ने अवस्था छ ।

के तपाईंलाई थाहा छ, मोबाइल फोन र यसमा आउने विभिन्न भिडियो कन्टेन्टले बालबालिका र पारिवारिक जीवनमा कस्तो असर पारिरहेको छ ? कलिलो मस्तिष्क र संवेदनशील उमेरका बालबालिकाको सिकाइलाई मोबाइलले फाइदा गरेको छ त ? तपाईंले पनि एकैछिन त हो नि भनेर बालबालिकालाई मोबाइल हेर्न दिइरहनुभएको छ ? वा घरपरिवारमा समय दिनुहुन्न ? यस्ता प्रश्नको उत्तर खोज्न चाहनुहुन्छ भने चलचित्र भिल्को हेर्नुहोस् ।

डिजिटल डिभाइसको 'लत'ले कसरी भिल्को बलिरहेको छ र समाजलाई असर गरिरहेको छ भन्ने मार्मिक कथा चलचित्रले समेटेको छ । गत शुक्रबार रिलिज भएको यो चलचित्रले मोबाइल प्रयोगले बालबालिकाको जीवन कसरी समाप्त पार्दै छ भन्ने एउटा दरिलो दलिल पेस गरेको छ ।

चलचित्रमा बालबालिकामा देखिएको डिजिटल लतलाई निकै मार्मिक र गहिरो ढंगले प्रस्तुत गरिएको छ । यादवप्रसाद भट्टराईद्वारा निर्मित यस चलचित्र हेर्दा धेरैलाई लाग्छ, यो त घरघरको समस्या हो । डिजिटल लत, सामाजिक सञ्जाल र भाइरल मिडियालाई केन्द्रमा राखेर निर्माणमा गरिएको चलचित्र निकै ज्ञानवर्द्धक छ । डेढ घण्टा







जरा, अर्थात् रुखको आधारस्तम्भ मेरो सिर्जनाको मुख्य माध्यम हो । यिनै जरामा मेरो मानवीय मूल्य-मान्यता आदर्श मानेर कला पस्कने गरेको छु । मेरो कृतिको दोस्रो प्रति हुँदैन ।

मेरा कलामा रामायण, महाभारत र पुराणका कथामा समेटिएका छन् । एउटै कलामा महाभारत अटाएको छु । विष्णुको वराह अवतार, मत्स्यकन्याको अवतार ढालेको छु ।

मानिसमा मात्रै सीमित गरेर कला सिर्जना गरेको छैन । मानिसको प्रत्यक्ष र परोक्ष सम्बन्धको प्राकृतिक सिर्जना गरेको छु । अस्ट्रेलिया पुग्दा कंगारुले छातीमा बच्चा टाँसेको देखेको दृश्य जरामा उतारेको छु ।

अहिले पनि फुर्सदमा काठमाडौंआसपासका रानीवन, नागार्जुनको वनतिर डुल्छु । विशेषगरी रुखका जरा र हाँगा मेरा लागि कच्चा पदार्थ हुन् । आकृति निर्माणका लागि हाँगा बांगाटिंगा हुनुपर्छ । त्यसैमा कला निस्कन्छ । कच्याककुचुक्क भएको हुनुपर्छ । नत्र, आकृति सिर्जनात्मक हुँदैनन् । प्रकृति मेरो सहकार्यको विषय हो ।

■ प्रकृति र मेरो सम्बन्ध

मेरो प्रकृतिसँग केवल भावनात्मक नाता मात्रै होइन, सार्थक नाता गाँस्न मन लाग्छ । यिनै मूल्य-मान्यता मेरो जीवनका आदर्श हुन् । मेरो कला र स्वार्थका कारण हरिया, जिउँदा रुखमा हतियार चलाइनँ, चलाउँदिनँ पनि । बरू फ्याँकिएका, बगर छेउमा लम्पसार परेका काठका ठुटा, लेउ लागेका जरालाई उठाएर ल्याउँछु । तिनीहरूभित्र जीवन खोज्छु ।

हाम्रो मूलधारको जीवनपद्धतिभित्र एउटा हैसियतसहित रहन पाउनु तिनको हक हो । पर्यावरणीय चक्रभित्र स्वायत्त रूपमा रहन पाउनु तिनको अधिकार हो भन्ने मेरो मान्यता छ । सबैले यही ठान्नुपर्छ भन्ने छैन । तर, मेरो विचार, आदर्श र मूल्य-मान्यता कला र जीवनमा उतार्न कोसिस गरिरहेको हुन्छु ।

म जरामा कुनै पनि टुक्रा जोड्ने चेष्टा गर्दिनँ । जे बनेको छ, एउटा जराबाट मात्रै कला बनेको छ । कलाकर्ममा प्रकृतिको उत्तिकै योगदान छ । त्यसैले, मैले भन्ने गरेको छु, मेरो कर्म प्रकृतिसँगको सहकार्य हो । यसमा कुनै महँगो र अत्याधुनिक विदेशी प्रविधि र उपकरण प्रयोग गरेको छैन । घरायसी उपयोगका सामग्रीबाट यस्ता कलाकृति रचना गर्ने गर्छु ।

जरा अर्थात् रुखको आधारस्तम्भ मेरो सिर्जनाको मुख्य माध्यम हो । यिनै जरामा मेरो मनवीय मूल्य-मान्यता आदर्श मानेर कला पस्कने गरेको छु । मेरो कृतिको दोस्रो प्रति हुँदैन । बनाउन पनि चाहन्नँ, जे बनाउँछु एकप्रति बनाउँछु । एक ठाउँमा मात्रै कुँदुछु । प्रकृतिसँग मेरो गहिरो सम्बन्ध छ । जरामा र हाँगामा मानवीय संवेदना देख्छु । रुखको हाँगोमा पनि कला देखिन्छ । केबल रुखको जरामा कला मात्रै हुँदैन, त्यसमा सौन्दर्य पनि देखिन्छ, जीवन्त देखिन्छ । मैले काठेकला सुरु गर्दा माटो र ढुंगाबाट मात्रै मूर्ति बनाइन्छ भन्ने धारणा थियो ।

■ वर्षौंसम्म एउटा जरामा घोत्लिँदा

मैले एउटै कलामा वर्षौं लगाएर पनि काम गरेको छु । १२ वर्ष लगाएर जरामा कला उतारेको छु । मिहिनेतसँगै कला देख्न समय लाग्छ । घरमा जरा ल्याएर राखेपछि दैनिक नियाल्छु । त्यसरी भाव खोज्न थाल्छु । त्यसका लागि समय लाग्छ ।

प्रस्तुति : **पवन बराइली**

बगरबगर डुलेको छु । दूरदराजमा रहेका गाउँ पुगेको छु । मेरा कृति देख्नेले कतै रुखको जरा भेटैं भने झम्झेर अहिले पनि ल्याइदिन्छन् ।

■ प्रकृतिसँगको सहकार्य

मेरा कृतिहरू केवल एक आकृति, आवेग र भावनाका उपज होइनन् । मेरो आधिकांश कलामा कथा बोल्छन् । कतै पराम्परागत मान्यतालाई उल्ट्याएर हेर्न खोजिएको छ । म सानैदेखि विद्रोही सोचको थिएँ । हेपिएका, फ्याँकिएका उपेक्षित भएका, बेवास्ता गरिएका, कुल्चिएका विषय र पात्र पहिलेदेखि मेरो रुचिका क्षेत्र हुन् । मेरा आकृतिमा धार्मिक, सांस्कृति मिथक भेटिन्छ । पर्यावरणको दृश्य भेटिन्छ ।

नेपाल बन्दका दिन केही वर्षअघि साइकल लिएर सिंहदरबार गएको थिएँ । पर्यटन तथा संस्कृति मन्त्रालयमा काम थियो । मन्त्रालयको काम सकेर बाहिर निस्कँदै थिएँ । छेउमै कच्याककुचुक्क परेको काठ देखें । उक्त काठमा आकृति देखें । त्यसलाई टिपेर घर ल्याएँ र महिनौं घोत्लिएपछि त्यसमा रावणले पुष्पक विमानमा चढाएर सीतालाई हरण गरेको दृश्य बन्यो ।

त्यसवेला नै प्रज्ञा प्रष्ठिानमा बाल सुलभ मुद्राका गणेश फेला पारें । चोसो निस्किएको माटोले पोतिएको काठ फेला पऱ्यो । त्यसलाई पनि घर ल्याएँ । केही दिन घोत्लिएपछि शान्त मुद्राको गणेशको आकृति बन्यो ।

धर्म
अफिम कि अमृत ?

सहस्राब्दीकै श्रेष्ठ ठहरिएको मार्क्सवादी विचारका प्रवर्तक कार्ल मार्क्सले धर्म अफिम हो भनिदिएकाले अधिकांश कम्युनिस्टहरू धर्म र अध्यात्मप्रति पूर्वाग्रही बने । पूर्वाग्रहका कारण उनीहरूले ऋषिमुनि, सन्त, ज्ञानी बुद्धहरूले प्रतिपादन गरेका धर्म र अध्यात्मको ज्ञान हासिल गर्ने अवसर गुमाए । फलस्वरूप प्रकृतिको नियम नै धर्म हो, तिनै नियम स्वयं नियामक हुन भन्ने सच्चाइ जान्नबाट वञ्चित भई धर्मविज्ञानलाई अन्धविश्वास रुपि अफिम हो भन्ने भ्रम ठानेर आफू र अरूलाई समेत भ्रममा पारे ।



५ मे १८१८ मा पश्चिम जर्मनीमा (यहुदी परिवार) जन्मेका कार्ल मार्क्स ६ वर्षको हुँदा उनका बाबु धर्म परिवर्तन गरी इसाई बनेका थिए । त्यसैले धर्मप्रति मार्क्सको गहिरो लगाव नरहनु स्वाभाविकै हो । त्यसमाथि उनी जन्मेहुकैको अवधिमा धर्म हराएका सम्प्रदाय मात्र हाबी भएको र त्यस्ता सम्प्रदायप्रति मानिसको आसक्ति अफिमको नशाभन्दा बढी गढेको हुँदा मार्क्सले नक्कली धर्मलाई अफिम भनि सत्य उद्घाटित गरेका हुन । मानव कल्याणको खोजीमा सिंगो जीवन समर्पित गरेका मार्क्स स्वयं एक सन्त हुन् । उनी बाह्य जगत् र दार्शनिक मान्यताको अध्ययन र चिन्तनमननमा मात्र सीमित हुन पुगे । आफुभित्रको आन्तरिक अन्तरिक्षमा साधनारत रही स्वअनुभूति गरी भावनामय प्रज्ञा जगाउन चुके । फलस्वरूप मार्क्सले अर्धसत्य मात्र पत्ता लगाए । सफ्टवेयर बनाए तर हार्डडिस्कको बेवास्ता गरे । उनले अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरी सामन्ती प्रवृत्तिले मजदुरको शोषण गर्ने बाह्य परिपाटी उजागर गर्दै द्वन्द्वात्मक भौतिकवादको सफ्टवेयर बनाए । तर, शोषण प्रवृत्तिको स्रोत राग, द्वेष र मोह हटाएर शोषण प्रवृत्तिलाई परोपकारीमा रूपान्तरण गरी समतामूलक समाज निर्माण गर्ने धर्म धारण गर्नुपर्ने हार्डडिस्क बनाउन ध्यान दिएनन् । त्यसैले उनले बनाएको सफ्टवेयरले अपेक्षित लक्ष्य भेट्टाउन सकेन , सकेको छैन र सक्दैन पनि ।

चार वेद १८ पुराण रचिसकेपछि वेदव्यासले धर्म सूत्रको रूपमा 'परोपकाराय पुण्याय पापाय परपीडनम्' अर्थात् अरूलाई पीडा दिनु पाप हो, अरूको सेवा गर्नु धर्म हो भन्दै धर्मको सारमा जोड दिए । भागवत गीतामा श्रीकृष्णले अर्जुनलाई कर्म नै ईश्वर र कर्म नै पूजा हो भन्ने उपदेश दिएर क्रियाशीलतालाई प्राथमिकतामा राखे । स्वामी विवेकानन्दले 'ब्रह्मविद् ब्रह्मदेव भवति र ममैवाञ्छुजीवलोके जीवभूत सनातन' भन्ने वेदका ऋचाको अर्थ ईश्वर जान्ने नै ईश्वर हो र म नै जीव रूपमा उपस्थित छु भनी (अमेरिकाको सिकागोमा आयोजित विश्व धर्मसभामा) मानिस नै ईश्वरको अंश भएको रहस्योद्घाटन गरे ।

भागवत गीताको पन्ध्रौं अध्यायको पन्ध्रौं श्लोकमा 'म प्राणीहरूको हृदयमा बसेको छु, मबाट नै स्मृति एवम् ज्ञान मिल्छ, अज्ञानताको नाश हुन्छ, वेदद्वारा जानिने मै हुँ, अनि वेदान्तको कर्ता एवं वेदहरूको यथार्थ ज्ञाता पनि मै हुँ' भनि आत्मा (आफु स्वयंलाई) जनाईएको छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछी चार आर्य सत्य क्रमशः दुःख छ, दुःखको कारण छ, कारणको निवारण छ र निवारणको आष्टांगिक मार्ग(उपाय) बताएका छन् । सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाक, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधीलाई आष्टांगिक माग बताउँदै उनले सुखी जीवन जिउन शील समाधी र प्रज्ञाको धर्म मार्गमा चल्नुपर्ने ज्ञान र उपदेश दिएका छन् ।

इसाई धर्मका प्रवर्तक यशू ख्रिष्टले 'लभ इज गड' भन्दै आफैंलाई झुन्ड्याएर मानेहरूलाई माफ गरिदेऊ भनेका छन् । उनीहरूप्रति प्रेम बर्साएर सारा मानवको हित, मानवबिच परस्परमा समर्पित हुने धर्म धारण गर्न प्रेरित गरे । यसरी अनेक युगका ऋषिमुनि र सन्तले सृष्टिको प्रारम्भदेखि नै सृष्टि सञ्चालन गर्ने विज्ञानसम्मत धर्मको यथार्थ रूपमा जीवनमा लाभ दिन्छ । जीवनमा प्रत्यक्ष लाभ दिएको छैन भने त्यो धर्म होइन, धोका हो भन्नेमा प्रस्ट हुनुपर्छ ।

धर्मलाई जीवनमा उतार्न धर्मधारण गर्नु अनिवार्य छ । धर्मधारण गर्न लोकचक्रबाट धर्मचक्रमा प्रतिस्थापित हुनैपर्छ । ६ इन्द्रिय आँखा, कान, नाक, जिब्रो, छाला र मनले क्रमशः रूप, शब्द, गन्ध, रस, स्पर्शयोग्य पदार्थ र विचारसँग स्पर्श गरी तत्क्षण चित्तमा सुखद वा दुःखद संवेदना उत्पन्न गर्छन् । सुखद संवेदना प्रिय लागेर त्यसैमा टाँसिइरहने राग उत्पन्न हुने र दुःखद संवेदना अप्रिय लागेर छिटो हटाउन खोजी द्वेष उत्पन्न भई मन तनाव र उत्तेजनाले भरिन्छ । उत्तेजना गहिरो आसक्तिमा परिवर्तन भई दूषित भव-चक्रको रूपमा बढ्छ र हामीलाई व्याकुल, व्यथित बनाउँदै दुःखको भवसागर खडा गरिदिन्छ । समता गुम्दै विषमता सुरु भई दुःख आरम्भ हुने र दुःखले दुःख बढाउँदै लाने गोलचक्कर चल्छ । यो गोलचक्कर नै लोकचक्र हो ।

धर्मचक्रमा प्रतिष्ठित हुन मानिसले ज्ञानचक्षुले आफूभित्रैको आन्तरिक अन्तरिक्षमा विशेष अवलोकन गर्नुपर्छ । भागवत गीताको पन्ध्रौं अध्याय, दसौं श्लोक 'उत्क्रामन्तं स्थितं वापि भुंजानं वा गुणान्वितम् । विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुष ।' ले धर्मचक्रमा प्रतिष्ठित हुन मार्गदर्शन गरेको छ । आफ्नो धन्दा र अनगिन्ती विषयप्रति धेरै आसक्त हुने विमूढ मानिस तिनै विषयमा अल्मलिएर आत्मा (स्वयंलाई) चिन्दैन । ज्ञानचक्षु खुलाउनेले मात्र ज्ञानचक्षुद्वारा आत्माले नै कुनै एउटा शरीरको जीवन अवधिभरका अनुभवहरूलाई प्रकाशित गर्दै बुद्धि विवेकपूर्ण चैतन्य प्रदान गरेको बोध गर्छ र आन्तरिक अन्तरिक्षमा आत्मपरीक्षण गरी धर्मचक्रमा प्रतिष्ठित हुन्छ ।

जरा, व्याधि र मृत्युजस्ता मानिसका दुःख देखेर यसको निवारणको उपाय खोजीमा दरबार छाडी जंगलमा पाँच वर्षसम्म कडा तप गर्दा सफलता नमिलेपछि ध्यान सुरु गरेको एक वर्षमा धर्मचक्रमा प्रतिष्ठित हुने विधि प्राप्त गरी युवराज सिद्धार्थ गौतम बुद्ध बने । त्यो विधि हो आनापान सति र विपश्यना ।

आनापान सति र विपश्यना विधिले प्रकृतिको नियम बोध गराएर मनमा विकार आएकै क्षणमा जानकारी दिन्छ । उदाहरणका लागि मनमा रागद्वेष जाग्नेबित्तिकै दुई कुरा घटित हुन्छन् । एउटा हामीले फेर्ने सासले आफ्नो स्वाभाविक गतिमा फेरबदल गर्दै तीव्र बनाउँछ । अर्को शरीरको अंग-प्रत्यंगमा सूक्ष्मस्तरमा कुनै न कुनै प्रकारका जीव-रासायनिक क्रिया चल्न थाल्छ । सासको गतिको स्वभावलाई जस्ताको तस्तै नियालिरहेको आनापान सति विधिले श्वासको गति तीव्र हुनेबित्तिकै सूचित गरिदिन्छ । सूचना प्राप्त हुनासाथ तत्क्षण समता र साक्षीभावले विपश्यना अभ्यास गर्दा विकार उत्पन्न हुने स्रोत स्वतः बन्द हुन्छ । शरीरमा हुने जीव-रासायनिक प्रतिक्रियाको साक्षी र समता भावले हेर्ने अभ्यासलाई विपश्यना भनिन्छ । आनापान सति र विपश्यना दुवै विधिको एक-अर्कोसँग घनिष्ठ सम्बन्ध छ ।

साक्षी भावले हेर्ने कलाले निरर्थक कुरामा आसक्ति राख्दा हलचल मच्चाएको सच्चाइ सत्यको साक्षात्कारले संवेदनाप्रति प्रतिक्रिया गरी विकार जगाउने पुरानो स्वभाव पल्टाएर प्रतिक्रिया नगरी समता र तटस्थ रही संवेदनाबाट विचलित नभई चित्त शुद्ध र निर्मल राख्ने बानीको विकास हुँदै स्वभावमा परिणत हुन्छ । चित्त निर्मल शुद्ध बनाउनु नै धर्म धारण गर्नु हो । कोरा चर्चा र चिन्तन मात्र गर्नु धर्मको नाउँमा धोका हुन्छ । धारण गरे मात्र धर्म हो । धर्म अफिम त हुँदै होइन । अमृतभन्दा बढी उपयोगी छ । अमृतको सीमा छ, धेरै सेवन वा सडेको अमृत विष समान हुन्छ । कहिल्यै नसड्ने, जति पालन गऱ्यो, उति उत्कृष्ट बनाउने, सबै जाति, भाषी, सम्प्रदाय, सबै देशमा सदा सर्वदा आवश्यक पर्ने धर्म अतुलनीय छ ।

धर्म र राजनीति



● रामचन्द्र शर्मा

मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्त प्रतिपादन गरी सामन्ती प्रवृत्तिले मजदुरको शोषण गर्ने बाह्य परिपाटी उजागर गर्दै द्वन्द्वात्मक भौतिकवादको सफ्टवेयर बनाए । तर, शोषण प्रवृत्तिको स्रोत राग, द्वेष र मोह हटाएर शोषण प्रवृत्तिलाई परोपकारीमा रूपान्तरण गरी समतामूलक समाज निर्माण गर्ने धर्म धारण गर्नुपर्ने हार्डडिस्क बनाउन ध्यान दिएनन् ।


स्वअनुभूति मानव कल्याणका खातिर हस्तान्तरण गरे ।

आचार्य सत्यनारायण गोयन्काले आफ्ना प्रवचनमा सच्चा धर्म लोप हुँदै नक्कली धर्मको बोलवालाले कोलाहल मच्चाएको खुलाएका छन् । कार्ल मार्क्सले पनि नक्कली धर्मको कर्कस पट्यारलाग्दो आवाजलाई अफिमको उपमा दिएका हुन् । अफिमको नशा त केही समयपछि छुट्छ । नक्कली धर्मको नशाले जीवनभर नछोड्ने हुँदा अफिमभन्दा घातक हुन्छ । विश्वमा व्याप्त अशान्ति र द्वन्द्व, सच्चा धर्म लोप हुँदै जाँदाको दुष्परिणाम हो ।

त्यसकारण सर्वप्रथम सच्चा धर्म चिन्न जरुरी छ । हरेक विषयको पहिचान उसको गुण, स्वभाव, काम र यसको प्रभावबाट हुन्छ । सम्यक, समता, सरलता, सजगता, निर्भयता, शीतलता, आरोग्यता, परमानन्दता, क्रियाशीलता सर्वहितकारी सर्वस्वीकार्यता धर्मका गुण हुन् । चित्त शुद्ध र निर्मल पार्ने धर्मको स्वभाव हो । धर्मले रागद्वेष र मोहजस्ता विकारबाट मुक्त राख्छ । धर्मको प्रभावले सुख शान्तपूर्ण जीवन र पुनर्जन्मको चक्रबाट मुक्ति मिल्छ । शुद्ध धर्मले सदा स्पष्ट, सुबोध,

हाराहारीको चलचित्र हेरिरहूँ लाग्दालाग्दै सकिन्छ । चलचित्रले उठान गरेको मोबाइल लतसम्बन्धी बालिकाको कथा निकै मार्मिक र चोटिलो छ । प्रविधि प्रयोग गर्न जाने हिरो र नजाने जिरो भन्ने उदाहरण चलचित्रले दिएको छ । प्रविधिको दुरुपयोगले निम्त्याउन सक्ने खतरालाई बालबालिकासँग जोडेर निर्माण गरिएको चलचित्र हरकोहीका लागि अति नै महत्त्वपूर्ण छ ।

भोलिका दिन हाम्रो समाज प्रविधि र मोबाइलतिर अझै भर पर्ने निश्चित छ । कृत्रिम वस्तुले मानिस-मानिसबिचको सौहार्द सम्बन्ध कसरी सकाउँदै छ भन्ने विषय चलचित्रले बुझाउन खोजेको छ । चलचित्रमा कुनै द्वन्द्व र भिलेनको भूमिका भने देख्न पाइँदैन । छोटो समयमा धेरै प्रसंग देखाउन खोज्दा कतिपय प्रश्नको उत्तर चलचित्रमा भेटाउन सकिँदैन ।



भाइरल कन्टेन्ट बनाउन खोलिएको सञ्चार माध्यम (अनलाइन मिडिया) डुबेको विषयलाई पनि चलचित्रमा आकर्षक शैलीमा देखाइएको छ । साथै ती अनलाइन मिडियाले कसरी भाइरल कन्टेन्ट तयार पार्छन्, अरूको जीवनमाथि खेलबाड गर्छन् र पारिवारिक कलह निम्याउँछन् भन्ने विषय समेटिएको छ । अरूको गोपनीयता भंग गरेको, भाइरल कन्टेन्ट बनाउनतिर ध्यान दिँदा आफ्नै घरभित्र समस्या निम्तिएकोलगायत विषयलाई चलचित्रमा पेचिलो रूपमा प्रस्तुत गर्न खोजिएको छ । चलचित्रले बोकेको मूल सन्देश प्रविधिको दुरुपयोग नै हो ।

बाबुआमाले समय नदिँदा बालबालिकामा कस्तो असर पर्छ, कसरी मानिस एक्ला बनिरहेका छन् ? भन्ने विषयलाई पनि बडो संवेदनशील रूपमा देखाउन खोजिएको छ । बाबु आफ्नै काममा व्यस्त र छोरीलाई मोबाइल लत लाग्दा स्कुलमा अन्य बालबालिकाभन्दा फरक व्यवहार देखाएको र पढाइमा रुचि नगएको विषय निकै मार्मिक छ । यस्तै, सामाजिक सञ्जालको लाइभमा बस्दा दुध उम्लिएको, घरमा छोरीले समय नपाएको, श्रीमान्सँग सम्बन्ध धमिलो हुन पुगेको विषयसमेत चलचित्रले उठान गरेको साथै बालबालिकालाई बढी मोबाइल दिँदा स्कुलमा अन्य साथी खेल्दा एक्लो बनेको, अरूसँग नबोल्ने, झर्किने, रुने, चिमोट्ने, सामान फाल्ने, फुटाउनेलगायत फरक बानी व्यवहार देखाउन थालेको विषयलाई प्रस्तुत गरिएको छ ।

भाइरल कन्टेन्ट बनाउने मिडियालाई गतिलो झापड

चलचित्रमा समाजप्रति असंवेदनशील सामग्री पस्कने अनलाइन मिडियाकर्मी र पारिवारिक बेमेल निम्त्याउन उक्साउने मानव अधिकारकर्मीलाई बडो मज्जासँग झापड हानिएको छ । समाजलाई दिग्भ्रमित पारिरहेको अनलाइन सञ्चार माध्यमलाई पनि चलचित्रले छोएको छ । अनलाइनमा कसरी भाइरल कन्टेन्ट तयार पारिन्छ र भाइरलको पछि लाग्दा कस्तो घटना निम्तिन्छ भन्ने उदाहरण पात्रले भोगेको देख्न पाइन्छ । पारिवारिक सम्बन्ध बिगार्न उद्यत् सोसल मिडियाकर्मी, मानव अधिकारकर्मीलाई चलचित्रले व्यंग्य गरेको छ । अरू बालबालिकाको असंवेदनशील भिडियो र भाइरल कन्टेन्ट बनाउनतिर लागिरहेको वेला आफ्नै परिवारमा निम्तिएको समस्या र अरूका बालबालिका हराएको विषयमा भाइरल कन्टेन्ट तयार पारिरहेको वेलामा आफ्नै छोरी हराएको दृश्यले झसंग बनाउँछ । चलचित्रमा आफ्नै घर बिग्रिएको नदेख्ने तर अरूका घर बिगार्न र परिवारमा फाटो ल्याउन अग्रसर भाइरल मिडियामा कार्यरतलाई होसियारसमेत बनाउन खोजिएको छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



भारत र पाकिस्तानले यसअघि नै लडेका चार ठुला युद्ध

विश्व



● क्यालम सदरल्यान्ड



सन् १९४७ युद्धका लागि श्रीनगर हवाई मैदानमा भेला भएका भारतीय सेना



सन् १९६५ को दोस्रो भारत-पाक युद्धमा प्रयोग भएका तोप



सन् १९७१ मा तेस्रो भारत-पाक युद्धमा हारेपछि आत्मसमर्पणपत्रमा हस्ताक्षर गर्दै पाकिस्तानी सेनाका लेफ्टिनेन्ट जनरल एएके नियाजी



सन् १९९९ को भारत-कारगिल युद्धमा कब्जा गरिएको पाकिस्तानी हतियार देखाउँदै भारतीय सेना

बेलायतको शासनविरुद्ध लामो स्वतन्त्रता आन्दोलनपछि अन्ततः अगस्ट १९४७ मा बेलायतले भारत छाड्यो । भारतीय उपमहाद्वीपको आफ्नो उपनिवेश छाड्दा बेलायतले आफूले प्रत्यक्ष शासन गरेको दक्षिण एसियाली क्षेत्रलाई हिन्दु बहुल भारत र मुस्लिम बहुल पाकिस्तानमा विभाजित गरेर गएको थियो ।

बुधबार (मे ७ मा) भारत र पाकिस्तानले एकअर्काको भूमिमाथि हवाई हमला गरेपछि दुई देशको तनाव पछिल्लो समय उच्च विन्दुमा पुगेको छ । भारतले गत अप्रिल २२ मा भारत प्रशासित कस्मिरमा भएको आतंकवादी आक्रमणको जवाफमा 'अपरेसन सिन्दुर' नाममा बुधबार पाकिस्तानी क्षेत्रमा शृंखलाबद्ध मिसाइल आक्रमण गरेपछि पाकिस्तानले जवाफी हमला गरेको छ ।

अप्रिल २२ मा भारत प्रशासित कस्मिरमा भएको आतंकवादी आक्रमणमा २५ जना भारतीय र एकजना नेपाली पर्यटक मारिएपछि पछिल्लो तनाव सुरु भएको हो । भारतले पाकिस्तानको सरकारले आतंकवादी आक्रमणलाई समर्थन र सहयोग गरेको दाबी गरेको छ, जसलाई पाकिस्तानले अस्वीकार गरेको छ । बुधबारको हवाई आक्रमणपछि पाकिस्तानमा ३१ र भारतमा १६ को मृत्यु भएको प्रारम्भिक तथ्यांक आएको थियो । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका साथै अमेरिका, चीन, रुसका अधिकारीहरूलगायत विश्व नेताहरूले तनाव कम गर्न आग्रह गरेका छन् । भारत र पाकिस्तानबिचको पछिल्लो तनाव बुझ्न यसको इतिहास हेर्नु उपयुक्त हुन्छ ।

■ १९४७ : स्वतन्त्रलगत्तै पहिलो युद्ध

उसो त भारत र पाकिस्तानबिचको तनाव ती देशहरूजत्तिकै पुरानो हो । सन् १९४७ अघि दुवै देश बेलायतको उपनिवेश थिए । बेलायतको शासनविरुद्ध लामो स्वतन्त्रता अन्दोलनपछि अन्ततः अगस्ट १९४७ मा बेलायतले भारत छाड्यो । भारतीय उपमहाद्वीपको आफ्नो उपनिवेश छाड्दा बेलायतले आफूले प्रत्यक्ष शासन गरेको दक्षिण एसियाली क्षेत्रलाई हिन्दु बहुल भारत र मुस्लिम बहुल पाकिस्तानमा विभाजित गरेर गएको थियो । यस भेगमा बेलायतले प्रत्यक्ष शासन गरेका बाहेक पनि ६५० जति ससाना बेलायत आश्रित राज्य थिए । तिनलाई भारत र पाकिस्तामध्ये एउटा छान्ने विकल्प दिइएको थियो । प्रायः मुस्लिम बहुल राज्य पाकिस्तानमा गाभिए भने हिन्दु बहुल राज्य भारतमा मिसिए । तर, हिन्दु राजा हिन्दु महाराजाले शासन रहेको मुस्लिम बहुल कस्मिर भने कता मिसिने विवादमा फस्यो । यसै विषय चर्किँदै जाँदा दुई नयाँ देशबिच पहिलोपटक युद्ध भड्कियो ।

कस्मिरका तत्कालीन हिन्दु राजा हरि सिंहले सुरुमा भारत पाकिस्तान दुवैमा नमिसिई स्वतन्त्र रहने प्रयास गरेका थिए । तथापि, उनी सो चाहना कार्यान्वयन गर्न सक्ने गरी जनतामाझ लोकप्रिय थिएनन् । राज्यमा सिंहको शासनविरुद्ध आमअसन्तुष्टि र विरोध चुलिँदै गएको थियो । यही माहोलमा पाकिस्तानतर्फबाट आदिवासीहरूको एक सशस्त्र दस्ताले अक्टोबर १९४७ मा कस्मिरमाथि आक्रमण गऱ्यो । ती सशस्त्र दस्तालाई पाकिस्तानी सेनाले सघाएको थियो ।

पाकिस्तानतर्फबाट आक्रमण भएपछि हरि सिंहले नयाँदिल्लीबाट सुरक्षा प्रतिबद्धता लिएर राज्यलाई भारतमा बिलय गर्ने दस्तावेजमा हस्ताक्षर गरिदिए । भारतसँग बिलय सम्झौतामा हस्ताक्षर भएपछि भारतले पाकिस्तानतर्फबाट भएको सैन्य हस्तक्षेपविरुद्ध आफ्नो सेना परिचालन गऱ्यो । र, पहिलोपटक भारत र पाकिस्तान प्रत्यक्ष युद्धमा होमिए ।

भारत-पाकिस्तानबिचको पहिलो युद्धका क्रममा भारतीय सेनाले राज्यको दुईतिहाइ भाग लिन सफल भयो । बाँकी एकतिहाइ भागमा पाकिस्तानी फौजले नियन्त्रण कायम गऱ्यो । सन् १९४९ मा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा युद्धविराम हुँदा दुई सेनाले जहाँसम्म कब्जा गरेका थिए त्यसलाई मान्यता दिए दुई देशको सेनाको भेट (मुडभेड) भएको स्थान 'नियन्त्रण रेखा (एलओसी)'लाई अस्थायी सीमा घोषित गरियो । तथापि, त्यसपछि पनि दुवै देशले सम्पूर्ण कस्मिरमा दाबी गर्न छाडेनन् ।

■ १९६५ - दोस्रो भारत-पाकिस्तान युद्ध

सन् १९४९ मा संयुक्त राष्ट्रसंघको मध्यस्थतामा युद्धविराम भएपछि पनि दुई देशबिच सीमाक्षेत्रमा सानातिना झडप चलिरहेको थियो । सन् १९६० को दशकसम्म पुग्दा तनाव चुलिँदै जानथाल्यो । ५ अगस्ट १९६५ मा, पाकिस्तानले भारत प्रशासित कस्मिरमा ठुलो संख्यामा सेना पसाएर भारतविरुद्ध विद्रोह सुरु गर्ने उद्देश्यका साथ 'अपरेसन जिब्राल्टर' नामक सैन्य अपरेसन सुरु गऱ्यो । अपरेसन असफल भयो र भारतले जवाफी कारबाही गर्दा दुई देशलाई कस्मिरका विषयमा पुनः युद्ध धकेल्यो ।

मुख्यतः कस्मिरी भूमिमा ५० दिनसम्म चलाएको युद्धमा दुई राष्ट्रका पाँच हजारजति सेनाले ज्यान गुमाए । तत्कालीन विश्वशक्ति अमेरिका र सोभियत संघको कूटनीतिक हस्तक्षेपपछि फेरि संयुक्त राष्ट्रसंघको मध्यस्थतामा दुई देशबिच युद्धविराम भयो । तीन महिनापछि सोभियत संघको तासकन्त सहरमा एक सन्धि गरेर यस युद्धविरामलाई औपचारिकता प्रदान गरिएको थियो । नियन्त्रण रेखा पुनः यथावत् राखियो, तर फेरि पनि दुवै पक्षले कस्मिरको पूरै भागमाथि दाबी राख्न छाडेनन् ।

■ १९७१ - बंगलादेशका लागि तेस्रो युद्ध र कस्मिरको स्थायी विभाजन

सन् १९४७ मा बेलायतले छाडेर जाँदा पश्चिममा रहेको हालको पाकिस्तान र हालको बंगलादेश, अर्थात् पूर्वी बंगालको भूभाग समेटेर पाकिस्तान बनेको थियो । सन् १९५५ मा पूर्वी बंगाललाई पूर्वी पाकिस्तान भन्न थालियो । तर, इस्लामाबादकेन्द्रित पन्जाबीभाषी राजनीतिज्ञबाट बंगाली भाषा र बंगाल अलगावमा परेको भन्दै यस भेगमा सुरुदेखि नै असन्तुष्टि थियो । बिस्तारै विरोध उर्लिँदै थियो । सन् १९७० मा पाकिस्तानमा भएको आमनिर्वाचनमा बंगाल क्षेत्रमा हाबी रहेको अवामी लिगले बहुमत प्राप्त गऱ्यो । तर, राष्ट्रपति याया खानले अवामी लिगलाई सरकार बनाउन रोकेपछि बंगालमा विद्रोह उठ्यो । पाकिस्तानी फौज विद्रोहीलाई क्रूरतापूर्वक दबाउन उत्रियो । यसले सन् १९७१ मा बंगलादेशमा स्वतन्त्रता संग्राम चर्कियो ।

बंगलादेशमा भड्किएको द्वन्द्वले लाखौँ बंगलादेशी नागरिक सुरक्षाका लागि छिमेकी भारत पस्दा त्यहाँ शरणार्थी संकट निम्तियो । भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले बंगलादेशको स्वतन्त्रताको समर्थनमा सेना पठाउने निर्णय गरिन् । योसँगै भारत र पाकिस्तानबिच तेस्रो युद्ध सुरु भयो । यो युद्ध विगतमा भन्दा छोटो रह्यो । भारतले डिसेम्बर ३ मा पाकिस्तानविरुद्ध युद्ध घोषणा गरेको थियो । १३ दिनपछि डिसेम्बर १६ मा पाकिस्तान सेनाको पूर्वी कमान्डले आत्मसमर्पण गरेसँगै युद्ध रोकियो ।

६ महिनापछि जुलाई १९७२ मा 'सिमला सम्झौता'मार्फत दुई देशले औपचारिक रूपमा तेस्रो युद्धको अन्त्य गरे । भारत-पाकिस्तानबिच भएको तेस्रो युद्ध पहिलेका दुईजस्तो कस्मिरको विषयमा लडिएको थिएन । न त मुख्य युद्धभूमि कस्मिर थियो । तथापि, सिमला सम्झौताका क्रममा कस्मिरको 'नियन्त्रण रेखा'लाई दुवैले स्थायी रूप दिने सहमति जनाए । सम्झौतापछि पनि दुई देशले अझै पनि सम्पूर्ण कस्मिरमाथिको हकदाबी गरिरहे । तथापि, सम्झौताले 'नियन्त्रण रेखा (एलओसी)'लाई औपचारिक रूपमा भारत र पाकिस्तानको सीमाको काम गऱ्यो, जुन अझै कायम छ ।

■ सन् १९९९- कस्मिरमा विवादास्पद चुनाव, विद्रोह र चौथो युद्ध (कार्गिल युद्ध)

भारत प्रशासित कस्मिरमा सन् १९८७ मा भएको विधान सभा चुनावले राज्यको राजनीतिमा लामो प्रभाव पारेको मानिन्छ । चुनावमा फारुक अब्दुल्लाह नेतृत्वमा रहेको पार्टी 'नेसनल कन्फरेन्स'को पक्षमा व्यापक धाँधली भएको सबैले देखे । यस खुला धाँधलीले राज्यको गिर्दो अवस्थाबाट असन्तुष्ट आमकस्मिरीलाई थप आक्रोशित बनायो । त्यसपछिका वर्षहरूमा कस्मिरमा सशस्त्र समूहको गतिविधि तीव्र वृद्धि हुन थाल्यो । यस्ता समूहले पाकिस्तानको समर्थनमा भारतबाट अलग हुने माग उचाल्न थाले ।

यसै समयमा निर्माण भएको 'जम्मु र कस्मिर लिबरेसन फ्रन्ट (जेकेएलएफ)'ले पाकिस्तानको समर्थनमा सन् १९९० को दशकको सुरुमा राज्यमा विद्रोहको नेतृत्व गऱ्यो । जेकेएलएफले पछि आफूलाई पाकिस्तानबाट टाढिएर कस्मिरी स्वतन्त्रतामा जोड दिन थाल्यो । कस्मिरलाई भारतबाट अलग गर्नुपर्ने माग राख्ने समूह जेकेएलएफ मात्र थिएन । त्यसैबेला गठन भएका अन्य समूह अझै पनि पाकिस्तानको समर्थनमा सशस्त्र संघर्ष चलाइरहेका छन् । तिनमा 'लस्कर-ए-तैयबा (एलइटी)' सबैभन्दा परिचित समूह हो । सन् १९९० को दशकमा यो कस्मिरको सबैभन्दा सक्रिय र प्रमुख लडाकु समूह बन्यो ।

९० को दशकको मध्यसम्म आइपुगेपछि भारतले कस्मिरभित्र बढ्दो सशस्त्र समूहको प्रभावलाई कम गर्न पाकिस्तानसँग सीधा कूटनीति महत्त्वपूर्ण हुने बुझ्न थालिसकेको थियो । यसैले उसले भित्री च्यानलमा वार्ता अघि बढायो । लामो कूटनीतिक प्रयासको परिणामस्वरूप फेब्रुअरीमा भारतका तत्कालीन प्रधानमन्त्री अटलबिहारी बाजपेयी बसमा चढेर पाकिस्तानको लाहोर पुगे । दशकपछि पाकिस्तान पुग्ने पहिलो भारतीय प्रधानमन्त्री बनेका बाजपेयीले सम्बन्धलाई मुख्य प्राथमिकता दिएका थिए । बाजपेयी भ्रमणमा दुई देशले सम्बन्ध सामान्यीकरण गर्दै जाने 'लाहोर घोषणापत्र'मा हस्ताक्षर गरे । लाहोर घोषणापत्रले भारत पाकिस्तानबिच शान्ति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने धेरैको आशा थियो । तर, घोषणापत्रको मसी पनि सुक्न नपाउँदै तीन महिनामै दुई देश पुनः युद्धभूमिमा एकअर्काविरुद्ध उभिएका थिए ।

भारत प्रशासित कस्मिरको कार्गिल क्षेत्रमा कैयौँ सैन्य पोस्ट पाकिस्तानतर्फबाट आएका घुसपैठियाले कब्जा गरेपछि उक्त लडाइँ सुरु भएको थियो । भारतले घुसपैठिया पाकिस्तानी सेना भएको दाबी गरेको थियो । तथापि, पाकिस्तानले भारतको दाबी खण्डन गर्दै ती कस्मिरी विद्रोही भएको बतायो, पछि पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफले घुसपैठियालाई फिर्ता बोलाएपछि युद्ध रोकियो । (त्यस समय पनि उनले ती पाकिस्तानी सेना नभएको बताइरहेका थिए ।) १० हप्ता चलेको लडाइँमा १,००० भन्दा बढी लडाकुको मृत्यु भयो ।

१९९० को दशकभरको उच्च तनावका बिच कस्मिर विश्वको सबैभन्दा बढी सेना तैनाथ भएको क्षेत्रमध्ये एक बन्यो । लाखौँ भारतीय सेनाको उपस्थितिका बाबजुद सशस्त्र समूहको सक्रियता घटेन । धेरै कस्मिरी लडाकु समूहले सन् २००० को दशकमा पनि आक्रमण जारी राखे । २००१ मा लस्कर-ए-तैयबा र अर्को समूह जैस-ए-मोहम्मद (जेइएम)ले मिलेर नयाँदिल्लीस्थित भारतीय संसद् भवनमा आक्रमण गरे । आक्रमणमा पाँच आतंककारीसहित १४ जनाको मृत्यु भएको थियो । लस्कर-ए-तैयबाले पछि सन् २००८ मा मुम्बईमा अर्को आतंकवादी हमला गरेको थियो, जसमा १६६ को मृत्यु भएको थियो ।

फेब्रुअरी २०१९ मा जैस-ए-मोहम्मदसम्बद्ध एक आतंककारीले कस्मिरको पुलवामाको राजमार्गमा गुडिरहेको भारतीय केन्द्रीय रिजर्भ पुलिस बलको गाडीमाथि विस्फोटक पदार्थले भरिएको कार ठोक्काउँदा ४० प्रहरीको मृत्यु भयो । भारतीय लडाकु विमानले पाकिस्तानी भूमिमा सर्जिकल स्ट्राइक गऱ्यो । तथापि, द्वन्द्व मत्थर हुँदा युद्ध हुन पाएन । आक्रमण भएकै वर्ष अगस्टमा भारतको केन्द्र सरकारले कस्मिरलाई देशको संविधानले प्रदान गरेको विशेष अधिकार (स्वायत्तता) खारेज गरिदियो । यसको पूर्ण अधिकारसमेत खोसिँदा पहिलेको कस्मिर राज्य अहिले लद्दाख र कस्मिर गरी दुई केन्द्र शासित क्षेत्रमा विभाजित छन् ।

सदरल्यान्ड टाइम्स म्यागेजिनका रिपोर्टर हुन् ।
*अनुवाद : **श्रवण उप्रेती** (टाइम्स म्यागेजिनबाट)*

चर्चाको भोकले संगीतमा कलात्मक पक्ष कमजोर भइरहेछ

● **आशिष अविरल**, गायक तथा संगीतकार



अहिलेको पुस्ता 'एटेन्सनसिकर' भएको छ । नकारात्मक होस् वा सकारात्मक भ्युज बटुल्ने ध्याउन्नमा छ । कालान्तरमा यसले संगीतलाई दूषित बनाउँछ । क्षमता भएकाहरू संगीतबाट पलायन भइरहेका छन् । डिजिटल प्लाटफर्मले संगीतलाई आममान्छेको सहज पहुँचमा ल्याए पनि कलात्मक पक्ष कमजोर बन्दै गएको भान भइरहेको छ ।

पहिलो एल्बम 'बास्ना'ले संगीतकर्ममा छरेको बास्ना

बाग्लुङ मल्म गाउँमा जन्मिएँ, हुर्किएँ । घरमा बुबाले पञ्चेबाजा बजाउनुहुन्थ्यो । त्यसैले म पनि बाजासँग नजिक हुन पाएँ । बिस्तारै संगीतप्रतिको मोह जाग्दै गयो । एसएलसी पास गरेपछि सदरमुकाममा उच्च शिक्षा अध्ययनका लागि आएँ । अध्ययनसँगै संगीतलाई अघि बढाएँ । त्यतिबेला रक्तिम सांस्कृतिक अभियानमा आबद्ध भएँ । रक्तिम अभियानलाई मजस्तै कलाकार चाहिएको रहेछ । अभियानमा झन्डै पाँच वर्ष लागेँ । त्यसले मलाई संगीतको आधारभूत ज्ञान दियो ।

०५७ सालमा गायक, संगीतकार बन्ने सपना पालेर काठमाडौं आएँ । त्यही बेला रेडियो नेपालले आयोजना गरेको लोकगीत प्रतियोगितामा भाग लिने अवसर मिल्यो । प्रतियोगितामा मैले गाएको गीत सबैले मन पराए । यही कारण संगीतकार पूर्ण नेपालीले मेरो एउटा लोकगीत आफ्नै खर्चमा रेकर्डसमेत गराइदिनुभयो । यसपछि लोकदोहोरीका एल्बम नै निकालेँ । फाइदा नभए पनि मुस्किलले लगानी उठ्थ्यो र रहर पूरा हुन्थ्यो ।

०६३ सालतिरको कुरा हो । काठमाडौंमा सीमित रेकर्डिङ स्टुडियो थिए । क्यासेट कम र सिआरबिटी बढी प्रयोग हुने गर्थ्यो । यतिबेलै एउटा एल्बमका लागि आठवटा धुन तयार पारेको थिएँ । गायक नरेन्द्र प्यासीलाई भेटेँ र धुन सुनाएँ, उहाँले निकै मन पराउनुभयो । संगीतको ट्र्याक तयारपछि हामीले आनन्द अधिकारीलाई भेट्यौँ । उहाँले पनि संगीत मन पराउनुभयो । त्यसपछि उहाँले चार महिना लगाएर शब्द लेख्नुभयो र हामीले 'बास्ना' एल्बम तयार पार्‍यौँ । आनन्द अधिकारीको शब्द, नरेन्द्र प्यासीको स्वर र मेरो संगीत रहेको 'बास्ना'लाई श्रोताले खुबै मन पराए । हजारौँ प्रति क्यासेट बिक्री भए भने एल्बममा रहेका गीत सिआरबिटीमा पनि निकै डाउनलोड भए । गीतको म्युजिक भिडियो निर्देशक आलोक नेम्वाङले बनाए । 'बास्ना'पछि 'सृष्टि' र 'वाणी' एल्बममा संगीत भर्ने ।

सुरुवाती दिनमा संगीतबाट आर्थोपार्जन वा चर्चा पाइएन । यद्यपि, कहिल्यै थाकिनँ । बरु संगीतमा नयाँ-नयाँ प्रयोग गर्ने कोसिस गर्ने । मैले संगीत संयोजन गरेको 'सालको पात टपरी' निकै लोकप्रिय बन्यो । त्यसपछि 'लालुमै...' बोलेको लोकगीतमा संगीत दिएँ । यो गीत पनि धेरैले रुचाए । लोकशैली र डान्सिङ 'माया लुकी लुकी...', 'नाइँ मलाई थाछैन...', 'यो कुरा गोप्य नै राखौंला...', 'मिठो सारै मिठो...' 'म पनि बन्छु कि कवि देवकोटा...' लगायत गीतलाई श्रोताले निकै मन पराइदिनुभयो ।

प्रविधिले स्खलित बनेको गीत-संगीत

अहिले नेपाली गीतसंगीत डिजिटल युगमा प्रवेश भइसकेको छ । संगीत सिर्जनाका लागि सफ्टवेयर विकास भएका छन् । यस्ता प्रविधिले सजिलो बनाइदिएको छ । पहिला गीतको गुणस्तरबारे धेरै कुरा हुन्थ्यो । पैसा कति कमाउँछ भनेर कुरा हुँदैनथ्यो । क्यासेट कति बिक्री हुन्छ भन्नेतर्फ ध्यानै जाँदैनथ्यो । निःस्वार्थ भावले कला पक्षलाई मात्रै जोड दिइन्थ्यो । अहिले बजारलाई हेरेर गीत सिर्जना हुन्छ । संगीतकार हुनुको सबैभन्दा ठुलो चुनौती यही हो । गीत बनाउँदा पनि चल्छ कि चल्दैन भनेर सिर्जना गर्नुपर्ने वेला आयो । पहिल्यै सोचेर गीत बनाउनुपर्ने अवस्था छ ।

सुरुवाती दिनमा रेडियो नेपालले गीत रेकर्ड गरिदिन्थ्यो । गीत चले पनि नचले पनि मतलब हुँदैनथ्यो । गीतसंगीत सिर्जना जीवनयापनको पेसा बन्यो । मैले गाएको गीतले कति भ्युज पाउँछ । गीतले कति कमाइ गर्छ भन्ने ध्याउन्नतिर केन्द्रित भएको छ । जसले कला पक्ष स्खलित भएको देखिन्छ ।

अचेल नकारात्मक तरिकाबाट पनि मार्केटिङ गर्ने परिपाटी बढिरहेको छ । अहिलेको पुस्ता 'एटेन्सनसिकर' भएको छ । नकारात्मक होस् वा सकारात्मक भ्युज बटुल्ने ध्याउन्नमा छ । कालान्तरमा यसले संगीतलाई दूषित बनाउँछ । क्षमता भएकाहरू संगीतबाट पलायन भइरहेका छन् । डिजिटल प्लेटफर्मले संगीतलाई आममान्छेको सहज पहुँचमा ल्याए पनि कलात्मक पक्ष कमजोर बन्दै गएको भान भइरहेको छ ।

नयाँ-नयाँ प्रविधिको विकासले संगीतको गुणस्तरमा समेत प्रश्न उठाइरहेको छ । यसले सजिलो बनाइदियो होला, तर दीर्घकालीन हुन सक्दैन । ज्ञान नै नभएका मान्छेले समेत यस्ता प्रविधि प्रयोग गरेर गीत-संगीत सिर्जना गर्न सक्ने अवस्था बनेको छ । अझ श्रोताले त्यस्तै गीत-संगीतलाई मन पराइदिने वातावरण छ ।

गीत-संगीतको प्रचारमा सामाजिक सञ्जाल (टिकटक, फेसबुक रिल, इन्स्ट्रा आदि)को उपस्थिति व्यापक बनिरहेको छ । टिकटकमा १५ सकेन्डको भिडियो हेर्ने-सुन्ने जमात बढ्दो छ । १५ सेकेन्डमा गीत-संगीतको मापन गर्न सकिन्छ र ? यसले गीत-संगीतको आयु घटिरहेको पाउँछु । मेरो बुझाइमा संगीतको जति धेरै आयाम हुन्छ, त्यति दीर्घकालीन हुन्छ । जति संगीतको तत्त्व कम छ, त्यसको आयु पनि कम हुन्छ ।

पहिले एउटा गीत सिर्जना गरेर आममान्छेसम्म पुग्न धेरै समय लाग्थ्यो । सिर्जना गर्नु भनेको सन्तान जन्मनुजस्तै हो । संगीत सिर्जना सजिलो छैन । मेरो करिअरमा छोटो समयमा सिर्जना गरेका गीत हिट भएका छैनन् । एउटा गीत सिर्जना गर्न मलाई कम्तीमा एक वर्ष लाग्छ । कतिपय त दुई-तीन वर्षमा आएका पनि छन् ।

पहिले गीतको सुरमा अडिन सक्नेले मात्रै गाउँथे । सुर करेक्सन गर्ने उपकरण आएको थिएन । जसले सुरमा गाउन सक्छ, उसले गाउँथ्यो । जसले सुरमा गाउन सक्दैन, उसले स्टुडियोमा धेरै टेक खान्थ्यो । बेसुरा गीत फाइनल गर्न पनि नमिल्ने, पटक-पटक गाउन स्टुडियोमा समय नै पाइँदैनथ्यो । जसले पनि गीत गाउन सक्ने अवस्था थिएन ।

अचेल गायक-गायिकामा छोटो समयमै चर्चित हुने भूत सवार छ । कलात्मक पक्षभन्दा बढी चर्चा खोज्ने संस्कृतिको विकास भइरहेको छ । संगीतको सुरमा अडिएर गाउन सक्नु, नसक्नुलाई समान्य मानिन्छ । त्यसैले संगीतको कलात्मक पक्ष खस्किँदै गएको छ ।

हिजो हामी गायक-गायिका सुनिन्थ्यौँ मात्र, आज देखिन्छौँ पनि । सिडी र क्यासेट गीत संग्रहका रूपमा ल्याउने जमाना गयो । गीत इन्टरनेटका माध्यमबाट राख्न सकिने समय आएको छ । गीत रेकर्डिङ, म्युजिक भिडियो र प्रचारप्रसारका कारण अहिले महँगो व्यवसाय बन्न पुगेको छ । यसमा हामीले आफूलाई ढाल्नुपर्ने स्थिति छ । कलाकारलाई आम्दानी गर्ने राम्रो स्रोत स्टेज सो नै हो । गीत बन्नलाई भावना चाहिन्छ । भावनापछि मात्रै प्रविधि आउँछ । मलाई भावले छोयो भने मात्रै गीत बन्छ । गीतले कथा बोक्नुपर्छ । अनि मात्रै प्रविधिको कुरा हो ।

प्रविधिले गीत-संगीतको कलात्मक पक्ष कमजोर बनाउँदै लगेको देखिन्छ । साधना अहिले पनि आवश्यक नै छ । तर, गायन पक्ष अलि कमजोर भएको हो कि भन्ने भान हुन्छ । प्रविधिले सजिलो बनाइदियो, साधना कम भयो । हामीले पनि आफूलाई समयअनुसार ढाल्नुपर्ने भएको छ । यो एक प्रकारको परिवर्तन पनि हो । तर, डिजिटल पर्दामा हिट वा सुपरहिट हुनेभन्दा पनि कसरी सिर्जनशील रहिरहेर संगीतलाई निरन्तरता दिने भन्ने नै हो ।

प्रस्तुति : **पवन बराइली**

लगानी दशक घोषणा गर्ने गरी बजेट ल्याउन सिएनआईको सुझाव

राजेश अग्रवाल, अध्यक्ष, उद्योग परिसंघ



'समृद्धिका लागि जे पनि' भन्ने भावनासहित लगानीको वातावरण निर्माण गर्न आवश्यक छ। आगामी दश वर्षका लागि लगानी वर्ष घोषणा गरी लगानी प्रवर्द्धन गर्ने नीति लिन आग्रह गर्दछु। आयातलाई सामान्य नियमन तथा आन्तरिक उत्पादनमा सामान्य सहुलियत उपलब्ध गराउँदा स्वदेशमा लगानी बढ्ने, उत्पादन वृद्धि हुने एवं आत्मनिर्भरतातर्फ जान सक्ने वस्तुको पहिचान गरी यस्ता उद्योगलाई प्रोत्साहन गर्न आयात निरुत्साहन गरिनुपर्ने नीति लिनुपर्छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थतन्त्रको दीर्घकालीन सुधारका लागि आगामी १० वर्षलाई लगानी वर्ष घोषणा गर्ने कार्यक्रम आव ०८२/८३ को बजेटमा राख्न नेपाल उद्योग परिसंघ (सिएनआई)ले सुझाव दिएको छ।

अर्थतन्त्रको समग्रमा मागमा आएको कमी, निजी क्षेत्रको घटेको मनोबल, कर्मचारीतन्त्रको निजी क्षेत्रप्रतिको बढ्दो अविश्वास, उत्पादन क्षमताको न्यून उपयोग, राजस्व संकलनमा कमी, बैंकिङ क्षेत्रमा लगानीयोग्य पुँजीको सञ्चिति र न्यून नयाँ लगानीजस्ता अर्थतन्त्रका निराशाजनक दृश्यलाई बिदा गर्न आगामी वर्षदेखि लगानीमैत्री वातावरण बनाउन सरकारले विशेष पहलकदमी लिनुपर्ने सिएनआईको सुझाव छ। 'अर्थतन्त्रको हालको शिथिलताबाट बाहिर निस्कनका लागि तथा अर्थतन्त्रलाई चलायन बनाउन व्यापक मात्रामा लगानी आवश्यक छ,' सिएनआईले शुक्रबार अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई बुझाएको सुझावमा भनिएको छ।

स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्न उत्पादनमूलक उद्योगको नाफामा लाग्ने आयकरको दर कम गर्दै १० प्रतिशतमा सीमित गर्नुपर्ने सिएनआईको ठहर छ। परिसंघको सुझाव लिँदै अर्थमन्त्री पौडेलले निजी क्षेत्रको मनोबल, लगानी र उत्पादकत्व बढाउने वातावरण तयार गर्ने सरकारको चाहना रहेको बताएका थिए। 'लगानी बढाउन सरकारले जे-जस्तो नीति लिनुपर्छ, त्यस्तो नीति लिन सरकार प्रतिबद्ध रहेको छ,' उनले भने।



अर्थमन्त्रीसँग रवि लामिछानेको प्रशंसा

अर्थमन्त्री पौडेललाई भेट्न सिंहदरबार पुगेका उद्योगपति शिवरतन सारडाले भने–



मलाई कुनै दलविशेषको पक्षपोषण र राजनीतिक लाभ-हानिको कुरा गर्नु छैन। तर, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गृह मन्त्रालयको जिम्मेवारी लिँदाको छोटो समयमा भन्सार नाकाबाट हुने चोरी-पैठारी पूर्ण रूपमा बन्द भएको थियो।



सिएनआईले मदिरा तथा सुर्तीजन्य पदार्थमा कर बढाउँदा चोरी-पैठारी बढ्ने र राजस्वसमेत प्रभावित हुनेतर्फ सचेत हुन सुझाव दिएको छ। चोरी-पैठारीले स्वदेशी उद्योगलाई निकै मर्का परिरहेको र यसबाट सरकारले राजस्वसमेत गुमाइरहेकाले भन्सार नाकाबाट हुने अनियमितता र भन्सार नाकाबाहिरबाट भइरहेको अनधिकृत आयात नियन्त्रणका लागि अन्तरसरकारी समन्वय प्रभावकारी बनाउनुपर्नेमा पनि जोड दिएको थियो।

छलफलमा सारडा ग्रुपका अध्यक्ष शिवरतन सारडाले सरकारले चाहे चोरी-पैठारी पूर्ण रूपमा नियन्त्रण हुने उदाहरणसहित बताएका थिए। 'म विशुद्ध उद्योगी-व्यापारी हुँ। मलाई कुनै दलविशेषको पक्षपोषण र राजनीतिक लाभ-हानिको कुरा गर्नु छैन। तर, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गृह मन्त्रालयको जिम्मेवारी लिँदाको छोटो समयमा भन्सार नाकाबाट हुने चोरी-पैठारी पूर्ण रूपमा बन्द भएको थियो,' सारडाले लामिछानेको कार्यकाल सम्झिँदै भने, 'प्रतिबद्धता र इच्छाशक्ति भए परिणाम दिन सकिँदो रहेछ भन्ने उदाहरणलाई वर्तमान सरकारले पनि गम्भीर रूपमा लिनुपर्‍यो।' लामिछाने गृहमन्त्री भएका वेला सीमा क्षेत्रमा प्रहरीको सक्रियता बढाएर भन्सार नाकामा हुने अनियमितता रोक्ने र चोरी-पैठारी बन्द गर्ने काममा सफलता हासिल गरेका थिए। उनी दुईपटक गरी करिब पाँच महिना उपप्रधान एवं गृहमन्त्री भएका थिए।

उद्योगमैत्री बजेटका लागि दिइएको सुझावको मुख्य अंश

औद्योगिक विकास रणनीति

- भ्याटमा ०, ५, १३ र १८ प्रतिशत राखेर बहुदर कायम गर्नुपर्ने, अहिले सबै वस्तु तथा सेवामा समान १३ प्रतिशत भ्याट लाग्ने व्यवस्था छ।
- भन्सार सन्दर्भपुस्तिका अभ्यास खारेज गरेर अनधिकृत आयात तथा व्यापार व्यवस्थापन गर्ने।
- कम्तीमा एक सयवटा गुणस्तर मापदण्ड बनाई आयात हुने वस्तुमा पनि कडाइका साथ लागू गर्ने।
- आयकर ऐनमा रहेको दोहोरो कर संशोधन गर्ने।

दीर्घकालीन नीति तर्जुमा

- एउटा नीति कम्तीमा १० वर्ष कायम हुनुपर्ने।
- आत्मनिर्भरतर्फ अग्रसर उद्योगहरूको संरक्षण गर्नुपर्ने, व्यवसायीलाई औद्योगिक क्षेत्र स्थापना गर्न दिने।
- तयारी वस्तु र कच्चा पदार्थको भन्सार कम्तीमा दुई तह फरक हुनुपर्ने, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन खारेज गरेर खुला गर्ने ऐन ल्याउनुपर्ने।

पूर्वाधार विकास र कृषि

- २० देखि ३० वर्षको राष्ट्रिय पूर्वाधार गुरुयोजना।
- पूर्वाधार विकास प्राधिकरण स्थापना हुनुपर्ने।
- ठेकेदारलाई पर्फर्मेन्स बन्ड, गुणस्तरीय कामको सुनिश्चिततालगायतमा कडाइ गरेर काममा लगाउने।
- ठुला पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई प्रोत्साहन।
- कृषि-वनपैदावर उद्योगलाई १० वर्षसम्म कर छुट।

ऊर्जा र पर्यटन

- निजी क्षेत्रलाई विद्युत् उत्पादन, प्रसारणलाइन निर्माण र विद्युत् व्यापार गर्न पाउनुपर्ने, स्वीकृतिप्राप्त सबै जलविद्युत् आयोजनाको पिपिए हुनुपर्ने।
- नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायांकन गन्तव्यका रूपमा विकास गरिनुपर्ने।
- नेपाल आउने पर्यटकलाई प्रवेशाज्ञालगायतको सेवा पूर्ण रूपमा अनलाइनबाट प्रवाह गर्ने नीति।

भारत-पाकिस्तान युद्धले एसियाको खाद्य सुरक्षामा खतरा

भारत विश्वको पहिलो र पाकिस्तान चौथो ठुलो चामल निर्यातकर्ता हुन्, दुवै देशले दक्षिण-पूर्वी र दक्षिण एसियाली राष्ट्रहरूलाई प्याज र अन्य आवश्यक खाद्यान्नसमेत उल्लेख्य परिमाणमा निर्यात गर्छन्

एजेन्सीको सहयोगमा

भारत-पाकिस्तान द्वन्द्वले एसियामा व्यापारिक अशान्ति र बढ्दो मूल्यको जोखिमलाई बल पुर्‍याएसँगै चामलसहितको खाद्यान्न आपूर्तिमा हुन सक्ने अवरोधले एसियाको खाद्य सुरक्षामा सबैभन्दा बढी खतरा देखिएको छ।

भारत र पाकिस्तानबिचको गहिरो द्वन्द्वले एसियाभरि खाद्य सुरक्षालाई खतरामा पार्ने विश्लेषकले चेतावनी दिइसकेका छन्। द्वन्द्वले व्यापारमा बाधा पुर्‍याउने र विश्वव्यापी वस्तुको मूल्यसमेत बढाउने भएकाले नेपालसहित आयातमा निर्भर देशहरूले चामल र अन्य खाद्यान्न आपूर्तिमा चिन्ता लिनुपर्ने अवस्था सिर्जना भएको छ। भारत विश्वको सबैभन्दा ठुलो चामल निर्यातकर्ता हो भने पाकिस्तान चौथो ठुलो निर्यातकर्ता हो। दुवै देशले आयातमा निर्भर दक्षिण-पूर्वी र दक्षिण एसियाली राष्ट्रहरूलाई प्याज र अन्य आवश्यक खाद्यान्नसमेत उल्लेख्य परिमाणमा निर्यात गर्छन्।

आणविक हतियारधारी प्रतिद्वन्द्वीबिचको कुनै पनि लामो द्वन्द्वले खाद्यवस्तुको आपूर्तिलाई कम गर्ने र मूल्य बढाउने जोखिमबाट दक्षिण एसियाली राष्ट्रहरू सबैभन्दा बढी प्रभावित हुनेछन्। यसका अलावा विशेष गरी मलेसिया, सिंगापुर र इन्डोनेसियामा व्यापार अवरोधको जोखिम छ।

मलेसियाका कृषि तथा खाद्य सुरक्षामन्त्री मोहम्मद साबुले भारत-पाकिस्तानको द्वन्द्व बन्दरगाह र व्यापारिक क्षेत्रमा फैलियो भने सबैभन्दा पहिला चामल आयातका लागि अन्य देशसँग सौदाबाजी सुरु गर्ने बताएका छन्। 'भारत र पाकिस्तानको राजनीतिक र आर्थिक स्थिरता मलेसियामा खाद्य सुरक्षाका लागि महत्त्वपूर्ण छ,' मोहम्मदले भने, 'यदि दुई देशबिचको युद्ध वा तनावले बन्दरगाह सञ्चालन वा डेलिभरी पूर्वाधारलाई असर गर्छ भने हाम्रो देशमा चामलको आयात अवरुद्ध हुन सक्छ।'

चामल दक्षिण-पूर्वी र दक्षिण एसियाली राष्ट्रभरि एक प्रमुख खाद्यान्न हो भने नेपालको प्रमख खाद्य बाली नै हो। नेपालसहित मलेसिया र इन्डोनेसियाले प्रतिव्यक्ति एक सय २० किलोग्राम चामल खपत गर्छन्। नेपालले भने वार्षिक ५६ लाख टनसम्म धान उत्पादन गरे पनि अपुग भएर वार्षिक ४० अर्बभन्दा बढीको चामल भारतबाट मात्रै आयात गर्दै आएको छ। त्यसैले भारतले चामलसहितको खाद्यान्न निर्यातमा लिने नीतिले नेपाली भान्सालाई सोझै असर पुर्‍याउँछ। नेपालले कुल खपतको झन्डै आधार परिमाण आयात गर्दै आएको छ। मलेसियाले पनि खपतको आधा परिमाण आयातबाटै धान्दै आएको छ। आयातमध्ये ४० प्रतिशत भारतमा निर्भर रहेको मलेसियाको कृषि मन्त्रालयले जनाएको छ।

सबैभन्दा ठुलो चामल निर्यातकर्ता भएकाले भारतको आक्रामक मूल्य निर्धारण प्रणालीले पछिल्ला वर्षहरूमा विश्वव्यापी रूपमा चामलको मूल्य बढ्ने विश्लेषण गरिएको छ। भारतपछि ठुलो चामल निर्यातकर्ता थाइल्यान्ड र भियतनामजस्ता प्रतिद्वन्द्वीले पनि प्रतिस्पर्धा गरेर मूल्य घटाउनुको सट्टा भारतीय लागतसँग मेल खाने नीति बनाउन थालेका छन्।



साताको बजार

सेयर कारोबार र सुनको मूल्य वृद्धि

सुन प्रतितोला एक लाख ९० हजार ८ सय



नयाँ पत्रिका

यो साता नेपाली बजारमा सुनचाँदीको मूल्य बढेको छ। साताको पहिलो दिन आइतबार तोलामा एक लाख ८४ हजार एक सय रहेकोमा सुनको भाउ साताको अन्तिम दिन शुक्रबार आइपुग्दा तोलामा एक लाख ९० हजार आठ सय कायम भएको छ। जुन तोलामा ६ हजार सात सय रुपैयाँ बढी हो।

पछिल्लो समय अमेरिकाको चीनसँगको व्यापार युद्ध यथास्थितिमा रहनु, ट्यारिफ दरहरू निषेधात्मक रूपमा उच्च रहेको साथै ट्रम्पको अमेरिकी आर्थिक सुधारको नीतिलगायत स्टक मार्केटमा सुधारको नीति, फेडेरल बैंकमा ब्याजदर कटौतीलगायतका कारणले अन्तर्राष्ट्रिय बजारमै सुनको मूल्यमा उतारचढाव हुँदै मूल्य उच्च भएको विश्लेषकको भनाइ छ। यो साता नेपाली बजारमा चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला एक हजार नौ सय १० रुपैयाँ रहेकोमा साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रतितोला एक हजार नौ सय ६० रुपैयाँ कायम भयो।

साताभरमा ३७.८१ अंकले बढ्यो नेप्से



नयाँ पत्रिका

साताभरमा सेयर बजार परिसूचक नेप्से ३७.८१ अंकले बढेको छ। साताको सुरुवाती दुई दिन ओरालो लागेको बजार मंगलबार र बुधबार बढ्यो। आइतबार २६२०.३९ विन्दुमा पुगेको बजार कारोबारको अन्तिम दिन बिहीबार भने बढेर परिसूचक २६६१.६४ विन्दुमा पुगेको छ।

लामो समयदेखि प्राथमिक सेयर निष्कासन (आइपिओ) स्वीकृति रोकिएर पाइपलाइनमा बसेका जलविद्युत् कम्पनीहरूको सेयर सूचीकृत हुने संकेत पाएसँगै जलविद्युत्मा लगानीकर्ताको आकर्षण बढ्दो छ। अर्थतन्त्रका सूचकहरूमा सुधार आएको सरकारी आँकडा बाहिरिन थालेसँगै पुँजी बजारमा पनि त्यसको प्रभाव परेको जानकारहरू बताउँछन्।

अन्तिम दिन बिहीबार परिसूचक खस्किए पनि सेयर कारोबार भने उच्च रह्यो। ११ अर्ब ४१ करोड रुपैयाँको सेयर किनबेच भएको थियो। बजार पुँजीकरण ४४ खर्ब २७ अर्ब कायम भएको छ।

गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/२७

यस **मधुगंगा सा.व.उ.स. दुधौली न.पा.०२, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको विभिन्न लटको १४०४.९० क्यू.फि गोलिया काठ र दाउरा ३.१ चट्टा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री मधुगंगा सा.त.उ.स., दुधौली न.पा. २ सिन्धुली

CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. **वित्तीय विवरण :**
कम्पनीको हिसाब किताबको लेखाङ्कन अनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२५) को २०८१ माघ १ देखि २०८१ चैत्र ३१ (जनवरी १४, २०२५ देखि अप्रिल १३, २०२५) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक बर्ष २०८१/०८२ को कम्पनीको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूची १ मा प्रस्तुत भए अनुसार रहेको। यस तेश्रो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको।

(ख) कम्पनीको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणको प्रमुख वित्तीय अनुपात :-

विवरण	यस आ.व.को तेश्रो त्रैमासिक अवधि (चैत्र ३१, २०८१ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (पौष २९, २०८१ को अन्त्यमा)	गत आ.व. को तेश्रो त्रैमासिक अवधि (चैत्र ३० २०८० को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.१३	१.१९	१.४४
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	०.०७	०.०४	०.०८
प्रति शेयर आम्दानी (रु)	७.०९	४.३३	७.०३
प्रति शेयर नेटवर्थ (रु)	१०२.४९	९९.७३	९२.०३
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	२३७.७२	२३८.८४	२३५.८२
प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु)	८५३.०१	८८३	८०८
प्राईस अर्निङ रेसियो (टाईम्स)	१२०.२६	२०३.७५	११४.८७
चालु अनुपात	३.१०	२.६५	३.१२

२. **व्यवस्थापकीय विश्लेषण :**
क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रयमासिक अवधि सम्मको आर्थिक गतिविधि मध्यम रहेको छ। कम्पनीको पछिल्लो आ.व.को अवधिको तुलनामा कुल आयमा कमी आएतापनि नियन्त्रित खर्च प्रणाली मार्फत कुल नाफामा स्थिरता सहितको वृद्धि कायम रहेको छ।
ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्याङ्क अनुसार हवाईमार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुदै आएको छ। यसका साथै यस अवधिमा स्थल मार्गबाट विषेशगरी भारतीय र बंगलादेशका पर्यटकहरूको उल्लेख्य मात्रामा आवागमन भएको छ। पर्यटकको आवागमनमा भएको वृद्धिले आगामी दिनमा यस कम्पनीका सेवाको उपभोगमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ।
ग) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्बितीय प्राकृतिक वातावरण तथा पर्यटकीय उपजहरूको प्रर्वद्धन गर्न विश्व पर्यटन बजारमा समेत कम्पनीको प्रचार प्रसार गरिएको छ। कम्पनीको रिसोर्टको अनलाइन बुकिंग तथा केवलकार टिकट खरिद सेवालाई थप सहज बनाई ग्राहक केन्द्रित सेवा प्रदान गरिएको छ। कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि समय समयमा विशेष छुटको प्याकेजहरूलाई निरन्तता दिंदै कम्पनीका शेयरधनीहरूका लागि कम्पनीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूमा विशेष छुटको व्यवस्था र स्थानीय वासिन्दालाई समेत विषेश सहुलियत प्रदान गरिएको छ।
घ) दक्ष कर्मचारीहरू मार्फत केवलकार सेवालाई शत्प्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि कम्पनी प्रतिबद्ध रहेको छ। अकस्मात आउने स-साना प्राविधिक समस्या समाधान गर्न अपनाउनु पर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सहि प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन। साथै कम्पनीले सुरक्षा निकायसंग समेत समन्वय गरी विपद व्यवस्थापन लगायतका काममा सहकार्य गर्दै आएको छ।
(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदैं आएको छ।
च) कम्पनीबाट रिसोर्ट परिसरमा पर्यटकहरूको सुविधा तथा आतिथ्यतालाई मध्यनजर गर्दै थप सुबिधा सहितका नयाँ संरचनाहरूको निमार्णका कार्य अगाडी बढाइएको छ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण :**
क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।
ख) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**
क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।
ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

तेश्रो त्रैमासिक अवधी २०८१ चैत्र (तदनुसार अप्रिल १३, २०२५)	शेयर कारोबार-मुल्य (रु)			कुल शेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
	९६७.८०	८५२.२०	८५३.०१	५६	१४,९१२	१५,८७,९१५

५. **समस्या तथा चुनौती :-**
(क) **समस्या तथा चुनौतीहरू :**
(अ) आन्तरिक
१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको।
(आ) वाह्य
१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव र सो बाट कम्पनीको कारोवारमा पर्ने असर।
२. देशमा विद्यामान अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरूबाट विषेशगरी पर्यटकीय क्षेत्रमा पर्न सक्ने प्रभाव।
५. पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा बाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु।
७. विदेशी विनियम दरमा आउने परिवर्तन।
(ख) रणनीति :
क) कम्पनीप्रति आम जनमानसको सकरात्मक धारणा, कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष रुपमा अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा वृद्धि हुनुका साथै रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर वृद्धि भैरहेको छ। आगामी दिनमा समेत गुणस्तरीय सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ।
ख) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिईएका उच्च प्राथमिकतालाई निरन्तरता दिईने छ।
ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रुपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गतिविधि संञ्चालन गरिदैं आएको छ। आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरू सहितको प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ। यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा वृद्धि हुने अपेक्षा गरिएको छ। यस किसिमको रणनितिलाई निरन्तरता दिईनेछ।

६. **संस्थागत सुशासन :-**
संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन:
(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ।
(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिदैं आएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति हुदैं संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ।
(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ।
घ) कर्मचारी विनियावली र नीति तथा आर्थीक नीति लगायतका संस्थाका विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिहरूलाई अनुसरण गर्दै कामकारबाही गर्दै आईरहेको छ। आन्तिरिक नियन्त्रण प्रणलीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति लगायत विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आइरहेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**
आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन।

अनुसुची १
Chandragiri Hills Limited
Kathmandu, Nepal
STATEMENT OF UNAUDITED FINANCIAL RESULTS
As on Chaitra 31, 2081 BS (April 13,2025 AD)

Particulars	Upto This Quarter ending on Chaitra 31, 2081 BS (April 13,2025 AD) Unaudited	Upto Previous Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Corresponding Previous Quarter ending on Chaitra 30, 2080 BS (April 12, 2024) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,974,559,219	2,997,732,842	2,990,641,295
(ii) Intangible Asset	3,836,867	4,176,233	2,852,421
(iii) Capital Work in Progress	7,828,814	7,579,814	13,289,367
(iv) Right of Use of Asset	39,834,235	43,948,057	43,033,874
(b) Long term Investment	325,700,000	315,700,000	315,700,000
Deferred tax asset			
Total of Non- Current Asset	**3,351,759,134**	**3,369,136,945**	**3,365,516,958**
Current Assets			
(a) Inventories	58,734,647	48,220,827	38,046,751
(b) Account Receivables	29,096,978	30,358,789	27,154,326
(c) Cash & Cash Equivalent	38,386,328	60,528,013	90,564,132
(d) Loans & Advances	144,749,165	121,008,979	71,573,799
(e) Other Current Assets	24,161,582	34,715,248	24,914,121
Total of Current Asset	**295,128,700**	**294,831,855**	**252,253,129**
Total Asset	**3,646,887,834**	**3,663,968,800**	**3,617,770,087**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	38,132,916	(4,195,764)	(122,241,280)
Total Equity, Reserve and Surplus	1,572,223,916	1,529,895,236	1,411,849,720
Non- Current Liabilities			
(a) Long-term borrowings	1,780,308,258	1,822,850,826	2,031,257,848
(b) Deferred Tax Liabilites	147,444,531	147,444,531	43,914,615
(c) Lease Liability	51,825,592	52,533,776	50,006,632
Total of Non-Current Liabilities	**1,979,578,381**	**2,022,829,133**	**2,125,179,095**
Current Liabilities			
(a) Duties & Taxes	27,897,424	21,489,048	9,722,219
(b) Account payable	39,318,992	30,419,215	24,345,212
(c) Other Current Liabilities	27,869,122	59,336,168	46,673,840
Total of Current Liabilities	**95,085,538**	**111,244,431**	**80,741,272**
Total Equity and Liabilities	**3,646,887,834**	**3,663,968,800**	**3,617,770,087**

STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED on Chaitra 31, 2081 BS (April 13,2025 AD)

Particulars	Upto This Quarter ending on Chaitra 31, 2081 BS (April 13,2025 AD) Unaudited	Upto Previous Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Corresponding Previous Quarter ending on Chaitra 30, 2080 BS (April 12, 2024) Unaudited
Revenue from Operation	635,108,308	422,537,743	697,372,246
Cost of sales	87,803,060	55,521,567	90,486,950
Gross Income	**547,305,248**	**367,016,176**	**606,885,297**
Other Income	3,886,513	2,442,943	8,683,843
Expenses			
Employee Benefits Expenses	131,335,395	88,320,162	121,698,186
Administrative and Other Expenses	83,368,615	52,100,599	95,606,856
Total Expenses	**214,704,009**	**140,420,761**	**217,305,042**
Profit Before Interest, Depreciation and Tax	**336,487,752**	**229,038,358**	**398,264,098**
Finance costs	123,079,936	87,365,889	182,962,312
Profit Before Depreciation and Tax	**213,407,817**	**141,672,469**	**215,301,786**
Depreciation and Amortization Expenses	82,731,305	53,324,636	83,071,521
Profit before extra ordinary items and taxes	**130,676,512**	**88,347,832**	**132,230,265**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	21,865,455	21,865,455	24,320,025
Profit (Loss) for the period from continuing operations	**108,811,057**	**66,482,377**	**107,910,240**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**108,811,057**	**66,482,377**	**107,910,240**
Earning per equity share:			
Basic Earning per share	7.09	4.33	7.03
Diluted Earning per share	7.09	4.33	7.03

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.नं. १७/०६९/०७०
शनिबार २७ वैशाख ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

भारत-पाकिस्तान द्वन्द्व

आइपिएल एक सातालाई स्थगित

आइपिएलका १६ खेलअघि भारत र पाकिस्तानबिच द्वन्द्व चर्किएपछि बाँकी खेल रोकिए

एजेन्सी / दुई छिमेकी राष्ट्र भारत र पाकिस्तानबिचको द्वन्द्वका कारण इन्डियन प्रिमियर लिग (आइपिएल) २०२५ का खेल एक साताका लागि स्थगित भएको छ। शुक्रबार भारतीय क्रिकेटको सर्वोच्च निकाय बिसिसिआईले आइपिएल २०२५ का फाइनलसहित बाँकी १६ खेल तत्काललाई एक साताका लागि रोकेको छ। यसैबिच पाकिस्तानले पनि पाकिस्तान सुपर लिग (पिएसएल) युएईमा सारेको छ।

पहलगामको आक्रमणपछि दुई देशले एक-अर्कालाई रकेट आक्रमण गर्न थालेका छन्। बिहीबार राति आइपिएलको ५८औँ खेल धर्मशालामा भएको थियो। पन्जाब किंग्स र दिल्ली क्यापिटल्सबिचको खेल १०.१ ओभरपछि रद्द गरियो। खेल भइरहँदा फ्लड लाइट बन्द गर्नुपरेको थियो। आइपिएलअन्तर्गत शुक्रबार लखनउमा लखनउ सुपर जायन्ट्स र रोयल च्यालेन्जर्स बेंगलुरुबिच हुने तय थियो। तर, बिहीबारको घटनापछि बिसिसिआई प्रतियोगिता एक साता सार्न बाध्य भएको हो।

यसैबिच भारतमा खेल्न आएका विभिन्न देशका खेलाडीले आफ्नो देश फर्कन चाहेका छन्। भारतीय सञ्चारमाध्यमका अनुसार सहभागी टिमले पनि खेलाडीलाई घर फर्काउन तयार भएको बताइन्छ। त्यस्तै, अगस्टमा भारत र बंगलादेशबिच हुने भनिएको खेल पनि रद्द हुने देखिएको छ। बिसिसिआई यसअघि सन् २००९, २०१४, २०२० र २०२१ मा पनि आइपिएलका खेल देशबाहिर खेलाएका कारण आगामी खेल पनि भारतबाहिर लैजाने योजनामा छ। स्थगित आइपिएलमा १० मध्ये तीन टिमको प्लेअफ सम्भावना समाप्त भइसकेको छ। चेन्नई सुपर किंग्स, राजस्थान रोयल्स र सनराइजर्स हैदराबादको आशा सकिँदा बाँकी सात टिमको भने आशा बाँकी छ। १८औँ आइपिएलको प्लेअफ सम्भावना बाँकी रहेका टिम यस्ता छन् :

● गुजरात टाइटन्स

अंक : १६, स्थान- १



गुजरात टाइटन्सले आइपिएल २०२५ मा तीन खेल बाँकी रहँदा शीर्ष स्थान कब्जा गरेको छ। शुभमन गिलको कप्तानीमा टिमले अब चेन्नई, लखनउ सुपर जायन्ट्स र दिल्लीसँग खेल्न बाँकी छ। टोलीले हालसम्म ११ खेल खेल्दा आठ जित र तीन हार व्यहोर्दै १६ अंक जोडेको हो। टोली पहिलो खेलमा पन्जाब किंग्ससँग ११ रनले पराजित भयो। तर, त्यसपछिका चार खेलमा जित निकाल्न सफल भएको थियो। फेरि लखनउ सुपर जायन्ट्सँग पराजित हुँदा दिल्ली र कोलकातालाई नै हरायो। त्यसपछि राजस्थानसँग पराजित हुँदा पछिल्लो दुई खेलमा सनराइजर्स हैदराबादलाई ३८ रन र मुम्बई इन्डियन्सलाई तीन विकेटले हराएको हो। जारी लिगमा साई सुदर्शनले ५०९ रन र गिलले ५०८ रन बनाउँदा प्रसिद्ध कृष्ण २० विकेट लिन सफल भएका छन्।

● रोयल च्यालेन्जर्स बेंगलुरु


अंक : १६, स्थान- २



शीर्ष स्थानको गुजरातसँग समान १६ अंक भए पनि रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी) आइपिएलमा नेटरन रेटका आधारमा दोस्रो स्थानमा छ। टोलीले ११ मध्ये आठ खेलमा जित निकालेको छ। तीन बराबरी खेल्दा १६ अंक जोड्यो। पूर्वकप्तान विराट कोहली ५०५ सहित सर्वाधिक रन बनाउनेको पाँचौं स्थानमा छन्। बलिडतर्फ जस हेजलबुडले १८ विकेटसहित तेस्रो स्थान कब्जा गरेका छन्। आरसिबी पछिल्लो चार खेलमा अपराजित यात्रा कायम राख्न सफल भएको छ। अब टोलीले लखनउ, हैदराबाद र कोलकातासँग खेल्न बाँकी रहेको छ। यसअघि टोलीले पन्जाब, दिल्ली र गुजरातसँग मात्रै हार व्यहोरेको छ।

● पन्जाब किंग्स

अंक : १५, स्थान- ३



११ मध्ये सात जित र तीन बराबरी खेलेको पन्जाब किंग्स १५ अंकसहित तालिकाको तेस्रो स्थानमा छ। अब टोलीले राजस्थान, मुम्बई र दिल्लीमध्ये दुई टोलीलाई जितेपछि प्लेअफ पक्का गर्नेछ। यसअघिका खेलमा टोलीले लखनउ र चेन्नईलाई पराजित गरेको थियो। टोलीको यात्रामा प्रवसिमरन सिंहले ४८७ रन बनाएका छन्। उनले १२ इनिङ्समा पाँचपटक अर्धशतक बनाउँदा धेरै रन बनाउनेको सूचीमा छैटौँ स्थानमा छन्। यस्तै, प्रिन्स आर्याले ४१७ रन बनाएका हुन्। पन्जाबका अर्शदीप सिंहले १६ विकेट लिँदै आफूलाई उच्च विकेटकर्ताको सूचीको छैटौँ स्थानमा उभ्याएका छन्।

● मुम्बई इन्डियन्स

अंक : १४, स्थान- ४



मुम्बई इन्डियन्स आइपिएलको सदावहार उपाधि दाबेदार हो। यसपटक पनि टोलीले उपाधि दाबेदारीमा चुनौती दिइरहेको छ। १२ खेल खेल्दा टोली सात जित र पाँच हारपछि १४ अंक जोडेर चौथो स्थानमा रह्यो। अब टोलीले बाँकी दुई खेलमा दिल्ली र पन्जाबलाई हराउनुपर्नेछ। यदि एक हारले पनि मुम्बईको सम्भावना कमजोर बन्नेछ। पछिल्लो खेलमा गुजरातसँग तीन विकेटले पराजित भएपछि मुम्बईको सम्भावना कमजोर बनेको थियो। सुरुका पाँचमध्ये चार खेलमा पराजित भएपछि दबाबमा आएको मुम्बईले पछिल्ला सातमध्ये ६ खेलमा जित निकाल्न सफल भएको थियो। मुम्बईका सूर्यकुमार यादवले ५१० रन बनाउँदै धेरै रन बनाउनेको सूचीमा शीर्ष स्थानमा छन्।

● दिल्ली क्यापिटल्स

अंक : १३, स्थान- ५



सुरुका चार खेलमा लगातार जित निकाल्दै दिल्ली क्यापिटल्सले बलियो चुनौती पेस गरेको थियो। तर, त्यसपछिका ६ खेलमा मात्र दुई जित निकालेपछि टोलीको प्रदर्शन घट्दै गयो। पछिल्ला दुई खेलमा भने टोली अभागी रह्यो। दुवै खेलमा अंक बाँड्न बाध्य भयो। टोलीले आगामी दुई खेलमा मुम्बई र गुजरातसँग खेल्दै छ। यो दुवै खेल टोलीले जितेर पनि प्लेअफ पुग्ने अवस्था छैन। सुरुका चारमध्ये कुनै टिमले हार पनि व्यहोर्नुपर्नेछ। दिल्लीका लागि यो सिजनमा मिचल स्टार्कले १४ विकेट लिएका छन्। केएल राहुल ३८१ रन बनाउन सफल भएका हुन्।



● कोलकाता नाइट राइडर्स

अंक : ११, स्थान- ६

साबिक विजेता कोलकाताका लागि यो सिजन खासै प्रभावकारी रहन सकेको छैन। टोलीको प्रदर्शन औसत छ। १२ खेल खेलिसक्दा टोली प्लेअफको संघारमा छ। अब बाँकी दुई खेलमा आरसिबी र हैदराबादलाई हराएर मात्रै पुग्दैन, अन्य टोलीको नतिजासमेत कुर्नुपर्नेछ। टोली यसपटक पहिलो खेलमै आरसिबीसँग सात विकेटले पराजित भएको थियो। त्यसपछि मुम्बई, लखनउ, पन्जाब र गुजरातसँग पराजित भएको हो। टोलीका कप्तान अजिन्या रहानेले १२ इनिङ्समा मात्र ३७५ रन बनाएका छन्। यता, बलिडतर्फ बरुन चक्रवर्तीले १७ विकेटसहित उच्च विकेटकर्ताको पाँचौं स्थानमा आफूलाई उभ्याएका छन्।



● लखनउ सुपर जायन्ट्स

अंक : १०, स्थान- ७

लखनउ सुपर जायन्ट्सको प्लेअफ पुग्ने सम्भावना अझै बाँकी छ। टोलीको अंकगणितीय सम्भावना अझै छ, तर निकै कठिन पनि। लखनउले ११ खेल खेल्दा मात्र पाँच जित निकाल्यो। ६ खेलमा पराजित हुँदा १० अंकसहित सातौं स्थानमा रहेको छ। अब टोलीले बाँकी तीन खेलमा आरसिबी, गुजरात र हैदराबादलाई हराउनैपर्ने अवस्था छ। तर, टोलीले पछिल्ला तीन खेलमा पराजित हुँदा दबाबमा पनि उत्तिकै छ। यसअघि टोलीले सुरुका ६ मध्ये चार खेल जितदै उत्कृष्ट सुरुवात गरेको थियो। तर, त्यो लयलाई कायम राख्न नसक्दा प्लेअफका लागि निकै संघर्ष गर्नुपरेको छ।

एन्फा साधारणसभा

अदालतको आदेशविपरीत पूर्वअध्यक्ष थापालाई सहभागी गराइएन

रमेश सुवेदी / नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को शुक्रबार भएको नियमित साधारणसभामा पूर्वअध्यक्ष गणेश थापालाई प्रवेशमा रोक लगाएपछि स्थिति निकै विवादास्पद बन्यो। साधारणसभामा उपस्थित हुन पाउने उच्च अदालत पाटनको आदेशसहित काभ्रेको धुलिखेल नगरपालिकाको हलभित्र प्रवेश गर्ने योजनामा रहेका थापालाई एन्फाले कार्ड नै उपलब्ध गराएन। हलभित्र प्रवेश गर्न एन्फाले आफूले जारी गरेको कार्ड अनिवार्य गरेको थियो।

दश वर्ष (१६ अप्रिल २०१५ देखि १५ अप्रिल २०२५) को फिफा प्रतिबन्ध फुकुवापछि थापा सहित स्मारक 'बी' डिभिजन लिग क्लब आरसी ३२ को प्रतिनिधि बन्दै साधारणसभामा पुगेका थिए। साथमा काठमाडौं जिल्ला फुटबल संघका सदस्य गौरव थापा पनि थिए। गौरवलाई पनि एन्फाले कार्ड नै उपलब्ध गराएन। कार्ड हातमा नपरेपछि थापाले आफूलाई अदालतले साधारणसभामा उपस्थिति हुन गरेको आदेश देखाए। गेटमा थापालाई रोक्न डिएसपीको नेतृत्वमा एक सय प्रहरी परिचालन गरिएको थियो।

थापाले आफूसँग भएको अदालतको आदेश देखाएपछि गेटमा रहेको प्रहरी टोली हच्किएको थियो। यद्यपि, एन्फाले काभ्रे जिल्लासँग समन्वय गरेर कडा सुरक्षा व्यवस्था गरेपछि थापाले एक घण्टाभन्दा बढी प्रयास गरे पनि सभाहलमा प्रवेश गर्न पाएनन्। थापालाई एन्फा कार्यसमितिका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का, उपाध्यक्ष विराटजंग शाही र सदस्यद्वय रवीन्द्र चन्द र रूपेश अधिकारीले साथ दिएका थिए। उनीहरूले अदालतको आदेश एन्फा नेतृत्वले मान्नुपर्ने र आफूहरू त्यसको भागीदार नबन्ने दाबी गरिरहेका थिए।

पूर्वअध्यक्ष थापाले भने, 'कि त मलाई समाहलमा प्रवेश दिनुपऱ्यो, कि त अदालतको आदेश मान्दिन भन्नुपऱ्यो,' भन्दै नारा लगाएका थिए। उनले अध्यक्ष नेम्वाङविरुद्ध नाराबाजी पनि गरेका थिए। थापाले अदालतको आदेश अवज्ञा भएको भन्दै पुनः उजुरी गर्ने तयारी गरेका छन्। यता, अध्यक्ष नेम्वाङले नयाँ पत्रिकासँग बोल्दै थापालाई फिफाले गरेको फुकुवाको आदेश एन्फालाई हात नपरेका कारण सभाहलमा प्रवेश गर्न रोकेको बताए।



मुख्य अतिथि लुसुक्क सभाहलमा

विवादका कारण उद्घाटन समारोहका मुख्य अतिथि राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव सभाहलमा लुसुक्क प्रवेश गर्नुपर्ने अवस्था आयो। थापाको समूहले घिसिङलाई मुख्यद्वारमा रोक्ने अवस्था देखेपछि एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राईले घिसिङलाई सभाहलको पछाडिको गेटबाट लुकाएर कार्यक्रमस्थल पुऱ्याएका थिए। कार्यक्रम उद्घाटन गर्न पानसमा बत्ती बाल्न लागेका सदस्यसचिव घिसिङलाई एन्फा वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काले रोकेका थिए। अध्यक्ष नेम्वाङले वरिष्ठ उपाध्यक्ष खड्कालाई हटाएपछि राखेप अध्यक्ष घिसिङले पानसमा बत्ती बालेर साधारणसभा उद्घाटन गरे। तर, खड्का रोकिएनन्। यता, उद्घाटन सत्रपछि सभाहलको पछाडिबाट पार्किङ हुँदै काठमाडौं फर्किँदै गरेका घिसिङलाई पूर्वअध्यक्ष थापाले बाटोमै रोकेरै ज्ञापनपत्र बुझाएका थिए।

यसअघि एन्फाले साधारणसभामा आफूलाई रोक्ने दाउ पाएपछि पूर्वअध्यक्ष थापाले साधारणसभामा भाग लिन पाउनुपर्ने मागसहित उच्च अदालत पाटनमा रिट दायरा गरेका थिए। २१ वैशाखमा उच्च अदालत पाटनका न्यायाधीश सुदर्शनदेव भट्टको एकल इजलासले थापालाई नरोक्न आदेश थिएको थियो। तर, आदेश रोक्न एन्फाले भ्याकेटको निवेदन दिएको थियो। तर, उच्च अदालतले एन्फालाई भ्याकेट दिन अस्वीकार गरेपछि थापा आदेशसहित धुलिखेल पुगेका थिए।

एन्फाको वार्षिक बजेट डेढ अर्बमाथि

एन्फाको साधारणसभाले सन् २०२५ का लागि एक अर्ब ५६ करोड ३२ लाख नौ हजार चार सय ५० रुपैयाँ बजेट अनुमोदन गरेको छ। यो गत वर्षको भन्दा बढी हो। अघिल्लो वर्ष फिफाबाट प्राप्त अनुदानमध्ये पूर्वाधारतर्फको ४७ करोड ७६ लाख ७१ हजार पाँच सय ४२ रुपैयाँ बजेट यसपटकलाई सारिएको छ। गत वर्षको फिफा र एएफसीको भौतिक पूर्वाधारको खर्च गर्न नसकेको बजेटलाई यो वर्ष निरन्तरता दिएको र सो बजेटसमेत जोडिँदा बजेटको आकार ठुलो भएको हो।

पोखरा स्पोर्टस् अवार्ड

विश्वास र अरुणा उत्कृष्ट



कास्कीमा **रोहितराज पराजुली**

भलिबलका विश्वास अधिकारी र भलिबलकै अरुणा शाही (म्याग्दी) पोखरा स्पोर्टस् अवार्डको वर्ष उत्कृष्ट खेलाडी घोषित भएका छन्। शुक्रबार पुरुषतर्फ नवलपुरका विश्वास र महिलातर्फ म्याग्दीकी अरुणा उत्कृष्ट भएका हुन्।

अरुणा नेपाल राष्ट्रिय भलिबल टोलीकी कप्तानसमेत हुन्। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा भएको प्रतियोगितामा विश्वासले फुटबलका सुमित श्रेष्ठ (कास्की) र टेनिसका प्रदीप खड्का (कास्की)लाई पछि पारेका हुन्। अरुणाले फेन्सिङकी कृपा गुरुङ (स्याङ्जा) र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर (बागलुङ)लाई पछि पार्दै अवार्ड हात पारेकी हुन्।

कार्यक्रमअन्तर्गत ओलम्पियन भगवती खत्री केसीले लाइफटाइम अचिभमेन्ट अवार्ड हात पारिन्। बागलुङ घर भएकी सुटिङकी भगवतीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई विभिन्न पदक हात पारिसकेकी छिन् भने ०५१ सालदेखि गण्डकी प्रदेशमा सुटिङ प्रशिक्षकका रूपमा खेलाडीलाई निःशुल्क प्रशिक्षण दिँदै आएकी छिन्।

● रचना उदीयमान र तामाङ उत्कृष्ट प्रशिक्षक

उदीयमान खेलाडीको अवार्ड क्रिकेटकी रचना चौधरी (कास्की)ले हात पारेकी छिन्। रचनासँगै मनोनयनमा भलिबलका जितबहादुर सार्की (स्याङ्जा) र एथलेटिक्सका बादल कार्की थिए। उत्कृष्ट प्रशिक्षकको अवार्ड फुटबलका राजेन्द्र तामाङ (कास्की)ले हात पारे। तामाङले टेनिसका नीरज थापा (कास्की) र भलिबलका रमेश केसी (स्याङ्जा) लाई पछि पारेका थिए।

यसैगरी, उत्कृष्ट खेलकुद संस्थाको अवार्ड म्याग्दी जिल्ला भलिबल संघले हात पाऱ्यो। भलिबलका लागि उर्वर भूमि म्याग्दीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडीसँगै प्रशिक्षक, रेफ्री उत्पादन गरिसकेको संघ ०६१ सालमा गठन भएको हो।

सात विधामध्ये वर्ष उत्कृष्ट पत्रकारिता अवार्ड विजय नेपालले हात पारे। वितरण गरिएका सात अवार्डमध्ये लाइफटाइम अचिभमेन्ट अवार्ड पाउनेले चाँदीको करुवा पाए। वर्ष खेलाडी पुरुष र महिलाले स्कुटर, वर्ष उत्कृष्ट उदीयमान खेलाडी, प्रशिक्षक, पत्रकार र खेलकुद संघ-संस्था र क्लबले नगद ३५ हजार हात पारेका छन्।


कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा खेलकुदमन्त्री विन्दुकुमार थापा, विशेष अतिथि पोखरा महानगरपालिका मेयर धनराज आचार्य, राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्य, आयोजक मञ्चका अध्यक्ष एमबी आस्था मगरलगायतले विजेतालाई अवार्ड वितरण गरेका थिए।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट

यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Khani Khola Hydropower Company Ltd.
Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: khanikhola.hpcl@gmail.com, Website: www.kkhpcl.com.np

Unaudited Financial Statement for the Third Quarter Ended 31 Chaitra 2081

Statement of Financial Position as on 31 Chaitra, 2081

Amount in NRS.

Particulars	This Quarter Ending Chaitra End 2081	Previous Quarter Ending Poush End 2081	Corresponding Previous Year Quarter Ending Chaitra 2080
Equity and Liabilities			
Equity Share Capital	465,714,300	465,714,300	465,714,300
Retained Earnings	(139,877,448)	(107,657,498)	(69,795,647)
Medium and Long Term Loan			
Long Term Loans	744,230,046	781,365,765	774,906,406
Current Liabilities			
Short Term Loans	166,436,882	70,167,000	38,000,000
Trade and Other Payables	112,199,652	110,442,873	144,787,570
Equity and Liabilities	**1,348,703,432**	**1,320,032,440**	**1,353,612,629**
Assets			
Non Current Assets			
Property, Plant & Equipments	885,531,515	895,092,046	923,653,991
Investment	8,000	8,000	8,000
Current Assets			
Advances, Deposits & Receivables	449,192,249	424,627,165	423,369,867
Cash & Cash Equivalents	13,971,668	305,230	6,580,771
Total Assets	**1,348,703,432**	**1,320,032,440**	**1,353,612,629**

Statement of Profit or Loss and Other Comprehensive Income for the period ended on 31 chaitra, 2081

Particulars	This Quarter Ending Chaitra End 2081	Previous Quarter Ending Poush End 2081	Corresponding Previous Year Quarter Ending Chaitra 2080
Revenue	**56,043,456**	**56,043,456**	**117,397,085**
Sale of Energy	56,043,456	56,043,456	117,397,015
Interest Income	-	-	70
Other Income	-	-	-
Expenses	**19,653,071**	**14,714,939**	**21,378,953**
Administrative Expenses	19,653,071	14,714,939	21,378,953
Operating Profit/ (Loss)	**36,390,385**	**41,328,517**	**96,018,131**
Bank Interest expenses	56,516,173	38,794,886	70,963,239
Depreciation	29,087,644	19,527,113	29,851,309
Profit / (Loss) before Tax and Bonus	**(49,213,432)**	**(16,993,483)**	**(4,796,417)**
Profit/ (Loss) before Tax	**(49,213,432)**	**(16,993,483)**	**(4,796,417)**
Less: Tax	-	-	-
Net Profit/ (Loss)	**(49,213,432)**	**(16,993,483)**	**(4,796,417)**

Third Quarter Disclosure as of 31 Chaitra 2081 (13 April 2025) As per securities registration and issuance regulation Annex-XIV

1. **Financial Statements**

Financial Highlights	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Basic Earning Per Share	(10.57)	(3.65)	(1.03)
Market Value Per Share (in Rs)	341.4	397.80	249.0
Net worth Per Share (in Rs)	69.96	76.88	85.01
Price Earning (P/E Ratio)	(32.30)	(109.02)	(241.77)
Current Ratio	4.13	3.85	2.35

२. **व्यवस्थापकिय विश्लेषण:**
यस संस्थाको मौज्दात तथा तरलतामा उल्लेखनिय परिवर्तन छैन। कम्पनीको व्यवसायिक योजना अनुसार कार्यहरु हुदैछन्। २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले आयोजनामा परेको क्षतिले आयोजना बन्द रहेको हुँदा आम्दानीमा असर परेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
यस संस्थाले वा संस्थाको, संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध तथा आर्थिक अपराध गरेको सम्बन्धी कुनै कानुनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या यस प्रकार छ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मुल्य (रु)	शेयरको अन्तिम मुल्य (रु)	कारोबार भएको कुल दिन	कारोबार संख्या (शेयर संख्या)	(Sources) http.//nepalstock.com.np
४२९.३०	३२४.००	३४१.२५	५६	२,७६८,९६१	

५. **समस्या, चुनौती:**
पुर्वानुमान भन्दा बाहिर हुने दैविप्रकोपको सामना गर्नु पर्ने चुनौती सदा रहिरहने छ। कम्पनीले निर्माण गरेको आयोजनाहरुबाट उत्पादित विद्युत जोड्ने मातातिर्थ-माल्टा ३३ के भी प्रसारण लाईनको निर्माण कार्य नेपाल विद्युत प्राधिकरणले समयमा सम्पन्न नगरेकोले नेविप्राको प्रथम वैकल्पीक व्यवस्था RCOD पश्चात २ वटा ११ के भी वितरण लाईन मार्फत विद्युत प्रवाह गर्दा एक तिहाई भन्दा कम विद्युत मात्र प्रवाह भै आयोजनालाई नोक्सानी भैरहेकोमा पुनः नेपाल विद्युत प्राधिकरणको दोस्रो वैकल्पीक व्यवस्था अनुसार मिति २०७६ फागुन २० बाट माण्डुको स्वीचयार्डबाट कुलेखानी १ मा विद्युत प्रवाह गर्दा आयोजनाबाट उत्पादन भएको करिब ९० प्रतिशत विद्युत प्रवाह भईरहेकोमा नेपाल विद्युत प्राधिकरणले माण्डुको स्वीचयार्डमा अपरेड गर्ने कार्य सम्पन्न गरिसकेको हुँदा हाल आयोजनाबाट उत्पादन हुने सम्पूर्ण विद्युत नेशनल ग्रिडमा प्रवाह भैरहेता पनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले खोलाको वहावमा आउन सक्ने उतार चढावले विद्युत उत्पादनको परिमाणमा असर पर्न सक्नेछ। **गत २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढिले संचालनमा रहेको दुबै आयोजनहरु (दुंगुन ठोस्ने-४.३६ मे.वा. र खानीखोला-२ मे.वा.) को दुईबटै ड्याम, हेडरेस पाईप, पेनस्टक पाईप, दुईवटै पावर हाउस, स्वीचयार्ड र ट्रान्समिसन लाईनमा क्षति पुराएकोले हाल दुबै आयोजनाहरुको उत्पादन बन्द रहेको छ। हाल दुबै आयोजनहरुको बाढीले क्षती पुराएको संरचनाहरुको मर्मत भईरहेको र सक्दो चाँडो मर्मत गरि दुबै आयोजनाहरु पून संचालन गर्ने कार्यहरु भैरहको छ।**

६. **संस्थागत सुशासन:**
कम्पनीको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिति सदा प्रतिवद्ध रहेको छ। प्रचलित कानुन र नियमन निकायबाट जारी भएका सुशासन सम्बन्धी व्यवस्थाहरु तथा निर्देशिकाहरु पूर्णरुपमा पालना गरीएको छ। कम्पनी ऐन २०६३ को प्रावधान बमोजिम लेखा परिक्षण समिति गठन गरिएको छ आन्तरिक लेखा परिक्षणको व्यवस्था छ।

७. **कार्यकारी प्रमुखको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन्, भनि विश्वास लिएको छु र लगानीकताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरामा पनि विश्वस्त छु।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com